# अध्याय एक

# शोधप्रस्ताव

## १.१ शोधशीर्षक

शोधपत्रको शीर्षक "ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन" रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, स्नाकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमअनुसार दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

कुनै पनि साहित्यको विकास हुन साहित्यिक स्रष्टा र उनीहरूको रचना नै हुन आउँछ । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, साजनीति आदिसँग हुने भएकोले साहित्यिक व्यक्तित्वको जीवनी र कृतित्वबाट सामाजिक, साँस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ । व्यक्ति विशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचनालाई जीवनी भनिन्छ । शेलीले भनेजस्तै कविहरूले सर्वसाधारण दुनियाँलाई उच्च आदर्श दर्शाई यो संसारका नियमहरू समेत बाँधी सबैलाई धर्मको मार्ग देखाउँछन् । यिनै योगदानको कदर गर्न यहाँ चितवन जिल्ला गीतानगर गा.वि.स. २, का ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्वको अध्ययन गरिएको छ ।

वि.सं. २०११ असोज २८ गते लमजुङ अलैंचेमा जन्मेका ध्रुवकिरण रेग्मी चितवनका प्रबुद्ध र सशक्त साहित्यकार हुन । विद्यालयीय जीवनकालदेखि नै साहित्य सिर्जनामा लागेका रेग्मीले विशेष गरी कविता विधामा कलम चलाएका छन् । उनका प्रकाशित प्रमुख कृति यसप्रकार छन् :

| क्र.सं. | कृतिहरू | विधा | प्रकाशन साल | प्रकाशक |
|---|---|---|---|---|
| १ | नारी-पीडा | कविता सङ्ग्रह | २०५२ | श्रीमती चीजा रेग्मी |
| २ | दरिद्रताको परिवेश | ” | २०६२ | साहित्य सङ्गम चितवन |
| ३ | अशान्तिले जन्माएको सेतो चोली | गीतिसङग्रह | २०६४ | शान्ता अधिकारी |
| ४ | मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी | कविता सङ्ग्रह | २०६५ | सुमन अधिकारी |
| ५ | राप्तीको सेरेफेरो, काँसघारीदेखि पिडेनी सम्मका म र गौरी | गोठाले स्मरण | पकाशोन्मुख | |

उल्लिखित कृतिहरूलाई आधार मान्दा ध्रुवकिरण रेग्मी जिल्लाका एक प्रभावशाली साहित्यिक व्यक्तित्व भएको पुष्टि हुन्छ । आजसम्म पनि उनको व्यवस्थित अध्ययन नभएकाले यस शोधपत्रमा ‘साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व विषय शीर्षक चयन गरेर अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

जवसम्म साहित्यिक सर्जकको व्यक्तित्वको खोजी हुँदैन तबसम्म ती स्रष्टाहरूको योगदानको मूल्याङ्कन हुन सक्दैन । सिर्जनशील साधकहरूलाई सम्मान नगरेसम्म साहित्यको विकास पनि हुँदैन । त्यसैले यहाँ नेपाली साहित्यमा अमूल्य योगदान दिएका ध्रुवकिरण रेग्मीको अध्ययनको प्रयास गरिएको छ । यसका लागि ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व शीर्षकमा समस्याकथन यसप्रकार रहेका छन् :

क) ध्रुवकिरण रेग्मीको जीवनीको साथै व्यक्तित्व कस्तो छ ?

ख) उनी नेपाली साहित्यमा कसरी आएका हुन् ?

ग) नेपाली साहित्यमा उनले के कस्ता योगदान दिएका छन् ?

घ) उनको साहित्य यात्रामा रचना भएका कृतिहरूको प्रमुख प्रवृति के रहेको छ ?

उपर्युक्त समस्यामा केन्द्रित रही शोधपत्रमा साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिनेछ ।

## १.५ शोधपत्रको उद्देश्य

अनेकौं प्रतिभाहरूले साहित्य सिर्जनामा दिएको अमूल्य योगदानले नै राष्ट्रको साहित्यिक अस्तित्व बाँचेको हुन्छ । देशको सभ्यता, संस्कृतिको परिचय गराउन यस्ता साहित्यिक स्रष्टाको देन महत्वपूर्ण हुन्छ । साहित्य तथा वाङ्मय नै राष्ट्रको गर्व भएकाले साहित्यिक सर्जकहरूको अध्ययन अनुसन्धान हुनु आवश्यक हुन्छ । यस्ता कुनै स्रष्टा प्रचार प्रसारमा आउने सुअवसर पाएका हुन्छन् भने कोही यसको अभावमा ओझेलमा परेका हुन्छन् । यस क्रममा नेपाली साहित्यको क्षेत्रमा लामो समयदेखि निरन्तर सेवा र साधना गर्दै आएका ध्रुवकिरण रेग्मीको साहित्यिक योगदानको मूल्याङ्कन गर्ने उद्देश्यले शोधकार्य गरिएको छ । यसका लागि उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने मुख्य उद्देश्यसँग सम्बन्धित निम्न उद्देश्यहरू शोधपत्रमा रहेका छन् :

क) ध्रुवकिरण रेग्मीको जीवनीबारे सत्यतथ्य जानकारी प्रस्तुत गर्नु ।

ख) उनका साहित्यिक र साहित्येत्तर व्यक्तित्वका मूल पाटाहरू विश्लेषण गर्नु ।

ग) नेपाली साहित्य क्षेत्रमा उनको साहित्यिक जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्नु ।

घ) उनका साहित्यिक रचनाको प्रवृत्तिको मूल्याङ्कन गर्नु र निष्कर्षमा पुग्नु ।

ध्रुवकिरण रेग्मीका यिनै विषयका उद्देश्य माथि शोधकार्य गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

ध्रुवविरण रेग्मीका बारेमा विभिन्न समयमा विभिन्न लेखकले सामान्य रूपमा चर्चा परिचर्चा गरेको पाइन्छ तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी विस्तृत अध्ययन हुन सकेको छैन । ती चर्चा परिचर्चाले मात्र उनको समग्र अध्ययन पूर्ण हुदैन तैपनी उनका बारेमा गरिएका केही टिप्पणीहरूको उल्लेख गर्न वाञ्छनीय ठहर्छ :

१. घटराज भट्टराईको लेखककोष (२०५६) कृतिमा कवि रेग्मीलाई लोकलयमा कविता लेख्ने कवि भनी उल्लेख गरिएको छ ।

२. ध्रुवकिरण रेग्मीको 'नारी पीडा' ०५२ मा 'नारी पीडाभित्र केही बेर रूमल्लिदा' शीर्षक राखेर कुन्ता शर्माले नेपाली महिलाहरूको जटिल जीवनको सजीव चित्रण गर्ने कवि ध्रुवकिरण रेग्मी भन्ने कुरा उल्लेख गरेकी छिन् ।

३. ध्रुवकिरण रेग्मीको 'दरिद्रताको परिवेश २०६२' कृतिको प्रकाशकीयमा साहित्य संगम चितवनले ध्रुवकिरण रेग्मीलाई उनमा भएका विद्वता, सिर्जनशीलता, संवेदनशीलता, जागरूकताले नै स्तुत्य तुल्याएको छन् भनी उल्लेख गरेको छ ।

४. ध्रुवकिरण रेग्मीको दरिद्रताको परिसवेश २०६२ कृतिमा "कवि रेग्मीलाई एक डोको शुभकामना" शीर्षकमा समालोचक डी.आर. पोखरेलले रेग्मीलाई अन्तर्वस्तु रूपपक्षको सुसंयोजन गर्न सक्ने क्रान्तिचेत भएका व्यक्ति भनी मूल्याङ्कन गरेका छन् ।

५. ध्रुवकिरण रेग्मीको 'अशान्तिले जन्माएको सेतो चोली २०६४' कृतिमा प्रेमविनोद नन्दनले "गीतलाई मतिको शुभकामना" शीर्षकमा कवि रेग्मीलाई यथार्थ अनुभूतिलाई लय र भाकामा समेट्न सक्ने व्यक्तिका रूपमा उल्लेख गरेका छन् ।

६. ध्रुवकिरण रेग्मीको 'अशान्तिले जन्माएको सेतो चोली २०६४' कृतिको शुभेच्छा शीर्षक लेखमा चेतकान्त चापागाईले ध्रुवकिरण रेग्मीलाई साहित्यको महाभारत शृङ्खलामा जोडिइसकेका एक पहाड पो बनिसकेछन् भनी उल्लेख गरेका छन् ।

७. ध्रुवकिरण रेग्मीको 'मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी २०६५' कृतिको मन्तव्य शीर्षक लेखरचनामा रविकिरण निर्जीवले रेग्मीलाई प्रगतिशील स्रष्टा भनी मूल्याङ्कन गरेका छन् ।

८. विजयराज न्यौपानेको 'लमजुङका साहित्यिक स्रष्टा' (अप्रकाशित) कृतिमा कवि रेग्मीलाई नेपाली गीतिसाहित्यको फाँटमा अत्यन्त उर्वर कलम चलाउने कवि भनी उल्लेख गरेका छन् ।

९. लक्ष्मणप्रसाद गौतमको 'चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण' (समालोचना) २०५२ कृतिमा यिनलाई चितवनका युवा कवि भनेका छन् । नारीका व्यथा र वेदनाहरू पोखिएका यिनको कविता सङ्ग्रह 'नारी पीडा' प्रकाशित गर्ने कवि रेग्मीलाई चितवनका युवा कविका रूपमा मूल्याङ्कन गरेको पाइन्छ ।

यसरी ध्रुवकिरण रेग्मीका बारेमा विभिन्न लेखक समालोचकले उनको सामान्य चर्चा गरेतापनि विस्तृत अधययन हुन सकेको छैन । उनलाई कवि, गीतकार, गजलकार, समाजसेवी आदि व्यक्तिका रूपमा सामान्य रूपले चिनाइए तापनि उनको जीवनी व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन नितान्त आवश्यक देखिएकाले यही कुरालाई मनन गरी शोधकार्य गरिनेछ ।

## १.७ शोधकार्यको औचित्य

लामो समयदेखि साहित्यिक क्षेत्रमा आफ्नो जीवन व्यतित गरिसकेका साधक ध्रुवकिरण रेग्मी (वि.सं. २०११ आश्विन २८) का नारीपीडा (कविता सङग्रह, २०५२), दरिद्रताको परिवेश (कविता सङग्रह, २०६२), अशान्तिले जन्माएको सेतो चोली (गीति सङग्रह २०६४), मेरो बिवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङग्रह २०६५) जस्ता कृतिहरू पुस्ताकार रूपमा प्रकाशित भैसकेका छन् । उनका बारेमा गहन अध्ययन अनुसन्धान हुन बाँकी नै छ । सामान्य टीका टिप्पणी र छिटपुट चर्चा परिचर्चा मात्र भएको वर्तमान अवस्थामा उनका सम्बन्धमा सुव्यवस्थित र विस्तृत अध्ययन अनुसन्धान आवश्यक देखिएको छ । समवर्ती र उत्तरवर्ती प्रतिभाहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने व्यक्ति, साहित्यनुरागी पाठक तथा अनुसन्धानकर्ताहरूका साथै चितवन जिल्लाका प्रमुख साहित्यकारहरूको विस्तृत तथ्य एवं भावी पुस्ताका सवै किसिमका जिज्ञासा यस शोधपत्रले साम्य पार्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

शोधपत्रमा ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ । उनका जीवनीका विभिन्न पाटाहरूका साथै वि.सं. २०६४ सालसम्म प्रकाशित भएका सम्पूर्ण पुस्तककार कृतिहरूको अध्ययन र विवेचना गर्नु शोधकार्यको अभीष्ट रहेको छ । शोधकार्यमा विभिन्न पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित ध्रुवकिरण रेग्मीका रचनाहरूको कालक्रमिक विवरण साथै प्रकाशोन्मुख रचनाहरूको विवरण दिइएको छ । समकालीन साहित्यकारहरूसँग उनको तुलनात्मक अध्ययन एवम् उनका सबल दुर्वलपक्षहरूको पूर्ण विश्लेषण भने गरिएको छैन ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

शोधकार्य तयारीको क्रममा पुस्तकालयीय अध्ययन विधिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । अनुसन्धेय व्यक्ति जीवितै भएकाले आवश्यकताअनुसार भेटघाट, प्रश्नावली आदिबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसका साथै आवश्यकताअनुसार शोधनायकका परिवार, विद्वान् एवं अन्य साहित्यकारहरूसँग पनि लिखित एवं मौखिक जानकारी लिइएको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण गर्ने क्रममा ध्रुवकिरण रेग्मीको जीवनी र व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना प्रणाली तथा कृतित्व पक्षको अध्ययनका लागि प्रभावपरक समालोचना पद्धति अबलम्बन गरिएको छ ।

### १.९.१ सामग्री सङ्कलन पद्धति

शोधसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोजी गरी तिनलाई एकत्रित गर्ने कामलाई सामग्री सङ्कलन भनिन्छ । ‘साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व’ को अध्ययन विश्लेषणका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन पद्धति र अन्तर्वाता/भेटघाट पद्धतिलाई अपनाइएको छ ।

### १.९.२ शोधविधि

शोधका क्रममा अँगालिने क्रमबद्ध नियम, तरिका वा कार्यप्रणालीलाई शोध पद्धति वा शोधविधि भनिन्छ । ‘साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व’ को अध्ययन विश्लेषण गर्ने क्रममा जीवनी र व्यक्तित्वसम्बन्धी लेखन-कार्यमा ऐतिहासिक पद्धतिलाई अँगालिएको छ भने कृतित्ववसम्बन्धी लेखन कार्यमा समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ ।

### १.९.३ पुस्तकालयीय अध्ययन पद्धति

पुस्तक वा पुस्तकहरूको अध्ययन गरी सामग्री सङ्कलन गर्ने प्रक्रियालाई पुस्तकालयीय वा पुस्तक पद्धति भनिन्छ । यस अन्तर्गत शोधनायकका पुस्तकाकारका क्रममा प्रकाशित पुस्तकहरूको सैद्धान्तिक विषयवस्तुको अध्ययन गरिएको छ र शोधनायकका विभिन्न

पत्रपत्रिकाहरूमा प्रकाशित भएका शोधनायकसँग सम्बन्धित र उनका बारेमा लेखिएका विविध लेख, रचनाहरूको अध्ययन पुस्तकालयीय पद्धतिका आधारमा गरिएको छ ।

### १.९.४ अन्तर्वार्ता/भेटघाट

सामान्य अर्थमा अन्तर्वार्ता भन्नाले उद्देश्यमूलक ढङ्गले कसैसँग गरिने कुराकानी, वार्तालाप वा साक्षात्कार भन्ने बुझिन्छ । यस विधिअन्तर्गत अनुसन्धेय व्यक्ति जीवितै भएकाले प्रत्यक्ष भेटघाट, कुराकानी, अन्तर्वार्ता र उनका परिवारसँग कुराकानी आदि गरी आवश्यक जानकारी लिने प्रक्रियालाई अवलम्बन गरिएको छ ।

यसरी उपयुक्त अध्ययन विधिहरू अपनाइए पनि प्रमुख रूपमा भने ध्रुवकिरण रेग्मीकै प्रकाशित कृतिहरू नै अध्ययनका मूल स्रोत रहेका छन् र जीवनी, व्यक्तित्वको क्रममा शोधनायकसँग लिएको मौखिक जानकारीलाई पनि सामग्रीको स्रोत स्वीकारिएको छ ।

### १.९.५ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोध-कार्यअन्तर्गत जीवनी खण्डमा स्वयम् अनुसन्धेय व्यक्तिसँगको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ भने व्यक्तित्व खण्डमा मूल आधार प्रायः अनुसन्धेय व्यक्तिका कृतित्वलाई मानिएको छ । यसै क्रममा कृति विश्लेषणका लागि कविता शीर्षक, लयविधान, कथनपद्धति, भाषाशैली, संरचना, भाव/विचार र बिम्बालङ्कारलाई आधार मानिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको बाह्य संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा गर्नका लागि तल उल्लिखित खण्ड, अध्याय, शीर्षक, उपशीर्षक, परिशिष्ट, सन्दर्भसूची आदिमा विभाजित गरिएको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : ध्रुवकिरण रेग्मीको जीवनी

अध्याय तीन : ध्रुवकिरण रेग्मीको व्यक्तित्व

अध्याय चार : ध्रुवकिरण रेग्मीको साहित्यिक यात्रा र चरण विभाजन

अध्याय पाँच : ध्रुवकिरण रेग्मीका कृतित्वको अध्ययन

अध्याय छ : उपसंहार (अघिल्ला अध्यायहरूमा गरिएको अध्ययनको सारसंक्षेप

परिशिष्ट :

यसरी प्रस्तुत शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ र आवश्यकताअनुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षक आदिमा विभाजन गरिएको छ । प्रत्येक परिच्छेदमा समाविष्ट विषयको सङ्क्षिप्त स्वरूप यस प्रकार रहेको छ :-

यो 'साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्व' नामक शोधपत्रको पहिलो परिच्छेद शोध परिचयका रपमा रहेको छ । दोस्रो परिच्छेदमा ध्रुवकिरण रेग्मी जीवनीलाई विभिन्न शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी अध्ययन गरिएको छ । तेस्रो परिच्छेदमा ध्रुवकिरण रेग्मीको बहुमुखी व्यक्तित्वलाई विश्लेषणात्मक तरिकाले चिनाउने प्रयास गरिएको छ । चौथो परिच्छेदमा ध्रुवकिरण रेग्मीको साहित्यमा आगमन एवं उनको साहित्यिक यात्रा र चरण विभाजनको अध्ययन गरिएको छ । पाँचौ परिच्छेदमा उनका पुस्तकाकार कृतिहरूको विविध कोणबाट विधागत विवेचना र उनका पुस्तकाकार कृति एवं फुटकर रचनाहरूको कालक्रमिक तालिकीकरण प्रस्तुत गरिएको छ । छैठौं परिच्छेद मूल्याङ्कन तथा उपसंहारका रूपमा रहेको छ । यसमा रेग्मीको जीवनी, व्यक्तित्व र कृतिहरूका साथै उनका प्रवृतिको समेत समग्र मूल्याङ्कन गरिएको छ । शोधपत्रको अन्तिममा परिशिष्ट खण्ड र सन्दर्भ सामग्री सूची दिएर यो शोधपत्र परिपूर्णताका साथ प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## २. ध्रुवकिरण रेग्मीको जीवनी

### २.१ पृष्ठभूमि

जीवनी भनेको एउटा व्यक्ति विशेषको जीवन वृतान्त हो ।[1] व्यक्ति विशेषका सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचना जीवनी साहित्य अन्तर्गत पर्दछ ।[2] जीवनी साहित्यमा आख्यान साहित्य (Fiction) मा झैं कल्पना होइन कि वस्तुपरक तथ्यको सर्वाधिक महत्व हुन्छ । जीवनी जीवनभर गरेका कामकुराको क्रमवद्ध लेख वा कथन हो ।३ यसरी जीवनीमा कुनै व्यक्ति विशेषको जीवनको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ । सम्पूर्ण जीवनको विवरण एउटा ग्रन्थमा समेटिन सक्छ तर यो लेख विशेषमा मात्र जीवनका सम्पूर्ण पक्षको वेलीविस्तार गर्न साध्य पनि हुदैन । यसैले जीवनीमा आवश्यकता र उपयुक्तता हेरी कुनै व्यक्ति विशेषको जीवनको समय वा आंशिक वृतान्तको प्रस्तुति हुन्छ ।[3] यस शोधलेखमा ध्रुवकिरण रेग्मीले गरेको साहित्यिक योगदानलाई हेरेर उनको जीवनको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृतान्त प्रस्तुत गरिएको छ । उनले हालसम्म साहित्यिक क्षेत्रमा साहित्यका विधामध्ये कविता, गीत, कथा क्षेत्रमा कलम चलाएर उल्लेखनीय योगदान दिएको हुँदा उनको जीवनबारे विश्लेषण गर्न मनासिव ठानिएको हो ।


### २.२ वंश-परम्परा

यिनको वंश परम्पराको कुनै लिखित इतिहास पाइँदैन, त्यसैले शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट प्राप्त जानकारीलाई नै आधार मान्नुपर्ने देखिन्छ । लमजुङ अलैंचेबाट, चितवन, गतानगर-२ मा बसाइँसरेर आएका यिनका बुबा २०१८ सालमा यता झरेको पाइन्छ । बावु श्रीप्रसाद रेग्मीले आफ्ना ६ सन्तान सहित ८ जना सँगै ल्याएका थिए । यतिवेला ध्रुवकिरण रेग्मी ६ वर्षका थिए । यिनको वंश परम्परालई वुझ्दा यिनका

[1] हिमाशु थापा : **साहित्य परिचय** (ललितपुर, साझा प्रकाशन चौथो संस्करण, २०५०) पृ. २२७ ।
[2] डा. दयाराम श्रेष्ठ, प्रा. मोहनराज शर्मा : **नेपाली साहित्यको संक्षिप्त इतिहास** (काठमाडौं साझा प्रकाशन, चौथो संस्करण २०५६) पृ १७० ।
[3] हिमाशु थापा : **साहित्य परिचय**, पूर्ववत् पृ. २२७ ।

पूर्वजहरूका मुख्य पेसा कृषि भएकाले खेतीपातीतर्फ नै लागेको देखिन्छ । शैक्षिक चेतनामा पनि यो परिवार अगाडि भएकाले सामाजिक क्षेत्रमा पनि यस परिवारको आफ्नो छुट्टै पहिचान थियो ।

<u>ध्रुवकिरण रेग्मीको वंशपरम्परा तालिका</u>




श्रीप्रसाद रेग्मी र रेणु रेग्मीका पाँचौ सन्तानका रूपमा ध्रुवकिरण रेग्मीको जन्म २०११ साल आश्विन २८ गते लमजुङ जिल्लाको अलैंचेमा भएको थियो । उनको न्वारानको नाम लेखनाथ भएकोले बोलाउने नाम ईन्द्रलाल थियो । पत्रपत्रिकामा विभिन्न छद्म नामबाट पनि उनको लेख-रचना प्रकाशित भएका छन् । दाजुहरू समेत नेपाली साहित्य क्षेत्रमा अगाडी बढेका व्यक्तित्व भएकोले उनको घरायासी  वातावरण पढाइलेखाइप्रति सचेत थियो । बाबुको मुख्य पेशा कृषि भए तापनि शैक्षिक स्तर अगाडि बढाउनु पर्ने मान्यता यिनका पुर्खामा देखिन्छ ।

## २.३ पारिवारिक पृष्ठभूमि

ध्रुवकिरण रेग्मीका पूर्वज विभिन्न ठाउँबाट बसाइँ सर्ने क्रममा उनका पिता श्रीप्रसाद रेग्मी चितवनको गीतानगर-२ मा आएर बसेका थिए । लमजुङ अलैंचेमा सामान्य खेतीपातीले परिवार धान्न नसकेपछि चितवन झर्ने क्रममा विविध समस्यासँग जुध्दै आफ्नो जीवन गुजारा चलाउँदै आएका यिनका पिताको खासै पढाइ-लेखाइ थिएन । जागिर तथा व्यापार व्यवसाय नभएकाले खेतीपातीतर्फ नै आफूलाई स्थापित गरे । खास गरी आफ्नो पुर्ख्यौली पेशालाई नै उनले आफ्नो मुख्य पेशा बनाएका थिए । आफूले त्यति अध्ययन नगरेकाले आफ्नो छोराछोरीको अध्ययनप्रति बाबु श्रीप्रसाद भने निकै सजग थिए ।

श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका कोखबाट जन्मिएका ध्रुवकिरण रेग्मी ३ दाजुभाइ र ३ दिदी बहिनी मध्ये पाँचौ गर्भबाट जन्मिएका हुन । दाजुहरू तर्फ रविकिरण रेग्मी र शशिकिरण रेग्मी हुन भने दिदीहरूमा मायादेवी अधिकारी र अन्नपूर्ण पण्डित हुन । बहिनी भगवती कोइराला अघि यिनको जन्म भएको थियो ।[4] बाबु आमाको शिक्षाप्रतिको अगाढ आस्थाकै कारण उनको सम्पूर्ण परिवार शिक्षित परिवारमा गनिएको छ । हालसम्म दाजुभाइ साहित्यतर्फ योगदान दिने व्यक्तिका रूपमा नै परिचित छन् । बावुआमाको सपनालाई साकार बनाउने काममा उनका सन्तति लागिपरेको देखिन्छ ।

## २.४ जन्मस्थान र जन्म

साहित्यकार ध्रुवकिरण रेग्मीको जन्म नेपालको पश्चिमाञ्चल विकास क्षेत्र तथा गण्डकी अञ्चलको लमजुङ जिल्ला अन्तर्गत अलैचेमा वि.सं. २०११ साल आश्विन २८ गते भएको थियो । पिता श्रीप्रसाद रेग्मी तथा माता रेणुका रेग्मीका कान्छो छोराको रूपमा यिनको जन्म भएको थियो ।[5] रेग्मी दम्पत्तिका जम्मा ६ सन्तानमध्ये छोरातर्फ कान्छा र दिदीबहिनीतर्फबाट गन्दा ठुलोकान्छो सन्तानको रूपमा यिनको जन्म भएको थियो । उनी पछि एकमात्र बहिनी जन्मिएकी थिइन् । दुई दाजु क्रमशः रविकिरण निर्जीव र शशीकिरण रेग्मी हुन् भने दिदीहरूतर्फ क्रमश : मायादेवी अधिकारी तथा अन्नपूर्णा

[4] शोधनायकबाट प्राप्त जानकारी ।
[5] शोधनायकबाट प्राप्त जानकारी ।

पण्डित हुन । बहिनी भगवती कोइराला र प्रस्तुत शोधनायक ध्रुवकिरण रेग्मी गरी ६ सन्तान रहेको पाइन्छ ।

## २.५ नामकरण

मेष राशि भएका ध्रुवकिरण रेग्मीको गोत्र कौशिकी हो । उनको न्वारनको नाम लेखनाथ भए पनि बोलाउने नाम इन्द्रलाल थियो ।[6] "यिनका सहोदर दाजु रविकिरण निर्जीवले साहियत्यकार बालकृष्ण, गोविन्द बहादुर र केदारमानका 'सम', 'गोठाले' र 'व्यथित' उपनामबाट मुलत उत्प्रेरित भई तीनै भाइका नाम रविलाल रेग्मी, चेतनाथ रेग्मी र इन्द्रलाल रेग्मी पुराना नामहरूमा आमूल परिवर्तन गरेर रविकिरण निर्जीव, शशिकिरण रेग्मी र प्रस्तुत शोधनायकको नाम ध्रुवकिरण रेग्मी बनाएँ"[7] भन्ने कथनबाट उनको नाम ध्रुवकिरण रेग्मी हुन गएको देखिन्छ । यिनले आफ्नो साहित्यिक नाम राखेका छैनन् तर विभिन्न समयमा 'हृदय' नामबाट विभिन्न पत्रिकामा कथा कविता छपाएको पाइन्छ । तर प्रकाशित कृति यिनका यही ध्रुवकिरण रेग्मी नामबाट नै सार्वजनिक भएका छन् ।

## २.६ बाल्यकाल

आफ्नै आमाबावुको ममतामयी लालनपालनमा यिनको बाल्यकाल वितेको पाइन्छ । ६ वर्षसम्म लमजुङ अलैंचेको त्यो सुन्दर, रमणीय वातावरणमा खेल्दाखेल्दै हुर्केका ध्रुवकिरण रेग्मी त्यसपछि चितवनको गीतानगर-२ मा हुर्के-बढेका हुन् । मध्यमवर्गीय परिवारमा जन्मे पनि खासै यिनलाई दुःखको अनुभूति भएन । अन्य दुई दाजु र दुई दिदीको भाइ भएकाले पनि सबैको प्यारो वातावरणमा नै यिनको बाल्यकाल बित्यो । बाल्यकालदेखि नै कविता र लोकजीवनले ओतप्रोत सुललित गीतहरू लेख्ने र मौलिक लय भरेर मधुर स्वरमा गाउने ध्रुवकिरण रेग्मीले मिठो धुनमा मुरली पनि बजाउँथे [8] यिनले गीतमा व्यङ्ग्य घोलेर श्रोताहरूलाई पेट मिचेर हाँस्नुपर्ने गराउँछन् ।[9] यसरी बाल्यकालदेखि नै साहित्यिक कार्यक्रमप्रति उनको औधी रूचि भएको पाइन्छ । खेलकूदतर्फ यिनको निकै चासो थियो । भलिबल, हाइजम्प, लङजम्प, पौडीतर्फ यिनले विभिन्न समयमा प्रथम भई पुरस्कारसमेत पाएको देखिन्छ । पौडी खेलेर नारायणी, राप्ती तर्ने काम समेत यिनले

---

[6] शोधनायकबाट प्राप्त जानकारी ।
[7] ध्रुवकिरण रेग्मी: **मेरो विवु इन्जेक्सन र इमर्जेन्सी** (२०६५) मन्तव्य शीर्षक उद्धृत ।
[8] साहित्यकार रविकिरण निर्जीबबाट प्राप्त जानकारी ।
[9] साहित्यकार रविकिरण निर्जीबबाट प्राप्त जानकारी ।

गरेका थिए ।[10] आफ्ना दाजुबाट प्रेरणा पाएका ध्रुवकिरण रेग्मीले बाल्यकालदेखि नै अगाडि बढ्ने वातावरण पाएका थिए । यसरी विविध परिवेश हेर्दा उनको बाल्यकाल सुखद नै रहेको पाइन्छ ।

## २.७ शिक्षा-दीक्षा

शिवनगरले भनिरहन्छ- नेपालको हिमवत्खण्ड 'हर' कै क्षेत्र हो । गीतानगरले भन्छ- भगवान श्रीकृष्णको गीतादेवीको नगर हो । यहाँ १८ अध्याय गीताको भजन पाठ-पूजा चल्छ ।[11] यसै बौद्धिक क्षेत्रमा उनको शिक्षा-दीक्षा भएको पाइन्छ । पढाइतर्फ रूचि राख्ने बालक इन्द्रलाई विद्यालय पढाउन खासै गाह्रो परेन । प्रारम्भिक शिक्षा लमजुङमा नै गरे पनि खास उनको औपचारिक शिक्षा चितवन जिल्लाबाटै भएको पाइन्छ । दाजुको प्रेरणामा उनले आफ्नो शिक्षालाई अगाडि बढाएको देखिन्छ । चितवन जिल्लाको अरूणोदय मा.वि. मा कक्षा ९ सम्म अध्ययन गरेका यिनले कक्षा १० नारायणी मा.वि. शिवनगरबाट गरेका थिए । वि.सं. २०३१ सालमा एस.एल.सी. गरेका ध्रुवकिरणले माध्यमिक विद्यालयस्तरमा अध्ययन गर्दा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुदतर्फ थुप्रै पुरस्कार जितेका थिए ।[12] भलिबल, हाइजम, लमजङ र पौडीतर्फ यिनको निकै रूचि तथा दख्खल समेत भएको पाइन्छ । प्रमाणपत्र तह अध्ययन गर्न रत्नराज्यलक्ष्मी काठमाडौं गई २०३६ सालमा सो तह उत्तीर्ण गरेको पाइन्छ । शिक्षाशास्त्र सङकायमा भर्ना भएर पढेका ध्रुवकिरणले यहाँ पनि खेलकूदतर्फ भलिबल प्रतियोगितामा निकै उत्कृष्ट खेलाडीको रूपमा पुरस्कार पाएको देखिन्छ । एस.एल.सी. परीक्षा पास गरेपछि २०३३ सालमा साझा प्रकाशन गुल्मी तम्घासमा जागिर खान गएकाले अध्ययन केही ढिला भएको थियो ।[13] यस पछि आई.ए. अध्ययनसँगै विवाहसमेत यसै समयमा गरेको पाइन्छ । आई.ए. अध्ययनपछि वि.सं. २०४१-२०४३ सम्म रा.प्रा.वि. उज्ज्वलनगरमा २ वर्ष अध्यापन गरेका थिए । वि.सं. २०४४ सालमा बि.एड. अध्ययनका लागि कीर्तिपुरमा भर्ना भए । वि.सं. २०४७ सालमा वि.एड. उत्तीर्ण गरेपछि हिमालय मा.वि. चम्पानगरमा १ वर्ष अध्यापन गरे । यसपछि एम.ए. अध्ययनका लागि कीर्तिपुरमा भर्ना भए तापनि

---

[10] शोधनायकबाट प्राप्त जानकारी ।

[11] धर्मराज थापा, **चितवन दर्पण**, (कमलादी, काठमाडौं नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान २०५०), पृ. २०५ ।

[12] शोधनायकबाट प्राप्त जानकारी ।

[13] शोधनायकबाट प्राप्त जानकारी ।

घरायसी कारणले पूरा नभएको पाइन्छ । पुनः वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा एम.ए. मा भर्ना भए तापनि यहाँ पनि अध्ययन पूरा हुन सकेन ।[14]

## २.८ कार्यक्षेत्र प्रवेश र निरन्तरता

खेतीपाती मुख्य पेशा भएको उनको पारिवारिक पृष्ठभूमि भए तापनि दाजुहरू जागिरतर्फ लाग्दै साहित्यिक फाँटमा उदाउनुले उनमा पनि यसको प्रभाव पर्न थाल्यो । नारायणी मा.वि. बाट २०३२ सालमा एस.एल.सी. गरेपछि यिनी जागिर खाने क्रममा गुल्मी तम्घास पुगेका थिए । साझा प्रकाशनमा वि.सं. २०३३-३५ सम्म जागिर खाएपछि अध्ययनका लागि आइ.ए. पढ्न जागिर छोडेका थिए ।[15] यसै क्रममा उनको विवाहसमेत भयो । यसपछि आइ.ए. पास गरेपछि रा.प्रा.वि. उज्ज्वलनगरमा नि.मा.वि. स्तरको शिक्षक पदमा (२०४१-४३) सम्म २ वर्ष अध्यापन गरे । यसपछि अध्ययनलाई अगाडि बढाउन मनासिव ठानी बि.एड. गरेपछि हिमालय मा.वि. चम्पानगर चितवनमा मा.वि. शिक्षकमा १ वर्ष अध्यापन गरेका थिए । यसपछि पुनः एम.ए. का लागि अध्ययन गर्न कीर्तिपुर भर्ना भए पनि घरायसी कारणले अध्ययन पूरा गर्न सकेनन् । पुनः वीरेन्द्र क्याम्पस भरतपुरमा भर्ना भए पनि स्नाकोत्तर तह पूरा हुन सकेन । यसपछि लिटिल स्टार आ.मा.वि. कृष्णपुरमा ०५४/५५ तिर २ वर्ष अध्यापन गरे । ०५६ सालदेखि हालसम्म सिर्जना आ.मा. वि. शरदपुरमा अध्यापन कार्य तथा हिलवर्ड आ.मा.वि. भरतपुरमा आंशिक मा.वि. शिक्षकको रूपमा अध्यापन कार्यमा संलग्न भएको पाइन्छ ।[16]

यस्तै ध्रुवकिरण रेग्मीको अर्को कार्यक्षेत्र लेखन पनि हो । आफ्ना दाजुको प्रेरणा र प्रभावबाट साहित्य सिर्जनातर्फ आकृष्ट भएको बताउने ध्रुवकिरण रेग्मीले २०२५ सालमा पञ्चायती व्यवस्थाको संविधान दिवस पौष १ गते आयोजना गरिएको गाउँ पञ्चायत स्तरीय कविता प्रतियोगितामा भाग लिई प्रथम भएपछि साहित्यिक क्षेत्रमा आकृष्ट भएको पाइन्छ । कक्षा ८ मा पढ्दा प्राधानाध्यापक केदारनाथ रेग्मीले कविता वाचन गर्न नदिएपछि यसलाई झन प्रेरणाको रूपमा लिएका थिए । यस्तै प्रेरणाले उनको साहित्यिक सिर्जना अगाडि बढेका पाइन्छ । हालसम्म उनको साहित्यिक कृतिमा नारी पीडा (कविता

[14] शोधनायकबाट प्राप्त जानकारी ।
[15] शोधनायकबाट प्राप्त जानकारी ।
[16] शोधनायकबाट प्राप्त जानकारी ।

सङ्ग्रह) २०५२, दरिद्रताको परिवेश (कविता सङ्ग्रह, २०६२), अशान्तिले जन्माएको सेतो चोली (गीतिसङ्ग्रह २०६४), मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी कविता सङ्ग्रह २०६५), राप्तीको सेरोफेरो, काँसघारीदेखि पिडेनीसम्मका म र गौरी (गोठाले संस्मरण) प्रकाशोन्मुख कृति देखिन्छ ।

यस्तै उनी विभिन्न संघ संस्थासँग पनि आबद्ध छन् । अविरल साहित्यिक मञ्च, चितवन, रेडक्रसको आजीवन सदस्य, साहित्य सङ्गम चितवनका साथै विभिन्न सामाजिक संघ संस्थामा उनको आबद्धता रहेको पाइन्छ ।[17]

## २.९ दाम्पत्य जीवन र पारिवारिक स्थिति

बढ्दो उमेरसँगै छोराछोरीको विवाह गरिदिन पाए हुन्थ्यो भन्ने आमाबाबुको चाहना अनुसार उनका दुई दाजु र दुई दिदीको विवाह सम्पन्न भएपछि उनको प्रसङ्ग पनि विभिन्न ठाउँमा चल्न थाल्यो । यसैअनुरूप उनको विवाह २०३५ सालमा २४ वर्षको उमेरमा पूर्वीचितवन जयमङ्गला निवासी कुलप्रसाद अधिकारी र माता शुभद्रा अधिकारीकी जेठी छोरी चिजाकुमारी रेग्मीसँग परम्परागत मागी विवाह सम्पन्न भयो ।[18] पेसाले शिक्षिका भएकीले यी दुवैको दाम्पत्य जीवनमा कहिल्यै खटपट परेन । माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटोजस्तै भएर सुखद रूपमा नै यिनको पारिवारिक जीवन चल्दै गयो । विवाह भएको २ वर्षपछि छोराको जन्म भयो ।[19] जम्मा २ छोरा र १ छोरी गरी ३ सन्तानका बाबुआमा छोराछोरीको प्रगतिबाट प्रसन्न देखिन्छन् । ध्रुवकिरण रेग्मीका जेठो छोरा विवश रेग्मी वि.सं. २०३७ सालमा जन्मिएका हुन् । उनी हाल एम.एस्सी पढन् अमेरिका पुगेका छन् ।[20] यसपछि वि.सं २०३९ सालमा छोरी शैलजा रेग्मीको जन्म भएको हो । उनी हाल परिचारिकाको बि.एन्. तहमा काठमाडौंमा अध्ययनरत छिन ।[21] यस्तै वि.सं. २०४२ सालमा कान्छो छोरा विनय रेग्मीको जन्म

---

[17] शोधनायकबाट प्राप्त जानकारी ।
[18] शोधनायकबाट प्राप्त जानकारी ।
[19] श्रीमती चिजाकुमारीबाट प्राप्त जानकारी ।
[20] शोधनायकबाट प्राप्त जानकारी ।
[21] शोधनायकबाट प्राप्त जानकारी ।

भएको हो । हाल उनी बि.बि.एस. पढाइ सकेर ब्रोकरमा जागिरे छन् । हालसम्म सबै छोराछोरी अविवाहित नै छन् ।[22]

ध्रुवकिरण रेग्मीका दुई दाजु पनि आपसमा भिन्नै भई बसेका र दिदीबहिनी पनि सबै विवाह भई आ-आफ्नो घरमा नै भएकाले हाल यिनको परिवारमात्र यिनीसँग छ ।[23] सबै छोराछोरी बाहिर भएका कारण हाल दुईजना श्रीमान श्रीमति मात्र घरमा रहेको पाइन्छ । यसरी पारिवारिक रूपमा यिनको स्थिति सुखद नै रहेको देखिन्छ ।

## २.१० लेखनमा प्रेरणा र प्रभाव

ध्रुवकिरण रेग्मी बाल्यकालदेखि नै अन्तर्मुखी स्वभावका थिए । एकातिर उनी स्वयं अन्तर्मुखी भएकाले अर्कोतिर दाजु रविकिरण 'निर्जिव' को प्रेरणाबाट उनको साहित्यिक यात्रा अगाडि बढेको पाइन्छ । यस धरतीमा देखिने असङ्गत र बेमेल कुराले आफूलाई छटपटी बनाएर लेखन कार्यमा थप उर्जा थपेको कुरा साहित्यकार रेग्मी बताउँछन् ।[24]

बाल्यकालदेखि नै छरिता र सहज कविता लेख्ने साहित्यकार रेग्मीमा माधवप्रसाद घिमिरेको 'गौरी' शोककाव्यले निकै प्रभाव पारेको रहेछ । यस्तै देवकोटाका 'मुनामदन' पनि त्यत्तिकै प्रभाव पार्ने कृति रहेछ ।[25] विशेषत नेपाली साहित्यका माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, बङगालीका रवीन्द्रनाथ र अङग्रेजी साहित्यका वर्डस्वर्थ आदि व्यक्तित्व र उनका कृतिहरूको प्रेरणा र प्रभाव उनको साहित्यिक लेखनमा परेको छ । यिनका साहित्यिक कृतिमा तत्कालीन पञ्चायती व्यवस्था र हाल देशको सामाजिक, राजनैतिक, सांस्कृतिक आर्थिक दुर्दशापूर्ण वातावरणबाट उत्पन्न भएको विषय परिस्थितिको परिणति पनि उनको लेखनकार्यमा उर्जा शक्तिका रूपमा आएको देखिन्छ ।[26]

यसरी समसामयिक राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशको स्थितिले उनमा आएको छटपटीलाई व्यक्त गर्ने क्रममा साहित्य सिर्जना भएको देखिन्छ । समग्रमा भन्दा दाजुको

[22] शोधनायकबाट प्राप्त जानकारी ।
[23] शोधनायकबाट प्राप्त जानकारी ।
[24] शोधनायकबाट प्राप्त जानकारी ।
[25] शोधनायकबाट प्राप्त जानकारी ।
[26] शोधनायकबाट प्राप्त जानकारी ।

व्यक्तिगत प्रभाव, आफ्नो अन्तर्मुखी स्वभाव, समाजको विसङ्गति र राष्ट्रिय अन्तराष्ट्रिय व्यक्तित्वको प्रभाव आदि पक्षहरू उनको साहित्य लेखनको मूल प्रेरणा र प्रभाव हुन् भन्न सकिन्छ ।

## २.११ वैयक्तिक जीवनका विशेष घटना-सन्दर्भ

हरेक मानिसका आ-आफ्नै दिनचर्या हुन्छन् । यही जीवनका उकाली-ओरालीसँगै विभिन्न समयमा भिन्न-भिन्न किसिमले असाधारण रूपमा विशेष घटना घट्ने गर्दछन् । यस्ता घटनाहरू अवस्मरणीय भएर रहेका हुन्छन् । साहित्यकार ध्रुवकिरण रेग्मीका जीवनका सन्दर्भमा घटेका अनेक घटनालाई विशेष रूपमा उल्लेख गर्न सकिन्छ ।

लमजुङ अलैचेबाट बसाइ-सराइ गरी आमा-बाबासँगै गाईवस्तु लिएर आउने क्रममा नारायणी नदी किनारको एक चिया पसलमा चिया खाँदा झुक्किएर चियाको गिलास फुटेपछि ५ पैसा चियाको र १० पैसा गिलासको दण्ड तिर्दा निकै नमिठो अनुभव गरेको घटना उनको जीवनको अविस्मरणीय घटना हो ।[27] वि.सं. २०२३ साल फागुनमा पिठुवा जन्त जाने सन्दर्भमा टाँडी बजार पुगेपछि रामचन्द्र लामिछाने, हरिहर सविता र साहित्यकार रेग्मी चिया खान लाग्दा टाँडी बजारबाट जन्ती छुटिसकेछन् । नजिकै अर्का जन्ती देखेपछि आफ्नै जन्ती होलान् भनी पछि लाग्दा केही समयपछि सुँगुर डोऱ्याएको देखेर बल्ल अर्कै जन्ती भएको थाहा लागेछ । आत्तिएर डाँको छोडी रून थाल्दा अरू मानिसले पिठूवा जाने बाटो देखाइदिए पछि बल्ल राति ११ बजे त्यहाँ पुगेछन् । सबैले खाना खाएर सिध्याएका रहेछन् । विवाहमा मज्जाले खान पाइन्छ भनेर जन्ती गएको त झन भोकै बस्नु पर्दाको त्यो क्षण कहिल्यै विर्सन नसकेको बताउँछन् ।[28]

२०२८ सालमा अरूणोदय मा.वि. गीतानगरमा पढ्दा शुक्रबारे साहित्यिक कार्यक्रममा यिनको 'मसानघाटमा छलफल' शीर्षक कविता लेख्दा प्र.अ. केदारनाथ रेग्मीले यो कवितामा राजनीति घुसेको छ भनी वाचन गर्न रोक लगाएपछि गुरू विष्णुप्रसाद सापकोटाले चर्को विरोध गर्दा पनि कविता वाचन गर्न नपाएको त्यो तीतो क्षणलाई विर्सन नसकेको बताउँछन् ।[29] २०४६ सालमा जनादेश पत्रिकामा छापिएको "बहुदलको

---

[27] शोधनायकबाट प्राप्त जानकारी ।
[28] शोधनायकबाट प्राप्त जानकारी ।
[29] शोधनायकबाट प्राप्त जानकारी ।

वयान" शीर्षक कवितामा बहुदलवादी पार्टीहरूको विकृतिको आलोचना गर्दा उच्छृङ्खल समूहबाट साङ्घातिक हमला भएको क्षण अविस्मरणीय भएको बताउँछन ।[30]

यी विभिन्न घटनाहरूले ध्रुवकिरण रेग्मीको साहित्यिक फाँटमा होस् वा वैयक्तिक जीवनमा केही न केही प्रभाव पारेको मान्न सकिन्छ ।

## २.१२ रूचि तथा स्वभाव

रूचि भन्नु इच्छा हो भने स्वभाव भन्नाले उसको जन्मजात गुण वा आर्जित बानी व्यवहारलाई बुझिन्छ । मानिसका रूचि तथा स्वभाव नितान्त वैयक्तिक हुन्छन् । भिन्न-भिन्न मानिसका भिन्न-भिन्न रूचि र स्वभाव हुन्छन् । विभिन्न अर्थगत दृष्टिको अध्ययन गर्दा व्यक्तिले देखेभोगेका वस्तुबाट आफूलाई वस्तु छान्नु नै रूचि हो भने आफ्नै निजी वा वैयक्तिक स्वभाव जुन सधैं आफूमा रहिरहन्छ सो नै स्वभाव हुन आउँछ । यी सन्दर्भ हेर्दा ध्रुवकिरण रेग्मीका पनि अनेक रूचि र निजी स्वभाव भएको पाइन्छ ।

यिनले नेपाली संस्कृतिको विविधतालाई औधी मन पराउँछन् । आफ्नो जन्मभूमि लमजुङ अलैंचे त्यत्तिकै प्यारो लाग्ने  रेग्मीलाई हिम श्रृङखला असाध्यै राम्रा लाग्छन् । शोसित पीडित जनताको दुःख देख्दा भने उनको मन खिन्न हुन्छ । यस्ता जनताको पक्षमा उभिन मन लाग्दो रहेछ । साहित्यकार रेग्मी महिलाहरूलाई आफूमाथि लादिएका शोषणका पहाडहरू ध्वस्त पार्न, आफूलाई जेल्ने सामन्ती वन्धनहरू चुँडाल्न, महिला स्वतत्रता र स्वाभिमानको नयाँ क्षितिज उघार्न मन पराउँछन् ।[31] प्रकृतिमा फुल्ने फूलले पनि उनको मन त्यत्तिकै तान्दो रहेछ । साधारण नेपाली खानामा उनको विशेष रूचि  छ । सामान्य सर्ट-पाइन्ट यिनको पोशाकको रोजाइ रहेछ । सङ्गीत र गीततर्फ पनि उत्तिकै मन पराउने साहित्यकार रेग्मीको मनपर्ने बाजा मुरली रहेछ । माधव घिमिरेको "गौरी" र लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' उनलाई औधी मन पर्ने कृति हुन् । खेलकूदतर्फ भलिवल उनका लागि निकै मन पर्दोरहेछ ।[32] सरल र उदार हृदय

[30] शोधनायकबाट प्राप्त जानकारी ।
[31] ध्रुवकिरण रेग्मी, **नारी पीडा** (कुन्ता शर्मा, भूमिकामा), श्रीमती चीजा रेग्मी (२०५२) ।
[32] शोधनायकबाट प्राप्त जानकारी ।

भएका रेग्मीको स्वभाव सामूहिक भावनाको छ । दीनदुःखी प्रति सहानुभूति राख्छन् भने कुटिल चाल भएकालाई घृणा गर्छन ।[33] कर्ममा निरन्तरता हुनु पर्ने उनको ठम्याइ छ ।

यसरी सानैदेखि उनी सरल, सफा र पवित्र हृदय भएका व्यक्तिका रूपमा चिनिएका छन् । राष्ट्रप्रेमको भावना उनमा उच्च रहेको छ । उनी सरल, भद्र, नम्र, निःस्वार्थी र सहयोगी स्वभावका देखिन्छन् ।

## २.१३ सङ्घसंस्थासँगको आबद्धता

साहित्यकार रेग्मी समाजसेवीसमेत भएकाले साहित्यिक सङ्घसंस्था एवं अन्य सामाजिक सङघसंस्थासँग आबद्ध रहेको देखिन्छ । नेपाली साहित्यलाई माथि उठाउनु पर्छ भन्ने मान्यता बोकेका रेग्मी साहित्य सङ्गम चितवन, अविरल साहित्य मञ्चजस्ता साहित्यिक सङघसंस्थामा संलग्न भएको देखिन्छ ।[34] यस्तै मानवीय भावनाले ओतप्रोत भएको नेपाल रेडक्रसको आजीवन सदस्य भएर पनि उनले काम गरेको पाइन्छ ।

ध्रुवकिरण रेग्मीले आफ्नो व्यक्तित्वको परिचय विभिन्न साहित्यिक सङघसंस्थामा रहेर मात्र दिएका छैनन्, साहित्येतर संस्थाहरूमासमेत काम गरेर आफ्नो सामाजिक पहिचान स्थापित गरेका छन् । उनी खगेरी सिंचाइअन्तर्गतको कुलो समितिको अध्यक्ष तथा उज्ज्वल दुग्ध उत्पादन संस्था चम्पानगरको सदस्य पदमा रही सामाजिक काममासमेत अग्रसर भएको पाइन्छ ।[35]

गुल्मीको साझा प्रकाशनदेखि विभिन्न सरकारी तथा निजी विद्यालयमा अध्यापन कार्य गरी ध्रुवकिरणले प्रशासनिक तथा शैक्षिक क्षेत्रमा आफ्नो दक्षताको राम्रो परिचय दिएका छन् । यसरी ध्रुवकिरण रेग्मीले आफ्नो व्यक्तित्को विभिन्न पाटालाई विभिन्न साहित्यिक, शैक्षिक, सामाजिक, सङघसंस्थामा संलग्न गराएर साहित्य र साहित्येतर दुवै क्षेत्रमा आफूलाई परिचित गराएका छन् ।

## २.१४ चिन्तन, दर्शन र विचार

[33] शोधनायकबाट प्राप्त जानकारी ।
[34] शोधनायकबाट प्राप्त जानकारी ।
[35] शोधनायकबाट प्राप्त जानकारी ।

मार्क्सवादी चिन्तन, दर्शन र विचारबाट प्रभावित ध्रुवकिरण रेग्मी प्रगतिशील र क्रान्तिकारी सर्जक हुन् । श्रमलाई ईश्वर सम्झने रेग्मीले श्रम शोषण गर्नेलाई राक्षसको उपमा दिन्छन् ।[36] साहित्यलाई समाजको प्रतिविम्व र जीवनको दर्शनको रूपमा लिने रेग्मीले सङघर्षलाई कर्मको एउटा पाटोको रूपमा हेर्दछन् । मानवताको संरक्षण, मानवीय भावनाको विकास र भौतिकवादी दृष्टिकोणलाई सँगसँगै लैजानुपर्ने उनको विचार छ । अनुभव र कर्मको योग नै जीवन हो भन्ने रेग्मीले कर्मबिनाको जीवन निष्प्राण हुन्छ भन्दछन् ।[37] मार्क्सवादी दृष्टिकोण अँगाले पनि यिनका रचनामा गैर मार्क्सवादी चिन्तनमित्रका ईश्वर र भाग्य मानसपटलमा हावी भएको पाइन्छ ।[38]

## २.१५ आर्थिक अवस्था

ध्रुवकिरण रेग्मी मध्यमवर्गीय परिवारमा जन्मे-हुर्केका व्यक्ति हुन् । बाबुका पालासम्म राम्रै जग्गा जमिन भए तापनि हाल अंशवण्डामा १६ कट्ठा जमिन उनको नाममा छ । २ वटा जस्ता पाताले छाएका घर छन् । श्रीमतीबाट प्राध्यापन कालमा आर्जित सम्पत्तिले छोराछोरीको अध्ययनलाई राम्रै टेवा दिएको पाइन्छ ।[39] हाल दुवै भाइ छोराबाट कमाइ हुने, श्रीमतीको पेन्सन, आपनो तलब र घरमा खाने अन्नपात सबै घरबाटै उपलब्ध हुने भएकाले दैनिक सामान्य जीपनयापनलाई गाह्रो नभएकाले आर्थिक समस्या रहेको छैन ।

## २.१६ पुरस्कार, प्रशंसा र सम्मान

आफ्नो व्यक्तिगत स्वार्थ त्यागी सामाजिक काममा योगदान दिएवापत प्रशंसास्वरूप दिईने इनामलाई पुरस्कार भनिन्छ । नेपली साहित्यको क्षेत्रमा होस् वा खेलकूदको क्षेत्रमा किन नहोस्, उनले दिएको सिर्जनात्मक योगदान स्वरूप विभिन्न सङघ संस्थाबाट विभिन्न समयमा पुरस्कार र सम्मान पाएका छन् ।[40]

ध्रुवकिरण रेग्मीले प्राप्त गरेका पुरस्कार र सम्मानहरूको विवरण यस प्रकार छ :

---

[36] शोधनायकबाट प्राप्त जानकारी ।
[37] शोधनायकबाट प्राप्त जानकारी ।
[38] कवि चेतकान्त चापागाँइ बाट प्राप्त जानकारी ।
[39] शोधनायकबात प्राप्त जानकारी ।
[40] शोधनायकबाट प्राप्त जानकारी ।

क) २०२५ साल पुस १ गते गीतानगर गा. पं. स्तरीय कविता प्रतियोगितामा प्रथम भई पुरस्कार एवं सम्मान पत्र प्राप्त गरेका छन् ।[41]

ख) २०२६ सालमा ब्राहमी पुस्तकालयद्वारा आयोजित जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम हुँदा पुरस्कार एवम् सम्मान-पत्र प्राप्त गरेका छन् ।[42]

ग) २०२९ सालमा रनिङ सिल्ड भलिवल प्रतियोगितामा चितवन जिल्लामा प्रथममा प्रथम भई पुरस्कार, प्रमाणपत्र, सिल्ड प्राप्त गरेका छन् ।[43]

घ) रत्नराज्यलक्ष्मी क्याम्पस काठमाडौंमा भएको क्याम्पसस्तरीय भलिवल प्रतियोगितामा प्रथम भई प्रमाणपत्र, सिल्ड प्राप्त गरेका छन् ।

ङ) लङजम्प, हाइजम्पमा विभिन्न समयमा भएका गा.पं. स्तरीय, जिल्लास्तरीय खेलकूद प्रतियोगितामा उनी सम्मानित भएका छन् ।

यसरी ध्रुवकिरण रेग्मीले विभिन्न क्षेत्रबाट सम्मानित, प्रशंसित र पुरस्कृत हुनुको कारण उनले साहित्यिक र खेलकुद क्षेत्रमा दिएको योगदान रहेको मान्न सकिन्छ ।

## २.१७ सारांश

जन्मदेखि मृत्युपर्यन्त भएगरेका विविध घटना तथा क्रियाकलापको प्रस्तुति नै जीवनी हो । जीवन सधैं एकनासले चल्दैन । यहाँ विविध आरोह-अवरोह भइरहन्छ । अनेक समस्यासँग सिगौंरी खेल्नुपर्छ । अनेक सुखःदुखको मेललाई क्रमबद्ध रूपमा उल्लेख गर्नु नै जीवनी भएकाले यहाँ ध्रुवकिरण रेग्मीले गरेका साहित्यिक योगदानलाई हेरेर उनको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृतान्त प्रस्तुत गरिएको छ ।

उनी बाँचेको परिवार समाज, संस्कृति, परिवेश र सभ्यतासँग उनको अन्योन्याश्रित सम्बन्ध रहेको छ । पिता श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका कान्छो छोराको रूपमा उनी वि.सं. २०११ आश्विन २८ गते अलैचे, लमजुङमा जन्मिएका हुन् । एम.ए. सम्मको अध्ययन गरेका ध्रुवकिरण रेग्मी विद्यालयीय जीवनदेखि नै साहित्यतर्फ आकृष्ट भएको देखिन्छ । आफ्नै दाजु रविकिरण रेग्मी 'निर्जीव' बाट प्रेरणा र प्रोत्साहन पाएका रेग्मीले

41 शोधनायकबाट प्राप्त जानकारी ।
42 शोधनायकबाट प्राप्त जानकारी ।
43 शोधनायकबाट प्राप्त जानकारी ।

आफ्नो प्रतिभालाई आफ्नो सिर्जनामार्फत प्रस्तुत गरेका छन् । २४ वर्षको उमेरमा दाम्पत्य जीवनमा बाँधिएका रेग्मीको वैवाहिक जीवन सफल देखिन्छ । २ छोरा र १ छोरीका बाबु ध्रुवकिरण आफ्नो पारिवारिक अवस्थासँग सन्तुष्ट छन् । २०४१ सालदेखि अध्यापन कार्यमा संलग्न रेग्मी विभिन्न सङ्घ-संस्थाहरूमा पनि आबद्ध रहेर सामाजिक सेवामा लागेको देखिन्छ ।

सहयोगी, उदार र कोमल हृदय भएका ध्रुवकिरण रेग्मीले समाजको वेथिति, अन्धविश्वासले आक्रान्त पारेका निम्नवर्गका मानिसप्रति सहानुभूति राख्दछन् । सत्कर्मप्रति विश्वास राख्ने रेग्मीमा धार्मिक सम्प्रदाय मन नपर्दो रहेछ । मार्क्सवादी सिद्धान्तसँग निकटता राख्ने उनले सङ्घर्ष भनेको कर्म हो भनी ठान्दछन् । नेपाली साहित्यका माधव घिमिरेको ‘गौरी’ र देवकोटाको ‘मुनामदन’ बाट रेग्मी बढी प्रभावित देखिन्छन् । साहित्य-सिर्जनामा लागेर पनि आफ्नो उचित मूल्याङ्कन नभएको गुनासो भए तापनि उनी बेखुसीचाहिँ छैनन् । कविता कृतिहरूको जन्म गराउन सक्नु नै आफ्नो सन्तुष्टि भएको ठान्दछन् । राष्ट्रिय स्तरका पुरस्कार नपाए पनि उनले स्थानीय मान-सम्मान प्रशस्त प्राप्त गरेका छन् ।

यसरी ध्रुवकिरण रेग्मीको जीवनीमा विविध उकाली र ओराली देखिए तापनि सादा जीवन उच्च विचारले सरल र स्वभाविक जीवन बाँच्न रूचाउने उनको जीवनी र साहित्य-सिर्जनाका बीच सुमधुर सम्बन्ध रहेकाले समग्रमा हेर्दा उनको जीवनीका विविध पाटाहरू सन्तोषप्रद नै देखिन्छन् ।

# अध्याय तीन

# ध्रुवकिरण रेग्मीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

'असामान्य रूपले कुनै व्यक्तिमा देखिने गुण नै व्यक्तित्व हो ।'[44] कुनै व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न पक्षका क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण हुन्छ । जीवनमा घटेका विविध घटना, सुःख-दुःख, आरोह-अवरोहका आधारमा कुनै व्यक्ति विशेषमा छुट्टै प्रतिभा प्रस्फुटन हुन सक्छ । जीवन भोगाइका क्रममा व्यक्तिलाई आफ्नो वरिपरिको घर समाज, परिवेश आदिले निकै प्रभाव पारेको हुन्छ । निजी व्यक्तित्वमा व्यक्ति विशेषको निजीपनका साथै व्यक्तिले अरूलाई प्रभावित पार्ने विशेषता निहित हुन्छ । समाजिक परिवेश, राष्ट्रिय, अन्तराष्ट्रिय घटनाक्रम पनि व्यक्तित्व निर्माणका प्रमुख कारक तत्व हुन सक्दछन् । व्यक्तित्व अनुभवमूल प्रवृति तथा आर्जित गुण एवम् प्रवृतिहरूको समूह हो ।[45] कुनै पनि व्यक्तिले उसको जीवनका ज्ञान र अनुभवका आधारमा कृतिहरूको रचना गर्दछ । रचनामा व्यक्तित्वको प्रभाव पर्दछ ।[46] कुनै पनि सामाजिक व्यक्तित्व भएको व्यक्तिको गुणले उसको निजी व्यक्तित्व निर्माण गर्दछ । साहित्य र समाजप्रति समर्पित व्यक्तिका स्वभाविक गुणले उसको व्यक्तित्वमा निकै प्रभाव पार्ने भएकाले यहाँ ध्रुवकिरण रेग्मीको व्यक्तित्वको अध्ययन गरिएको छ । उनका जीवनका विविध परिस्थितिजन्य अनुभवहरूलाई केलाएर यहाँ उनको व्यक्तित्वलाई बाह्य र आन्तरिक व्यक्तित्वमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व र स्वभाव

बाहय शारीरिक बनोटको संरचनाले बाहय व्यक्तित्वलाई झल्काउँछ । शारीरिक अवस्थासँग आन्तरिक व्यक्तित्व जोडिदा कुनै पनि उसको वास्तविक पहिचान छर्लङ्ग हुन्छ । ध्रुवकिरण रेग्मीको बाह्य व्यक्तित्व निकै आकर्षक छ । ५ फिट ६ इञ्च उचाइ भएका ६० के.जी तौल, छरितो शरीर, आकर्षक जिऊडाल, ठूलो निधार, सुन्दर मोहडा

---

[44] बालचन्द्र शर्मा (सम्पा.) **नेपाली शब्दकोष**, (काठमांडौ, सृष्टि प्रकाशन चावहिल २०५७), पृ. ९८५ ।
[45] बालकृष्ण पोखरेल (नि.) **नेपाली बृहत शब्दकोश**, पुनर्मुद्रित (काठमाण्डौः ने.रा.प्र.प्र.: २०५८) पृ. ११७५ ।
[46] कृष्णचन्द्र सिंह प्रधान (सम्पा.) **साझा समालोचना**, चौ.सं. (ललितपुरः साझा प्रकाशन, २०५२) पृ. १०४ ।

आदिले साच्चिकै उनलाई बाह्य व्यक्तित्वमा थप टेवा दिएको छ । मिलनसार, मृदुभाषी, धैर्यवान व्यक्तित्वका धनी ध्रुवकिरण रेग्मी साच्चिकै सोझो, सरल र सादा जीवन उच्च विचार भएका व्यक्ति हुन् । चिन्तनशील स्वभाव भएका रेग्मी सधैँ प्रसन्न हँसिला र उज्याला देखिन्छन् ।

करूणा, दया, माया, ज्ञान, विवेक भएका रेग्मीमा मानवतावादी विचार सल्बलाएको देखिन्छ । जो केहीसँग नम्र भई बोल्ने रेग्मी रोगी, दु:खी, गरिबप्रति सहानुभूति राख्छन् । कर्मप्रति विश्वास गर्ने रेग्मी सम्मानका भोका देखिंदैनन् । सामाजिक चेत भएका रेग्मीमा सामाजिक सङ्घ, संस्थासँग पनि त्यत्तिकै निकटता छ । बेइमान तथा दोहोरो चरित्र भएका व्यक्तिलाई घृणा गर्ने, अन्धविश्वास, अन्धपरम्पराको विरोध गर्ने उनको प्रवृति देखिन्छ । सामाजिक असमानताबाट उब्जिएको यो वर्गीय अवस्था देख्दा उनी निकै भावुक बन्दा रहेछन् । आजका युवा-युवतीमा देखिएको विकृति र विसङ्गतिले पनि उनी ज्यादै संवेदनशील छन् ।

यसरी मझौलास्तरको शरीर भएको ध्रुवकिरण रेग्मीको बाह्य व्यक्तित्वले उनको सामाजिक, व्यक्तित्वलाई छर्लङ्ग पारेको छ । मिलनसार, सहयोगी, दीन-दु:खी र असहायप्रति बढी नै संवेदनशील हुने रेग्मीको अन्तर्मुखी, गम्भीर, चिन्तनशील, अध्ययनशील र भावुक देखिने उनको बाह्य व्यक्तित्व साँच्चिकै अनुकरणीय छ ।

## ३.३ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो तापनि समाजमा सवै मानिस समाजप्रति उत्तरदायी हुन्छन् भन्न सकिन्न । आफ्नो घर परिवार भन्दा माथि उठेर समाजका लागि थप योगदान दिन सक्ने व्यक्तिलाई सार्वजनिक व्यक्तित्वका आधारमा मूल्याङकन गर्नुपर्छ । हिजोको ढुङ्गेयुगलाई परिवर्तन गराएर आजको यस आधुनिक युगसम्म ल्याइपुऱ्याउन यस्तै सामाजिक व्यक्तित्वबाट थुप्रै योगदन दिइएको पाइन्छ । जीवन यापनका क्रममा व्यक्तिले समाजप्रति गर्न सकेका कामका आधारमा उसको सामाजिक अस्तित्व के कति छ भन्ने कुरालाई सङ्केत गर्दछ ।

ध्रुवकिरण रेग्मीले आफ्नो जीवनयात्राको वर्तमान अवस्थासम्म आइपुग्दा विभिन्न सङ्घ-संस्थासँग आवद्ध भई धेरै व्यक्तित्व एकातिर स्थापित गरेका छन् भने अर्कोतिर समाजका

थुप्रै सङ्घ-संस्थामा रही सामाजिक भावनाको विकास गराउन महत्वपूर्ण योगदान दिएका छन् । यिनको सार्वजनिक व्यक्तित्वलाई विभिन्न कोणले चर्चा गर्नुपर्ने देखिएकाले निम्नानुसारका शीर्षकमा उनको सार्वजनिक व्यक्तित्वलाई चर्चा गरिन्छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यिक भनेको साहित्यसँग सम्बन्ध राख्ने साहित्य सम्बन्धी हो ।[47] यसै साहित्यक पक्षसँग सम्बन्धित व्यक्तित्वलाई साहित्यक व्यक्तित्व भनिन्छ । विद्यालयीय जीवनबाट नै साहित्य यात्रामा कविता लेखेर अगाडि बढेका रेग्मी प्रभावशाली व्यक्तित्व भएका साहित्यिक व्यक्तित्व हुन । आफ्नै घर-समाज, संस्कृतिका विकृतिलाई कोट्याउँदै आफ्ना कविताका विषय बनाउने रेग्मीको सबैभन्दा बढी कलम चलेको विधा कविता हो । 'ध्रुवकिरण रेग्मीमा कवि, गीतकार र गायक तीनै प्रतिभाहरू अन्तर्निहित छन् । उनी छरिता र सहज मुक्त छन्दका कविता र लोकजीवनले ओतप्रोत सुललित गीतहरू लेख्छन् र आफै मौलिक लय भरेर मधुर स्वरमा गाउँछन् ।'[48] बालककालदेखि नै साहित्य सिर्जना र सुन्न अभिप्रेरित भइरहने साहित्यकार रेग्मीको 'मातृभूमि' साप्ताहिकमा २०३८ मा छापिएको 'नमस्कार' कविता पहिलो कविता हो । २०३८ साल मै 'जहर' शीर्षकको मुक्तक 'चर्चा' साप्ताहिकमा छपाएर उनी साहित्य यात्रामा अगाडि बढेको पाइन्छ ।[49] खासगरी प्रगतिशील साहित्यसँग नजिक रहेका साहित्यकार रेग्मीले शोषित पीडित जनताका पक्षमा आफ्नो कलम दौडाएका छन् । यिनका कवितामा नारीका व्यथा र वेदनाहरू पोखिएका हुन्छन् ।[50]

विशेषगरी मुक्त छन्द र सवाइ लोकलय कविता लेख्न रूचाउने उनका कविता सौन्दर्ययुक्त, सन्देशमूलक, सकारात्मक र सचेत छन् । यसरी रेग्मीले वस्तुगत सामाजिक यथार्थलाई चित्रण गर्दै अगाडि बढेको पाइन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभिन्न भागमा अध्ययन गरिएको छ ।

---

47 बालकृष्ण पोखरेल (नि.) पूर्ववत पृ. १२७० ।

48 ध्रुवकिरण रेग्मी, **मेरो विवु इन्जेक्सन र इमर्जेन्सी**, रविकिरण निर्जीव (मन्तव्य), (चितवनः सुमन अधिकारी, चितवन २०६५), पृ.क. ।

49 शोधनायकबाट प्राप्त जानकारी ।

50 लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** : (चितवन वाङ्मय प्रतिष्ठान, नेपाल, ०५२) पृ. ।

### ३.३.१.१ कवि व्यक्तित्व

रेग्मीको विशेष व्यक्तित्व नै कवि व्यक्तित्व हो । विद्यालय अवस्थादेखि नै साहित्यतर्फ उन्मुख भएका रेग्मीले मनमा उठेका संवेदनाका छालहरूलाई आफ्ना सिर्जनामार्फत पस्केका छन् । गरिबहरूको अभाव र दुर्दशादेखि द्रविभूत र संवेदित भएर तिनलाई मुक्त र उत्थान गर्न आवाज उठाउने कवि ध्रुवकिरण रेग्मी प्रगतिशील स्रष्टा हुन ।[51] कक्षा ६ पढ्दा नै हरेक अतिरिक्त क्रियाकलाप अन्तर्गत हुने साहित्यिक कार्यक्रममा भाग लिने क्रममा विविध कविता लेखेका रेग्मीले सर्वप्रथम २०३८ सालमा 'नमस्कार' कविता मातृभूमि साप्ताहिकमा छपाएका थिए । कवितामा रेग्मीको व्यङ्ग्यचेत, विद्रोही भावना र क्रान्तिधर्मितालाई प्रस्तुत गरिएको छ ।

पाँच पैसाका निम्ति

हजारचोटि उनले नमस्कार गरिसकिन्

फगत् पाँच पैसाको निम्ति

रेग्मीका हालसम्म ४ वटा कविता सङग्रह प्रकाशित भइसकेका छन् । विभिन्न समयमा विभिन्न पत्रिका, स्मारिका, गाष्ठी आदिमा प्रकाशित कवितालाई यी सङग्रहहरूमा सङकलित गरिएको छ । वि.सं. २०४७ साल साप्ताहिक जनादेश मा 'बहुदलको बयान' शीर्षकको कविता र 'यात्रा' शीर्षक कविता साहित्य सङ्गम चितवनबाट प्रकाशित हुने 'नौलो राँको' मा प्रकाशित भएको पाइन्छ । यी सबै कवितामा क्रान्तिचेत, नयाँ विचारतर्फको सङ्केत, देशको गरिबी एवं सामाजिक असमानताप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

क्रान्ति अवश्य हुन्छ

गरिवीको आगो दन्कन्छ

[51] ध्रुवकिरण रेग्मी, **मेरो विवू इन्जेक्सन र इमर्जेन्सी**, (भूमिकाः रविकिरण निर्जीव, चितवनः सुमन अधिकारी) २०६५ पृ.ख. ।

वम पड्कन्छ, पड्कँदै जान्छ ।[52]

यसरी जीवनको जटिलता, बाँच्नुको व्यर्थता, भ्रष्टाचार, कालोबजार, विसङ्गति, विकृति, अन्धविश्वास, सामाजिक, धार्मिक, राजनैतिक आदि विषयमा विद्रोही स्वर दिनु उनका कविताको विषयगत परिधि हुन् । देखेभोगेका अनुभव, करूणाका अनुभूतिलाई भाषानुकूल शब्द टिपेर विम्व र प्रतीकका माध्यमबाट अभिव्यञ्जनात्मक ढङ्गले प्रस्तुत गर्ने कवि रेग्मीको शैली सरस तथा प्रभावकारी देखिन्छ । यिनका कवितामा बाँसुरीको मर्मभेदी रोदनभन्दा विद्रोहको तातो रापको अनुभूति  हुन्छ ।[53]

अतः उनको कवि व्यक्तित्व उनको साहित्यिक व्यक्तित्वको श्रेणीमा रहने प्रमुख व्यक्तित्व हो ।

### ३.३.१.२ मुक्तककार व्यक्तित्व

ध्रुवकिरण रेग्मीको साहित्यिक विविध व्यक्तित्वमध्ये मुक्तक व्यक्तित्व पनि उच्च स्थानमै रहेको पाईन्छ । मुक्तक कविताको एउटा स्वरूप हो । मुक्तकमा पनि उनको कलम चलेको हुनाले मुक्तककार व्यक्तित्व भनेर छुट्टै व्यक्तित्वमा वर्णन गरिएको छ ।

२०३८ साल भाद्र १५ गते ‘चर्चा’ साप्ताहिकमा प्रकाशित भएको ‘जहर’ मुक्तकले उनी सफल मुक्तककार भएको पुष्टि हुन्छ ।

रोगी भन्दैनन् यिनी मिचाहाहरू

गर्भिणी भन्दैनन् यिनी लुटेराहरू

त्यसैले जहर ल्याएर खन्याइदिऊँ [54]

अभिव्यक्तिका दृष्टिले लाक्षणिकता, आवृत्ति, प्रतीक र व्यञ्जना आदिले मुक्तकको अन्तरवस्तुले मानसपटलमा संवेदना पैदा गर्दछ । यसरी विभिन्न समयमा प्रकशित विविध मुक्तकले यिनी सवल मुक्तककारका हुन् भन्ने पुष्टि हुन्छ ।

---

[52] ध्रुवकिरण रेग्मी, **दरिद्रताको परिवेश**, (चितवन, साहित्य सङ्गम, ०६२), पृ. २३ ।

[53] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (भूमिकाः प्रेमविनोद नन्दन), (शान्ता अधिकारी, क्यालिफोर्निया, यु.एस.ए. २०६४) ।

[54] ध्रुवकिरण रेग्मी, **दरिद्रताको परिवेश**, साहित्य सङ्गम, चितवन २०६२ पृ. २) ।

#### ३.३.१.३ सम्पादक व्यक्तित्व

ध्रुवकिरण रेग्मीले आजसम्म कुनै पत्रिकाको प्रमुख सम्पादक भएर काम गरेको पाइदैन तापनि विधालयस्तरका पत्रिका, कलेजस्तरका पत्रिकामा सम्पादक मण्डलमा बसी कार्य गरेको पाइन्छ ।[55] गण्डकी विधार्थी परिषद्को मुखपत्र 'लालुपाते' (२०३८/०३८) को सम्पादक, पारस नि.मा.वि.,चितवनको रजत जयन्ती स्मारिका (२०५९) को सम्पादक मण्डल, लमजुङ अर्चलेवोट अलैंचे (०५६) स्वर्ण जयन्तीको स्मारिकाको सम्पादक मण्डलको सहयोगी आदिका रूपमा सम्पादन कार्य गरेर सफल सम्पादकको रूपमा भूमिका निर्वाह गरेकाले सम्पादक व्यक्तित्व हुन भन्ने प्रष्ट हुन्छ ।[56]

#### ३.३.१.४ गीतकार व्यक्तित्व

ध्रुवकिरण रेग्मी सफल गीतकार हुन् । "ध्रुवकिरण रेग्मीमा कवि गीतकार र गायक तीनै प्रतिभाहरू अन्तर्निहित छन् ।"[57] उनले लोकजीवनमा प्रभाव पार्ने सुललित गीतहरू लेखेको पाइन्छ । उनी गीतमा पनि व्यङ्ग्य घोलेर श्रोताहरूलाई पेट मिचीमिची हाँस्नु पर्ने गराउँछन् । सामाजिक व्यथाहरूलाई आफ्नो गीतमा ढाल्न सिपालु रेग्मी साँच्चिकै सरल एवं सहज गीत लेख्छन् । ''अशान्तिले जन्माएको सेतो चोली'' (०६४) उनको गीतिसङ्ग्रह  हो । ''कोइलीको स्वर र मुजुरको नृत्य पनि ध्रुवकिरणको यस गीति निकुञ्जभित्र देखिन्छ ।''[58]

''रगत र आसुंको खोलो
जता हेयो त्यतै छ अँधरो' (सेतो सारी)"
''गर्छौ भने देशको माया भित्रैदेखि गर
होइन भने तिमी अब अर्कै देशमा सर''

(देशको माया)

55 शोधनायकबाट प्राप्त जानकारी ।
56 शोधनायकबाट प्राप्त जानकारी ।
57 ध्रुवकिरण रेग्मी, **मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी**, (भूमिका : रविकिरण निर्जीव), (चितवनः सुमन अधिकारी ०६५), पृ. क ।
58 ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, चेतकान्त चापागाई (भू.), क्यालिफोर्नियाः, शान्ता अधिकारी ०६४, पृ. ग ।

ध्रुवकिरण रेग्मी कतै शोक गीतमा रसाएका छन भने कतै विद्रोहको तातो रापको अनुभूति भएका गीतले साँच्चिकै उनी सफल गीतकार भएको पुष्टि हुन्छ ।

## ३.४ साहित्येतर व्यक्तित्व

एउटै साहित्यकारभित्र अनेक व्यक्तित्व हुन सक्छ । ध्रुवकिरण रेग्मीमा साहित्यिक र साहित्येतर व्यक्तित्व दुवै समानान्तर रूपमा देखा पर्दछन् । यस शीर्षक अन्तर्गत तल विविध पक्षहरूमा केन्द्रित रही उनको साहित्येतर व्यक्तित्वलाई केलाउन सकिन्छ ।

### ३.४.१ शिक्षक व्यक्तित्व

ध्रुवकिरण रेग्मीको प्रमुख व्यक्तित्वमध्ये शिक्षक व्यक्तित्वले महत्वपूर्ण स्थान राख्दछ । वि.सं. २०४१ सालदेखि उनी शिक्षण पेशामा संलग्न भएको देखिन्छ । उनले २०४१-२०४३ सालसम्म रा.प्रा.वि. उज्जलनगर चितवनमा शिक्षक पदमा काम गरे । हिमालय मा.वि. चम्पानगरमा ०४६/०४७ सालमा पुनः शिक्षक पदमा काम गरेका ध्रुवकिरणले लिटिल स्टार आ.मा.वि. कृष्णपुरमा २ वर्ष (०५४) अध्यापन गरेको देखिन्छ । वि.सं. ०५६ देखि हालसम्म सिर्जना आ.मा.वि. शरदपुरमा मा.वि. दरवन्दीमा कुशल शिक्षकको रूपमा अध्यापन गर्दै आएको देखिन्छ । यसप्रकार हालसम्म विभिन्न अवधि गरेर १६ वर्ष शिक्षण व्यवसायमा लागेका ध्रुवकिरणलाई यो पेसा अति नै प्यारो लाग्छ । हाल आंशिक शिक्षकको रूपमा हिलवर्ड आ.मा. वि. भरतपुरमा पनि काम गर्दै आएका छन् । उनी यस पेसाबाट अझै अघाएका छैनन् । यो पेशामा उनी ठूलो गर्व गर्छन् । यस पेसाकै कारण उनलाई साहित्य-सिर्जनामा समेत टेवा मिलेको छ ।[59]

### ३.४.२ साहित्यिक सङ्घ-संस्थाहरूसँग संलग्न व्यक्तित्व

ध्रुवकिरण रेग्मी विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूसँग संलग्न रहँदै आएका छन् । साहित्य सङ्गम चितवनको आजीवन सदस्यका रूपमा काम गरेका ध्रुवकिरणले प्रगतिशील लेखक सङ्घ चितवनको सदस्य पदमा समेत रहेर काम गर्दै आएका छन् । यस्तै अविरल साहित्यिक मञ्च गीतानगरको सदस्यका रूपमा कार्यरत उनले आफ्नो अध्ययन गर्ने विद्यालयका विभिन्न भित्ते पत्रिका, सिर्जना द्वैमासिक

[59] शोधनायकबाट प्राप्त जानकारी ।

पत्रिकाको सल्लाहकारका रूपमा समेत रहेर काम गरेको पाइन्छ ।[60] ती तथ्यहरूले विभिन्न साहित्यिक सङ्घ-सङ्स्थासँग उनको आवद्धता रहेको कुराको पुष्टि गर्दछन् ।

### ३.४.३ सामाजिक सङ्घ-संस्थाहरूसँग संलग्न व्यक्तित्व

ध्रुवकिरण रेग्मीको संलग्नता सामाजिक सङ्घ-संस्थाहरूसँग पनि रहेको देखिन्छ । उनी सामाजिक सङ्घ-संस्थाहरूमा काम गर्ने व्यक्तिका रूपमा समेत चिनिन्छन् । "नेपाल रेडक्रस सोसाइटी चितवन शाखाको आजीवन सदस्य पदमा रहेर उनले मानवीय कार्यमा सहयोग पुऱ्याएको पाइन्छ । खगेरी सिंचाईअन्तर्गतको कुलो समितिको अध्यक्ष भएर उनले किसानका माझ सक्रिय रूपमा काम गरेको पाइन्छ । यस्तै उज्ज्वल दुग्ध उत्पादन संस्था चम्पानगर चितवनको सदस्य भई काम गरेको पाइन्छ ।[61] आफ्नो टोल छिमेकमा यस्तै थुप्रै अन्य सामाजिक संघ संस्थामा रही विकास निर्माण सम्बन्धी कार्यमा प्रत्यक्ष संलग्न भई काममा सहयोग पुऱ्याएको पाइन्छ ।[62]

यस प्रकार ध्रुवकिरण रेग्मी विभिन्न संघ-संस्थाहरूसँग आवद्ध भई समाजसेवा गर्दै आएको देखिन्छ । यसले उनको सामाजिक व्यक्तित्वको परिचय दिएको छ ।

### ३.४.४ राजनीतिक व्यक्तित्व

ध्रुवकिरण रेग्मी राजनीतिक व्यक्तित्व पनि हुन । पारिवारिक राजनीतिक पृष्ठभूमि नभए पनि विद्यार्थी जीवनदेखि नै राजनैतिक क्रियाकलापमा संलग्न रहँदै आएका रेग्मीको राजनैतिक मान्यता वामपन्थी विचारधारा हो ।[63] मार्क्सवादी चिन्तन-दर्शनबाट प्रेरित रेग्मी शोषित-पीडित जनताका पक्षमा लेख्छन् । विद्यार्थी जीवनमा अखिल भन्ने सङगठनतिर लागेर चुनावी मैदानमा उत्रेको पनि पाइन्छ । शैक्षिक संस्थामा आवद्ध भएर लामो समय नेपाली भाषा, साहित्य र शैक्षिक उत्थानका लागि योगदान दिएका रेग्मीले राजनीतिक पृष्ठभूमिमा रहेर साम्यवादी दर्शन व्यवहारमा उतार्न लागी परेको

---

60 शोधनायकबाट प्राप्त जानकारी ।
61 शोधनायकबाट प्राप्त जानकारी ।
62 श्रीमती चिजाकुमारीबाट प्राप्त जानकारी ।
63 शोधनायकबाट प्राप्त जानकारी ।

देखिन्छ । देशको राजनीतिक विकृति र विसङ्गतिप्रति चिन्ता व्यक्त गर्छन ।[64] रेग्मीको राजनीतिक मान्यता आफ्ना लेख रचनाको माध्यमबाट पनि प्रकट भएको पाइन्छ ।

### ३.४.५ प्रेरक व्यक्तित्व

ध्रुवकिरण रेग्मी प्रेरक व्यक्तित्वमा गनिने नाम हो । उनी आफू साहित्यानुरागी भएका नाताले अरू व्यक्तिहरूलाई पनि साहित्यमा लाग्न प्रेरक बनेको देखिन्छ । उनको व्यक्तिगत व्यक्तित्व, सामाजिक व्यक्तित्वले टोल छिमेकी सबै प्रेरित भएको पाइन्छ ।[65] उनले सामाजिक क्षेत्रमा गरेको कार्यले पनि धेरै मानिस सामाजिक काममा जुटेको देखिन्छ । यसरी साहित्य लेखनतर्फ तथा सामाजिक काममा उनीबाट धेरैले प्रेरणा प्राप्त गरेको जानकारी पाइन्छ ।

## ३.५ ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तरसम्बन्ध

ध्रुवकिरण रेग्मी ज्यादै कोमल, करूण हृदय भएका कसैलाई बिगार्न नचाहने प्रवृत्ति भएका व्यक्ति हुन । उनले आफ्नो जीवनका उतारचढाव, चिन्ता, समस्या तथा समाजमा विद्यमान अन्याय, अत्याचार र शोषणको प्रतिकार आफ्ना कलमको माध्यमबाट व्यक्त गर्दछन् । त्यस्तै देशका नेताबाट देश र जनताप्रति भएका घात-प्रतिघातहरूलाई आफ्ना कृतिहरूमार्फत पोख्ने गरेका छन् । साहित्य सिर्जनालाई जीवनका भोगाइसँग साटासाट गर्ने ध्रुवकिरण आफ्ना अनुभव र अनुभूतिका साथै समाजको वस्तुगत स्थितिको यथार्थ चित्रण गर्दछन् ।

ध्रुवकिरण रेग्मीको व्यक्तिगत जीवन र उनका सिर्जनावीच अनयोन्याश्रित सम्बन्ध पाइन्छ । जीवन र जगतका भोगाइलाई गीतिलयमा घोलेर कृतिमा सजाइएका छन् । जनजिब्रोका बोलीहरू टपक्क टिपेर निकै सरल, सहज भाषशैलीमा उतारि कृतिको स्वरूप दिइएको पाइन्छ । उनका सिर्जनामा सर्जक स्वयम्को जीवन्त र कलामय प्रतिबिम्ब अन्तर्व्याप्त भएको छ । “अशान्तिले आक्रान्त हाम्रो संस्कृति र समाज, व्यक्ति अनि परिवारभित्र जुन अभिशप्त चित्कार छ, त्यसलाई गीतका लय छन्दहरूमा अभिव्यञ्जन दिने प्रयास भएको छ ।”[66]

---

[64] शोधनायकबाट प्राप्त जानकारी ।

[65] शिक्षक डिल्ली प्रसाद पोखरेलबाट जानकारी ।

[66] शिक्षक डिल्ली प्रसाद पोखरेलबाट जानकारी ।

यसरी ध्रुवकिरण रेग्मीले आफूभित्र रहेका छटपटी, द्वन्द्व अनि सामाजिक विकृति, अन्याय अत्याचारप्रति तिखो व्यङ्ग्यवाण तेर्स्याउँदै आफ्ना सिर्जनामा समेटेको पाइन्छ । उनको साहित्यिक यात्रा र जीवनवीचका घटनाक्रमले निकटतम सम्बन्ध राखेको पाइन्छ । निष्कर्षमा भन्नुपर्दा उनको जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच निकै अन्तरसम्बन्ध भएको देखिन्छ ।

## ३.६ साहित्यसम्बन्धी ध्रुवकिरण रेग्मीको धारणा

साहित्य नै जीवन हो भन्ने ध्रुवकिरण रेग्मी साहित्यलाई जीवन-जगत्को अनुभवको अभिव्यक्ति मान्दछन् । कुनै पनि सिद्धान्त वादमा आधारित भएर साहित्य सिर्जना गर्नुहुँदैन भन्ने मान्यता राख्ने रेग्मी साहित्य समाजको दर्पण हुनुपर्छ भन्दछन् । मानिसको हाँसो, रोदन, सुख-दुःख समेटिएको यथार्थपरक चित्रण गर्नुपर्ने रेग्मीको धारणा छ । सुरूमा उनका कृति नारीप्रति सहानुभूति प्रकट गर्दै सामन्ती संरचना भत्काउन आव्हान गरिएको पाइन्छ । पितृसत्तात्मक सामाजिक सम्बन्ध विकास भएपछि नारीहरू लिङ्गीय, जातीय र वर्गीय शोषण-दमनका चपेटामा पर्न थालेका हुन् ।[67] उनी मानिसको सामाजिक, आर्थिक पक्ष मात्र नभई मान्छेको सम्पूर्ण जीवन नै साहित्यमा पस्कन चाहन्छन । उनको विचारमा जीवन जगतको यथार्थता साहित्यमा मुखरित भएको हुनुपर्दछ ।

यसरी ध्रुवकिरण रेग्मीको विचारमा समाजको यथार्थलाई साहित्यमा उतार्नुपर्ने धारणा पाइन्छ । विशेषगरी दीनदुःखीप्रति सहानुभूति हुनुपर्ने विचार पनि उनको पाइन्छ । समाजको अनुहार चिहाउन साहित्य नै विश्वसनीय हुने भएकोले सामाजिक धरातलमा उभिएर साहित्य सिर्जना गर्नुपर्ने उनको धारणा रहेको छ ।

## ३.७ एक झलकमा ध्रुवकिरण रेग्मी

| | | |
|---|---|---|
| नाम | : | ध्रवकिरण रेग्मी । |
| जन्म | : | वि.सं. २०११ आश्विन २८ । |

[67] ताराकान्त पाण्डेय, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ**, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. २०५५) पृ. १५५ ।

जन्मस्थान : अलैंचे, लमजुङ ।

शिक्षा : स्नातक (वी.एड.) ।

श्रीमती : श्रीमती चीजा रेग्मी ।

परिवार : ५ जना (२ छोरा १छोरी समेत) ।

पेशा : शिक्षण ।

पैत्रिक पेशा : कृषि ।

सेवा-प्रवेश : २०४१ देखि हालसम्म ।

प्रथम प्रकाशित कृति : नारीपीडा (कविता सङग्रह) २०५२ ।

प्रथम प्रकाशित कविता शीर्षक : 'नमस्कार' (मातृभूमि पत्रिकामा २०३८) ।

प्रथम प्रकाशित मुक्तक : 'जहर' (चर्चा साप्ताहिकमा २०३८) ।

जम्मा पुस्तकाकार कृति :

१.नारी पीडा (कविता सङ्ग्रह-२०५२) ।

२.दरिद्रताको परिवेश (कविता सङ्ग्रह-२०६२) ।

३.अशान्तिले जन्माएको सेतो चोली (गीति सङ्ग्रह-२०६४) ।

४.मेरो बिबू, इन्जेक्सन र इमर्जेनसी (कविता सङ्ग्रह-२०६५) ।

प्रकाशोन्मुख कृति : राप्तीको सेरोफेरो, काँसघारीदेखि पिडेनीसम्मका म र गौरी (गोठाले सस्मरण) ।

जम्मा फुटकर कविता : ७७

स्थायी बसोबास : गीतानगर-२, चितवन

संलग्न सङघसंस्था :

१.साहित्य सङगम चितवन

२.अविरल साहित्यिक मञ्च, चितवन

३.सिर्जना आवासीय बोर्डिङ, भ.न.पा.-०९, चितवन

## ३.८ सारांश

व्यक्तिको निजी र सार्वजनिक जीवनका विविध पक्षले उसको व्यक्तित्व निर्धारण गर्दछ । जीवन भोगाइका क्रममा देखापरेका दुःख सुख, व्यक्तिको समाज, परिवार, शिक्षादीक्षा, वातावरण आदिले उसको जीवनमा पारेको प्रभाव स्वरूप विविध आरोह-अवरोहलाई देखाउँछ । यसैक्रममा ध्रुवकिरण रेग्मीको व्यक्तित्वको पाटोलाई केलाउँदा

उनी चिन्तनशील स्वाभावका देखिन्छन् । वाह्य संरचनामा मझौला कदका देखिने रेग्मी सरल, मृदुभाषी र निष्कपट प्रवृत्तिका छन् ।

कर्मप्रति विश्वास राख्ने रेग्मीमा ईर्ष्या छैन । करूणा, दया, माया, विवेक भएका रेग्मीमा राष्ट्रवादी विचार छ । शोषित-पीडितका पक्षमा उभिएर अन्धपरम्परा, कुसंस्कृति, विकृतिको विपक्षमा उनी आफूलाई उभ्याउँन रूचाउँछन् । उनी स्वाभिमानी, निर्भिक र नरम पनि छन् । सामाजिक असमानता, राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा देखापरेका विकृति र विसङ्गति, वर्गीय पक्षपातजस्ता वर्तमान अवस्थामा देखापरेको संवेदनशीलतालाई गम्भीर रूपमा उठाउँछन र व्यङ्ग्य मिश्रित शैलीमा आफ्ना सिर्जनामा व्यक्त गर्छन ।

ध्रुवकिरण रेग्मीको सार्वजनिक व्यक्तित्वअन्तर्गत समाजसेवी व्यक्तित्व, शिक्षक व्यक्तित्व, राजनीतिक व्यक्तित्व आदि थुप्रै व्यक्तित्व पर्दछन् । साहित्यिक व्यक्तित्वअन्तर्गत कवि व्यक्तित्व, सम्पादक,मुक्तक आदि व्यक्तित्व प्रखर रूपमा देखापरेको छ । उनको खास साहित्यिक व्यक्तित्वमा कविता नै प्रमुख क्षेत्र हो ।

आफूले देखेभोगेको, जाने-बुझेका र अनुभव गरेका भावना र विचारहरूलाई साहित्यिक र साहित्येतर दुवै क्षेत्रबाट महत्वपूर्ण योगदान दिएका रेग्मीको निजी र सार्वजनिक दुवै व्यक्तित्व सफल र उज्ज्वल भएको पाइन्छ ।

# अध्याय चार

## ४. ध्रुवकिरण रेग्मीको साहित्यिक यात्रा र चरण विभाजन

लामो जीवनयात्रा क्रममा आएका अनेकौ सामाजिक, राजनैतिक परिवर्तनहरूसँगै उनको काव्यको जीवनयात्रा प्रभावित भएको देखिन्छ । आफ्नो जीवनकालमा देखिएका अनेक राजनीतिक, प्रशासनिक, सामाजिक समस्या र यसबाट सिर्जित वातावरण नै उनका काव्य कृतिका विषयगत शीर्षक हुन् । आफ्नो पालाका अनेक राजा-महाराजाहरूको स्थीति, अनेक आन्दोलन, आन्दोलनको अधुरो रूप, राजनैतिक विचलन आदिसँग ध्रुवकिरण रेग्मी प्रत्यक्ष परिचित हुने मौका पाए । राणा शासनको पतन पछि पनि नेपालमा राजनैतिक, सामाजिक, प्रशासनिक सबै क्षेत्रमा सामन्तवादी प्रवृत्ति नै हावी भएको अवस्थालाई पनि यिनले नजिकैबाट नियालेका थिए । देशमा व्याप्त आर्थिक अभावले गरीब जनताको जीवनमा देखापरेको निराशा र निरङ्कुशतन्त्रले बढाउँदै लगेको स्वच्छाचारी शासन पद्धतिका विरूद्धमा जनमानसमा उर्लिएको विरोधी भावन नै उनका कवितामा अभिव्यक्त भएका छन् । उनको कविता यात्राको विकासक्रम एकैनासले अगाडि बढेको छैन । त्यसैले रेग्मीका कविताहरूको विश्लेषण गर्नुपूर्व उनको कविता-यात्राको चरणहरूको पहिचान गर्नु आवश्यक हुन्छ ।

### ४.१ रेग्मीको कविता-यात्राको विकासक्रम

सबै प्रकारका पद्यात्मक रचना र सामान्यतः छन्दोबद्ध गीतिमय वा लाययुक्त रचनालाई कविता भनिन्छ ।[68] नेपाली भाषाको लिखित काव्य "वीरवन्दना" बाट प्रारम्भ भएको रहेछ भन्ने आजसम्मको हाम्रो खोजबाट देखिएको छ ।[69] यसपछि भक्तिधारा हुँदै श्रृङगारधारा बाट आधुनिककालीन परिष्कारबादी धारा- स्वच्छन्दतावादी धारा-प्रगतिवादी धारा पछि देखापरेको प्रयोगवादी धाराको उत्तरार्धतिर देखा परेका रेग्मी कवि प्रतिभा भए तापनि उनले प्रयोगवादी प्रवृतिलाई आत्मसात गर्न सकेको देखिदैन । उनमा भावका दृष्टिले प्रगतिवाद नै पाइन्छ । कतै कतै आध्यात्मवादलाई समेत अगाडि लिएर लेख रचना गर्ने रेग्मीले आफ्नो कविता यात्रा विद्यालयी जीवनकालबाट अगाडि बढाएको पाइन्छ ।

---

68 वासुदेव त्रिपाठी, (सम्पा.), **नेपाली साहित्यकोश,** (ललितपुरः साझा प्रकाशन, २०५५), पृ. २४० ।
69 केशवप्रसाद उपाध्याय, **प्राथमिककालीन कवि र काव्य प्रवृति**, ते.सं. (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ४ ।

रेग्मीका कविता कृति मुख्य गरी प्रगतिवादी प्रवृत्तिबाट अगाडि बढेको पाइन्छ । यिनका कृतिको विकासक्रमको यात्रामा खास यो नै समयावधि प्रगतिवाद तथा अन्य वादका रूपमा किटान गर्न नसकिए तापनि काव्यचेतनाका दृष्टिले उनका सबै कृति प्रगतिवादी धाराबाट नै अगाडि बढेका छन् । प्रगतिवादी काव्यचेतना, शास्त्रीयतावादी र स्वच्छन्दवादी काव्य मान्यताका विरूद्धमा विकसित भएको काव्य मान्यता हो । सामन्ती राज्यसत्ता र यसले निर्माण गरेको सांस्कृतिक मूल्यलाई आदर्श मानी त्यसैलाई पक्षपोषण गर्ने आदर्शवादी-अध्यात्मवादी मूल्यलाई नै शास्त्रीयतावादी काव्यले आफ्नो काव्य मान्यता बनाउँछ । स्वतन्त्रता प्रगति र यथार्थभन्दा पनि प्राचीन आदर्श र यथास्थीतिमै रमाउनु यस काव्यधाराको मूल विशेषता नै हो । परम्परागत मूल्य र अतिनियमबद्धताको बिरोधका साथै वैयक्तिक स्वतन्त्रता र काल्पनिक उडानमा जोड दिएर पूँजीवादी मूल्यको वकालत गर्ने स्वच्छन्दतावादी धाराले पनि मूलतः वास्तविकताभन्दा परको कल्पना जगतलाई नै सत्य ठान्दछ । प्रगतिवादी काव्यको मूलमान्यता यथार्थजगतको साँचो सत्यलाई स्वीकार गरी यथार्थ धरातलमा उभिएर अगाडि बढ्छ । रेग्मीका काव्यकृति यीनै प्रगतिवादी मान्यतामा उभिएर लेखिएका छन् । उनका काव्यकृतिका चरणको विश्लेषण गर्नुभन्दा पहिला उनको जीवनयात्रामा देखिएका खास-खास मोड, तत्कालिन नेपालको राजनैतिक, सामाजिक परिवेश नेपाली साहित्यमा देखा परेको परिस्थीति, उनका कवितामा देखिएका प्रवृत्तिगत विशेषताले नै उनको कविता-यात्राको चरण विभाजन भएको देखिन्छ ।

प्रगतिवादी कवितहरू कवितामा अन्तर्वस्तुलाई विशेष महत्व दिन्छन् । उनीहरू आफ्ना कवितामा मार्क्सवादी दर्शनले माग गरेअनुरूप कविताको विषयवस्तु ग्रहण गर्दछन् । अनि तदनुरूप नै भाव वा सन्देश प्रस्तुत गर्दछन् ।[70] कवि रेग्मीले पनि यिनै आधारमा आफ्ना कविता रचना गरेका छन् ।

## ४.२ चरण निर्धारणका प्रमुख आधारहरू

### ४.२.१ सामाजिक-राजनैतिक परिवेश

[70] डा. पशुपति तिमल्सेना, **युद्धप्रसाद मिश्र र उनका कविता,** (काठमाँडौः एशिया पब्लिकेसन्स प्रा.लि. ०५६) पृ. २७३ ।

मानिसलाई हरेक पक्षमा पार्ने तत्व नै सामाजिक-राजनैतिक परिवेश हो । समाजको वातावरण तथा राजनैतिक परिवेशले लेखक कलाकारलाई पनि प्रभावित पार्दछ । राणा शासनको पतन पछि २०१५ सालमा भएको आम निर्वाचन र २०१७ सालमा राजा महेन्द्रले शिशु प्रजातन्त्रमाथि गरेका बलात्कारले सामाजिक परिवेशमा छुट्टै स्थीति सिर्जना भयो । ध्रुवकिरण रेग्मीको युवाकालीन जीवन यही निरकुंश पञ्चायती शासन कालमा हुर्कियो । यतिवेलाको राजनैतिक परिवेशले उनका कृतिमा पनि प्रभाव पारेको देखिन्छ । २०३६ साल, २०४६ सालका जन आन्दोलनका कारण उनको मनमा पनि क्रान्तिविना सामाजिक सुधार र परिवर्तन गर्न सकिदैन भन्ने भावना विकसित हुन पुग्छ । यी कालखण्डमा भएका आन्दोलनमा उनी प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सामेला भई सामन्तवादका विरूद्ध आन्दोलनमा प्रेरित भए । आफ्नो कलमको माध्यमद्वारा उनले नेपाली समाजको कुण्ठा, पीडा, वेदना, राजनैतिक कुसंस्कार र यसबाट सिर्जित विकृतिको भण्डाफोर गर्दै अगाडि बढे । यसरी उनका कृतिमा सामाजिक-राजनैतिक परिवेशले प्रत्यक्ष असर पारेको पाइन्छ । कविले यथार्थमा अतीत, वर्तमान र भविष्यका आधारभूत गुणहरूलाई समायोजन गरी भविष्यको दृष्टिविन्दुबाट वर्तमानलार्य निर्देशन गर्नुपर्ने हुन्छ ।[71] यही यथार्थवादी दृष्टिकोण राखी कवि ध्रुवकिरण रेग्मीले यहाँको सामाजिक-राजनैतिक परिवेशलाई आत्मसाथ गर्दै आफ्ना कृति लेखेका छन् ।

### ४.२.२ बौद्धिक-साहित्यिक परिवेश

ध्रुवकिरण रेग्मीको साहित्यिक यात्राको विकासक्रमको प्रमुख मोड निर्धारणको आधारभूत तत्वको रूपमा आफ्नै घरायसी (दाजुहरूको संगत) तथा साहित्य अनुरागीको संसर्गले तयार पारेको वातावरणले महत्वपूर्ण भूमिका खेलेको छ । साहित्यकार दाजु रविकिरण निर्जीव र विभिन्न संघ सस्थासँगको सामिप्यताले उनको लेखमा प्रभाव पारको छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रभावले नेपाली समाजमा पारेको प्रभाव पनि नेपाली साहित्यमा असर पारेको देखिन्छ । युरोपीयन मुलुकमा भएको आधुनिक विकास र क्रान्तिकारी आन्दोलन, रूसी क्रान्ति तथा यसको विघट्न, भारत र चीनको तीव्रतर आर्थिक विकासको प्रभाव व्यापक रूपमा चर्चा परिचर्चा हुन थाल्यो । यिनै कारणले नेपाली समाजमा पनि विभिन्न बौद्धिक-साहित्यिक जगतले आफूलाई नयाँ परिवेशमा उभ्याएका

[71] निनु चापागाई, **यथार्थवादी रचना दृष्टिकोण र विवेचना,** (काठमाडौः दिल वरदान, महिम चापागांई, २०५१) पृ. ८१ ।

थिए । नेपालको राजनैतिक वातावरणमा शासक वर्गका क्रूरतालाई प्रत्यक्ष रूपमा अभिव्यक्ति दिन नसक्ने अवस्था भएकाले कविहरूले आफूभित्रको विद्रोह र क्रान्तिकारी भावनालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्थे ।

ध्रुवकिरण रेग्मीले यिनै सामाजिक-राजनैतिक घटनामा विकसित भएका बौद्धिक तथा साहित्यिक क्रियाकलापहरूबाट प्रभावित भई आफूलाई सोही अनुसार अगाडि बढाएको पाइन्छ । माथि उल्लेखित घटनाक्रमका जगमा टेकेर रेग्मीको कविता-यात्राको विकासक्रमको प्रमुख कालखण्ड निर्धारण गर्नुपर्ने हुन्छ ।

## ४.३ साहित्य यात्रा र चरण विभाजन

विद्यालय जीवनदेखि नै कलम चलाएका ध्रुवकिरण रेग्मीले नेपाली साहित्यमा २०२५ सालदेखि २०६५ सम्म जम्मा जम्मी ४० वर्षसम्मको साहित्ययात्रा पूरा गरिसकेका छन् । वि.सं. २०२५ सालमा पञ्चायतस्तरीय कवितामा प्रथम स्थान प्राप्त गरी कविता विधाबाट प्रारम्भ भएको ध्रुवकिरण रेग्मीको साहित्यिक यात्रामा आजसम्म निम्नानुसारका कविता कृतिहरू प्रकाशित भएका छन् :

- नारी-पीडा -कविता सङ्ग्रह) -२०५२
- दरिद्रताको परिवेश -कविता सङ्ग्रह) - २०६५
- अशान्तिले जन्माएको सेतो चोली -गीति-सङ्ग्रह) - २०६४
- मेरो बिवू, इन्जेक्सन र इमर्जेन्सी -कविता सङ्ग्रह) - २०६५

यही क्रममा “रापतीको सेरोफेरो, काँसघारीदेखि पिडेनीसम्मका म र गौरी” -गोठाले संस्मरण) प्रकाशोन्मुख छन् । ध्रुवकिरण रेग्मीको चार दशक लामो साहित्यिक यात्राको अवलोकन गर्दा यिनको काव्यकृति प्रारम्भदेखि क्रमशः विकसित हुँपदै पछिल्ला चरणमा अनुपरिष्कृत बनेका छन् । प्रारम्भमा फाटफुट कविता लेख्ने रेग्मीले वि.सं. २०५२ सालमा नारी-पीडा कविता सङ्ग्रह मार्फत नेपाली साहित्यको क्षेत्रमा सक्रिय योगदान दिएको पाइन्छ । यिनको साहित्यिक यात्रालाई पूर्वार्ध र उत्तरार्ध गरी दुई भागमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### ४.३.१ पूर्वार्ध-चरणः प्रारम्भदेखि वि.सं. २०५२ सम्म

विद्यायलयमा पढ्दै गर्दा कक्षा ४-५ देखि नै विद्यालयमा हुने शुक्रबारे कार्यक्रममा प्रायजसो कविता लेख्ने र वाचन गर्ने रेग्मी कक्षा ९ मा अध्ययन गर्दा कविता लेखेर औपचारिक रूपमा नै नेपाली साहित्यमा प्रवेश गरेको पाइन्छ । उनले २०२५ सालमा तत्कालीन संविधान दिवसको उपलक्ष्यमा कविता लेखी प्रथम स्थान प्राप्त गरेकाले पनि उनको कविता-यात्रा प्रारम्भमा नै सफल देखिन्छ तापनि संरचना, लय, भावका दृष्टिले यस चरणका रचना कलात्मक परिष्कारका दृष्टिले सशक्त बन्न सकेका छैनन् । वि.सं. २०५२ सालमा "नारी-पीडा" कविता सङ्ग्रह प्रकाशित गरेर उनले औपचारिक रूपमा साहित्य यात्रा सुरूवात गरेको देखिन्छ । यसपछिको पूरै एक दशकको समयावधिमा कुनै कृति प्रकाशित भएको देखिदैन । यस अवधिमा उनको साहित्यिक यात्रा शिथिल प्रायः देखिन्छ ।

यस चरणको सुरूमा देखापरेको "नारी-पीडा" कविता सङ्ग्रह सवाई छन्द र गीति लयमा रचिएको छ ।[72] यो उनको यस चरणमा प्रकाशित एक मात्र कविता सङ्ग्रह हो । एघार सर्गमा आबद्ध यो सँगालोले हरेक सर्गमा देशमा विभिन्न भागमा रहेका महिलाहरूको जटिल जीवनको सजीव चित्रण गर्नुका साथै नारी मुक्तिको पक्षमा हुँकार गरिरहेको पाइन्छ । "नारी-पीडा" (भरतपुरः श्रीमती चीजा रेग्मी, २०५२) माया र आत्मीयताको पासोमा पारेर वेश्यालयको नारकीय यातना गृहमा पुऱ्याइएका नारीलाई रूढिग्रस्त सामाजिक संरचनाको चिस्यानमा मिल्काइएका नेपाली महिलाको जटिल जीवनको सजीव चित्रण यस सँगालोमा गरिएको छ । यस चरणमा प्रवृतिलाई हेर्दा लेखनमा निरन्तरताको अभाव, सामाजिक विकृतिप्रति प्रहार, मानवीय चाहनाजस्ता प्रवृत्तिहरू भेटिन्छन् ।

यस समयावधिमा रेग्मीले कविता सिर्जनाका अभ्यास र प्रकाशन गर्ने प्रयास थालेका थिए । यस समयमा लेखिएका उनका कवितामा समाजसुधारवादी भावनको प्रभाव छ । यो समय उनको कविता-यात्राको अभ्यासकालीन समय हो । पश्चिमीमुलुकमा भएको

[72] ध्रुवकिरण रेग्मी, **"नारी-पीडा"**, (भुमिकाः कुन्ता शर्मा), (भरतपुरः श्रीमती चीजा रेग्मी, २०५२) पृ. क ।

आर्थिक विकास, नेपालको राजनैतिक परिवर्तन जस्ता विषयले लेखकहरूमा आएको नवीन चेतनाबाट रेग्मीमा समेत प्रभाव पारेको पाइन्छ । लेखनाथ पौड्याल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम जस्ता व्यक्तित्वको प्रभावबाट यिनमा पनि सामाजिक जागरणलाई उद्वोधन गर्ने भावना जागृत भएको पाइन्छ । प्रकाशनका दृष्टिले वि.सं. २०३८ सालमा 'मातृभूमि' पत्रिकामा प्रकाशित उनको पहिलो कविता "नमस्कार" को नमुना यस्तो छ :

मा्गदा-मा्गदा सडकमा

एउटी बूढी आमा मरिसकिन

पाँच पैसाका निम्ति

हजारचोटि उनले नमस्कार गरिसकिन्

फगत् पाँच पैसाका निम्ति

यस कवितामा नमस्कार यति सस्तो छ कि एउटी बूढी आमाले पाँच पैसाको निम्ति आफ्नो जीवन नै सक्दा पनि सामाजिक व्यवाहार सुध्रिएको छैन भन्दै व्यङ्ग्य गरिएको छ । ध्रुवकिरण रेग्मीले आफ्ना कविता-यात्राको प्रारम्भिक समयदेखि नै मानवीय जीवनका वैयक्तिक कमजोरी, आडम्वर, अन्ध परम्परा धारणाहरूप्रति आलोचना गर्दै समाज सुधारमा आफूलाई अगाडि बढाएका छन् ।

वि.सं. २०३८ सालमै प्रकाशन भएको 'जहर' कवितामा समेत कवितले सामन्तको विरूद्धमा यसरी लेख्छन् :

रोगी भन्दैनन. यिनी मिचाहाहरू

गर्भिणी भन्दैनन् यिनी लुटेराहरू

त्यसैले जहर ल्याएर खन्याइदिउँ

यसैगरी फुटकर कविताका रूपमा प्रकाशित भएका "गरीबीको आगो दन्कन्छ" (२०३८, लालुपाते मुखपत्र), "गरीबको बिलौना" (२०४९), पृष्ठभूमि साप्ताहिक) आदि कवितामा पनि रेग्मीले भोक, रोग, शोकबाट प्रताडित भएका गरीब जनताका पक्षमा उभिएर

कविता लेखेका छन् । जनाताभन्दा ठूलो सार्वभौमसत्ता अरू कसैमा हुँदैन भन्ने प्रजातन्त्रवादी चिन्तक रूसोको हरेक प्रकारका जटिलता, रूग्णता परतन्त्रतावाट मानिस मुक्त हुनुपर्दछ र त्यसका लागि परम्परागत सामन्ती राज्यसत्ता या निरङ्कुशतन्त्रले निर्माण गरेका सबै किसिमका राजनैतिक-सामाजिक बन्धनहरू तोड्नुपर्छ ।[73] उनका यस चरणका कवितामा विशेष गरी विद्यमान नेपाली समाजका चाहना वा परिवर्तनकारी चाहना बढी मुखरित भएको पाइन्छ । सामाजिक जीवनका यथार्थप्रति विशेष जोड दिए पनि स्वच्छन्दतावादी मान्यताबाट भने रेग्मी उम्कन सकेका छैनन् । वि.सं. २०५२ सालसम्मका उनका कवितामा समाजप्रतिको चासो, क्रान्तिकारी भावना, विद्रोहात्मक स्वर निकै प्रखर रूपमा आएको छ ।

उनका यस चरणको कवितामा निराशाबाट आशा, आदर्शबाट यथार्थतर्फ आकर्षण हुने चेतना क्रमसः विकसित हुँदै गएको पाइन्छ । जीवनजगतका घटना र सामाजिक मान्यताहरू हेर्ने दृष्टिकोण उनको 'नारी-पीडा' कविता सङ्ग्रहसम्म आइपुग्दा स्पष्ट भैसकेको छ । उनका कवितामा विद्रोही चेतना र सामाजिक जीवनको यथार्थ पीडालाई देखाउने प्रवृत्ति ज्यादा प्रबल बनेर आएको छ । यसरी विद्यालयस्तरमा पढ्दा पढ्दै कलम चलाउन थालेका ध्रुवकिरण रेग्मीले यो चरणमा विभिन्न फुटकर कविता र 'नारी-पीडा' पुस्तकाकारको कृति प्रकाशित गरेका छन् । संख्यात्मक रूपमा पुस्तक प्रकाशन कम भए तापनि 'नारी-पीडा' कविता सङ्ग्रहमा व्यङ्ग्य, विद्रोहीभाव, सामाजिक चेत, जीवनका भोगाई र अनुभूतिलाई पस्कन सफल भएकाले आभ्यासिक चरण भए पनि उनको यो चरण सफल नै देखिन्छ ।

### ४.३.२ उत्तरार्ध चरण (वि.सं. २०६२ देखि २०६५ सम्म)

पुरानो परम्परामा बग्दै वा अग्रभूमिको निर्माण गरी नयाँ परम्परा कायम गर्दै अबाध गतिमा अघि सरेको नेपाली कविता मुक्तकजस्तो छोटो रूप देखी महाकाव्यजस्तो ठूलो रूपसम्म मौलाएको छ ।[74] आधुनिक नेपाली कविता काव्यको स्पष्ट बयान र समसामयिक अनुभूतिको प्रमाणीक अभिव्यक्तिका रूपमा रेग्मीका कविता देखा पर्छन । ध्रुवकिरण रेग्मीको साहित्यिक यात्रालाई विभाजन गर्दा वि.सं. २०६२ देखि २०६५

[73] शिवकरण सिंह, **स्वच्छन्दवाद एवं छायावादको तुलनात्मक अध्ययन**, (वारायणासीः नारायण प्रकाशन, ई. १९६५) पृ. १९ ।
[74] डा. दयाराम श्रेष्ठ, प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (ललितपुरः साझा प्रकाशन, पाँचौ सं. ०५६), पृ. ६५ ।

सम्मको अवधिलाई द्वितीय चरण अन्तर्गत राखिएको छ । पूवार्ध चरणमा मौलाउन नसकेको उनको साहित्यिक व्यक्तित्व यस चरणमा झाँगिएको छ । प्रथम चरणको तुलनामा सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले यस चरणमा “दरिद्रताको परिवेश” (कविता सङ्ग्रह-२०६२), “अशान्तिले जन्माएको सेतो चोली” (गीति सङ्ग्रह-२०६४), “मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी” (कविता सङ्ग्रह-२०६५) प्रकाशित भएको पाइन्छ । कविले यस चरणको पहिलो कृति “दरिद्रताको परिवेश” मा कूल २४ वटा शीर्षकमा सौन्दर्ययुक्त, सन्देशमूलक, सकारात्मक र सचेतता भएका कविता प्रस्तुत गरेका छन् । वास्तविकताको कुशल चित्रण, अभिव्यक्तिको सहज, सरल र अकार्षक प्रस्तुति, लयात्मक, सामाजिक बेथितिप्रति व्यङ्ग्य, क्रान्तिचेत, आनुप्रासकिता श्रुतिमधुरता, भावप्रवाह, प्रस्तुतीकरणमा रोचकता आदि यस कृतिका विशिष्ट प्राप्ति हुन् ।

कवि रेग्मीको अशान्तिले जन्माएको सेतो चोली-२०६४ गीतिसङ्ग्रह यस चरणको अर्को कृति हो । यसमा ध्वनि, लक्षण र वक्रोक्तिभन्दा सोझै संवाद शैलीमा गीतहरू अघि बढेको पाइन्छ । कोमल पदावली, जनजिब्रोको बोली, वेदनाको प्रकटीकरण, प्रकृति-चित्रण, राष्ट्रिय भावना, सामाजिक यथार्थता आीद यस सङ्ग्रहका मौलिक विशेषता हुन् ।

यस्तै “मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी”-२०६५ यस चरणको अन्तिम कृति हो । यस कृतिमा कविले गरिबहरूको अभाव र दुर्दशादेखि द्रविभूत र संवेदित भएर तिनको मुक्ति र उत्थानका निम्ति आवाज उठाएका छन् । शब्दचयन, लयसंयोजन, भावपक्ष सशक्त तथा सुन्दर अभिव्यक्ति कृतिमा देखिन्छ । एउटा पवित्र र सुन्दर गन्तव्य, विकृत राजधानी, आस्था र भरोसा जस्ता विषयवस्तु भएको यस कृतिमा प्रगतिवादी दृष्टिकोण अँगालिएको पाइन्छ ।

यसरी सङ्क्षेपमा भन्नुपर्दा रेग्मीको पूर्वार्ध चरणको तुलनामा उत्तरार्ध चरण क्रमशः विकसित, उर्वर र सशक्त देखिन्छ । उत्तरार्ध चरणमा ३ वटा कृतिले रेग्मीलाई सफाल साहित्यकारका रूपमा परिचित गराएका छन् । उनका कृति यस चरणमा परिष्कृत र पमार्जित बन्दै गएका देखिन्छन् । उनको लेखाइमा विषयवस्तुको विविधता र नवीनता, प्रस्तुतीकरणमा रोचकता, चिन्तनको गाम्भीर्य, सामाजिक कुप्रथाप्रति तीव्र विरोधलाई पदलालित्यपूर्वक चामत्कारिक भावप्रवाहमा पस्कन यस चरणका कविता सफल छन् ।

चितवनका स्रष्टाहरूले विशेषतः भानुभक्त, लेखनाथ, घिमिरे र देवकोटाका सिर्जनाहरूलाई नै आदर्श मानेर लेखिएका रचनाहरूको प्रारम्भिक अवस्थामा एउटा धारा देखा पऱ्यो । यसैगरी अर्को धारामा प्रगतीवादी सिर्जनाहरू सिर्जिन थाले । यसरी प्रवृत्तिगत रूपमा  भन्नु पर्दा चितवनको साहित्यिक यात्राको थालनी स्वच्छन्दतावादी र प्रगतीवादी पृष्ठभूमिमा विकास भएको पाइन्छ ।[75] ०४६/४७ सालदेखि नेपालमा आएको राजनीतिक वातावरणले साहित्यमा अलिकति नयाँ घुम्तिको निर्माण गरेकाले यस परिप्रेक्ष्यमा आफ्ना रचना प्रकाशित गर्न थालको रेग्मीको उत्तरार्ध चरण कृतिगत तथा प्रवृतिगत दुवै हिसाबले सफल देखिन्छ ।

---

[75] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, चितवन वाङ्मय प्रतिष्ठान, नेपाल, २०५२, पृ. ४१ ।

# अध्याय पाँच

# ध्रुवकिरण रेग्मीको समग्र कृतित्वको अध्ययन

## ५.१ कृतित्व अध्ययनको पृष्ठभूमि

नेपाली साहित्यमा विगत डेढ दशकदेखि साहित्य सिर्जनामा निरन्तर समर्पित साधक ध्रुवकिरण रेग्मी विशेष गरी कविता र गीतमा कलम चलाउने स्रष्टाका रूपमा परिचित छन् । यसै परिप्रेक्ष्यमा यस परिच्छेद अन्तर्गत ५.२ मा रेग्मीको नेपाली साहित्यमा आगमन, साहित्यिक यात्रा र विधागत योगदान समावेश गरी अध्ययन गरिने छ । परिच्छेद ५.३ मा नारी पीडा कविता सङ्ग्रहको विभिन्न कोणबाट विश्लेषण हुनेछ । परिच्छेद ५.४ मा दरिद्रताको परिवेश (२०६२), परिच्छेद ५.५ मा अशान्तिले जन्माएको सेतो चोली (गीति सङ्ग्रह) र परिच्छेद ५.६ मा मेरो बिवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङ्ग्रह) को विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिनेछ ।

## ५.२ नेपाली साहित्यमा रेग्मीको आगमन, साहित्यिक यात्रा र विधागत योगदान

नेपाली साहित्यमा खासगरी कविता विधामा कलम चलाएका ध्रुवकिरण रेग्मीले आफ्ना जीवनका युवा अवस्थाका खुड्किलाहरू नटेक्दै वि.सं. २०२५ सालमा (तत्कालीन संविधान दिवस पौष १) आयोजित गाउँ पञ्चायतस्तरीय कविता प्रतियोगितामा प्रथम भई सिर्जनाको प्रथम प्रहरमा नै सफल कविको रूपमा साहित्यिक यात्रा सुरू गरेको पाइन्छ । यस्तै २०२६ सालमा ब्राम्हीपुस्तकालय गीतानगरकै आयोजनामा भएको कविता प्रतियोगितामा समेत प्रथम स्थान प्राप्त गर्नाले उनको विद्यालयीय जीवनकाल साँच्चीकै साहित्यिक यात्राको सफल गोरेटो बन्न सकेको थियो । उनले वि.सं. २०३८ सालदेखि नै कविता प्रकाशन गरेर सार्वजनिक साहित्ययात्रा सुरू गरेको पाइन्छ । यसपछि पुस्तकाकार कृतिका रूपमा वि.सं. २०५२ सालमा “नारी-पीडा” कविता-सङ्ग्रह प्रकाशित गरी रेग्मी साहित्यिक व्यक्तित्वमा आफ्नो नाम लेखाउन सफल हुन्छन् । लेखनका दृष्टिले यस कृतिलाई पहिलो चरण र यस पछिका कृतिलाई दोश्रो चरणमा राख्न सकिन्छ । विशेषगरी नेपाली साहित्यको समसामयिक प्रगतिवादी धारामा आधारित भएर नेपाली कविता क्षेत्रमा उनले महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

### ५.२.१ ध्रुवकिरण रेग्मी र उनका काव्यकृतिहरूको विश्लेषण

ध्रुवकिरण रेग्मी लगभग ४ दशकसम्मको सृजनात्मक गतिविधिबाट विशेष गरेर कविता विधामा सफल भएका देखिन्छन् । सृजना यात्राका पूर्वार्धमा नै कविता क्षेत्रमा उनको विशेष रूचि रहेको पाइन्छ । उनका ४ वटा कृति कविता विधा नै रहेकाले उनी एइक कविता रूपमा आफूलाई चिनाउन सफल छन् । उनका काव्यकृतिताको अध्ययनका सन्दर्भमा नेपाली काव्य परम्परामा उनलाई समाविष्ट गर्न खोजिएको छ ।

### ५.२.१.१ नेपाली काव्यपरम्परा र कवि ध्रुवकिरण रेग्मी

कविता साहित्यको पुरानो विधा हो । मानव सभ्यताको विकासक्रमको अत्यन्त क्रान्तिकारी घटना मानिने भाषाको सम्प्राप्तिदेखि यता प्राचिन लोकगीत, गाथा र गाथाचक्रका क्रमिक श्रृङ्खला हुँदै कविताको प्रारूप विकसित भयो ।[76] लिपिको आविष्कारले कथ्यश्रब्य भाषिक कलास्वरूप गीतात्मक कवितालाई शिक्ष्टलेख्य कविताको अनेक घुम्तीहरू पार गर्दै र विविध काँचुलीहरू फेर्दै आफ्ना कतिपय आधारभुत तत्वका आधारमा निरन्तर आज यहाँसम्म आइपुगेको छ । शब्दकोशकारहरूले दिने गरका गरेका परिभाषा अनुसार (१) सबै प्रकारका पद्यात्मक रचना र सामान्यतया छन्दोबद्ध, गीतिमय वा लययुक्त रचना र (२) कविद्वारा आफ्नो संवेद्य अनुभूति वा स्फुर्त भावनालाई छन्द वा लयमा उनको साहित्यिक कृतिलाई कविता भनिन्छ ।[77] संस्कृत साहित्यको सेरोफेरोमा विकसित हुँदै आएको कविता विधा नेपाली भाषमा लेखिएका ताम्रपत्र, शिलापत्रका प्रमाण दिन सकिए तापनि नेपाली जीवनलाई लक्ष्यमा राखेर कुनै साहित्यिक कृति पृथ्वीनारायण शाहको कालभन्दा अगाडि पाउन सकेको छैन । सुवानन्द दासको साँढ्याको कविताबाट नेपाली कविता लेखनको सुरू भएको मानेपनि नेपाली भाषाको साहित्यिक कृति भन्न सुहाँउदो रचना लोकप्रिय हुन थालेको प्रमाण भानुभक्तको रामायणदेखि नै मात्र मान्नुपर्दछ ।[78] नेपली कविताको मूल चेतनाको आधारमा आदिमकाल (१८०१-१८७२), भक्तिकाल (१८७३-१३९३), शृङ्गारकाल (१९४०-१९७४), नव्यकाल (१९७५-२००७) र आधुनिक काल (२००८ देखि हालसम्म) गरी काल

[76] प्रा. डा. बासुदेव त्रिपाठी, सह प्रा. देवराज न्यौपाने, सह प्रा. केशव सुवेदी, **नेपाली कविता** (भाग ४) प्रथम सं. (ललितपुर, साझा प्रकाशन, २०४६) पृ. ५८ ।

[77] प्रा. डा. बासुदेव त्रिपाठी, (सम्पा.) **नेपाली साहित्यकोश**, (ललितपुर, साझा प्रकाशन, २०५५) पृ.२४० ।

[78] रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको एक झलक**, ते.सं. (काठमाडौं: साझा प्रकाशन २०३९) पृ. १ ।

विभाजन गरिएको पाइन्छ । सातसाले क्रान्तिको महानतम् उपलब्धि स्वरूप सामन्ती संस्कारका विरूद्धमा जनचेतनामा वृद्धि भएपछि यस अवधिमा गद्य कविता, प्रयोगवादी कविता, प्रगतिवादी कविता, प्रतीकवादी कविता, नयाँ कविता, यौनवादी कविता, आयामेली कविता, राल्फाली, अस्तित्ववादी कविता, विसङ्गतीवादी कविता, तरलतावादी कविता आदि विभिन्न धारा र रूपमा देखिएका छन् । ध्रुवकिरण रेग्मी नेपाली साहित्यको प्रगतिवादी मान्यतामा आधारित भएर कविता रच्ने कवि भएको हुँदा नेपाली काव्यकारितासँग उनको घनिष्ट सम्बन्ध छ । सामाजिक विकृति र विसङ्गतिप्रति प्रहार, जीवनसापेक्षता, भाषिक सरलता, सौन्दर्य चेतनाजस्ता समसामयिक धाराका प्रवृतिहरू पनि ध्रुवकिरण रेग्मीका कवितामा समेटिएका छन् ।

### ५.२.१.२ ध्रुवकिरण रेग्मीको काव्यकारिता

ध्रुवकिरण रेग्मी मूलतः कवि व्यक्तित्व हुन् । उनका ४ वटा प्रकाशित कृति सबै कविता भएकाले उनलाई कविको रूपमा नै चिन्न सकिन्छ । ध्रुवकिरण रेग्मी लोकलयमा आधारित मुक्तछन्दमा कविता लेख्छन् । उनी छरिता र सहज तथा लोकजीवनले ओतप्रोत सुललित गीतहरू लेख्छन् र आफैँ मौलिक लय भरेर मधुर स्वरमा गाउँछन् ।[79] सामाजिक जीवनका विकृति, विसङ्गगिप्रति देशप्रेम, सत्तालिप्साको विरोध, जीवनको जटिलताको चित्रणजस्ता विषयहरूमा आधारित कविता लेखेर हालसम्म कविता विधालाई नै निरन्तरता दिइरहेकाले नेपाली काव्य क्षेत्रमा उनको विशेष योदान रहेको छ ।

### ५.२.१.३ प्रेरणा र प्रभाव

कुनै पनि कामका लागि कुनै व्यक्ति वा वस्तु प्रेरणाको स्रोत हुनसक्छ । हरेक साहित्यकार साहित्यतर्फ लाग्ने प्रेरणा तथा लेखमा कुनै न कुनै व्यक्ति वा वस्तुबाट प्रेरित भएकै हुन्छन् । ध्रुवकिरण रेग्मी पनि आफ्ना दाजुले प्रकाशित गरेको “नवजीवनको फूलबारी” (२०२३) शीर्षक कविता सङ्ग्रहको अध्ययनपछि कवि बन्ने धुनमा लागेको देखिन्छ । गुरू विष्णुप्रसाद सापकोटाको प्रेरणा तथा विद्यालयमा अध्ययन गर्दा पाएको प्रशंसा पुरस्कार एवं माधवप्रसाद घिमिरेको “गौरी” शोककाव्य तथा लक्ष्मीप्रसाद

[79] रविकिरण निर्जीवसँगको अन्तर्वार्ताबाट जानकारी

देवकोटाको “मुनामदन” जस्ता कृतिको अध्ययनबाट प्रभावित भई कविता रचना गरेको स्वयं बताउछन् ।[80]

### ५.२.१.४ काव्यवृत्ति

ध्रुवकिरण रेग्मी विद्यालयीय अवस्थादेखिनै कविता लेखनमा लागेको पाइन्छ । २०२५ सालमा तत्कालीन संविधान दिवसका उपलक्ष्यमा कविता लेखेर गाउँपञ्चायतस्तरीय प्रतियोगितामा प्रथम भएपछि उनलाई थप प्रेरणा मिलेको पाइन्छ । वि.सं. २०५२ सालसम्म सामान्य छिटफुट कविता लेखे पनि खासै कृतिका रूपमा कुनै पुस्तकाकार कृति निस्किएको थिएन । “नारी पीडा” (२०५२) प्रकाशित भएपछि उनको कविता-यात्रा अगाडि बढेको देखिन्छ । यसपछिको १० वर्ष साहित्यिक यात्रा शिथिल रहेको देखिन्छ । २०६१ सालदेखि २०६५ सम्म पुनः ३ वटा पुस्तकहरू प्रकाशित गरेर उनी नेपाली साहित्यमा अगाडि बढेको पाइन्छ ।

ध्रुवकिरण रेग्मीका कवितामा प्रयाः स्वच्छन्दतावादी तथा प्रगतिवादी काव्यप्रवृति अनुशरण गरिएको पाइन्छ । नेपालको राजनैतिक धरातालमा देखिएका विविध प्रकृतिका उतारचढावसँगै आफ्नो जीवनलाई गतिशील र सङ्घर्षशील बनाउँदै सामाजिक जागरणतर्फ अग्रसर हुने भाव उनको कवितामा पाइन्छ । ध्रुवकिरण रेग्मीका कवितामा विभिन्न विम्व, अलङ्कार, उपमाको प्रयोग गरेर तत्कालीन समयको विद्यमान सामन्ती शासकवर्गद्वारा प्रताडित र स्वतन्त्रता अपहरित भएका नेपाली समाजका पीडा र उन्मुक्तिको चाहनाको साथै निरंकुशतन्त्रको हैकमवादी नीति तथा सामाजिक जीवनका विसङ्गतिप्रति तीखो व्यङ्ग्य र विद्रोहको आवाज पनि अभिव्यञ्जित भएको पाइन्छ । प्रकृतिका सरल र स्वभाविक गुणलाई मानवीय भावनासँग अनुकूलन गर्दै प्रकृतिको मानवीकरण गर्नु उनका काव्यगत विशेषता हुन् ।

### ५.२.१.५ ध्रुवकिरण रेग्मीका काव्यकृतिको विश्लेषण

ध्रुवकिरण रेग्मीका आजसम्म प्रकाशित कृतिलाई उनले अँगालेको काव्यप्रवृति र विधागत घटकका आधारमा तलको कालविभाजन अनुसार विश्लेषण गरिएको छ :

१. नारी-पीडा (कविता सङ्ग्रह-२०५२)

[80] शोधनायकबाट जानकारी ।

२. दरिद्रताको परिवेश (कविता सङ्ग्रह-२०६२)

३. अशान्तिले जन्माएको सेतो चोली (गीति सङ्ग्रह-२०६४)

४. मेरो बिवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङ्ग्रह-२०६५)

ध्रुवकिरण रेग्मीका यी चारवटै कविता विधाअन्तर्गत पर्ने भएकाले सम्पूर्ण कृतिलाई उपयुर्क्त आधारमा नै विश्लेषण गरिएको छ ।

साहित्यको रागात्मक भावना र अनुभूतिप्रधान पद्यगद्यमय लयात्मक अनुशासनबद्ध विधा कविता हो ।[81] कविता साहित्यकै एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षकृत स्पष्ट रूपमा चिनिन सक्छ ।कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लायत्मक भाषिक अभिव्यक्तिको वाङ्मय पनि हो र भाषिक प्रयोग क्षेत्रको लयात्मक सौन्दर्यको उपज पनि हो ।[82] कविताले विभिन्न अनुभूति र चिन्तनका अने तरेलीहरूलार्य विविध शैलीका बान्की र छटाभित्र सजाएर मनमोहक, हृदयमोहक र श्रुतिरम्य श्रुतिहरू मस्तिष्कबोधक काव्य-कला कौशल बनी सर्वप्रसिद्धिको शिखर समात्न सक्षम भइरहेको छ । यस किसिमको साहित्यिक विधा कविताले ऋग्वेददेखि एक्काइसौँ शताब्दीको यात्रासम्म आइपुग्दा अनेक रूप-स्वरूप अँगाल्दै आएको छ । कविता-विधाका निम्नलिखित मानक स्वरूपका आधारमा कवितालाई विश्लेषण गर्ने गरिन्छ : १. शिर्षक, २. संरचना, ३. विषयवस्तु, ४. लयविधान, ५. भावविधान, ६. विम्बबिधान, ७. भाषाशैली, ८. उद्देश्य, ९. सारांस ।

यी ९ वटा आधारभूत मूल तत्वहरूका आधारमा ध्रुवकिरण रेग्मीका काव्यकृतिहरूलाई विश्लेषण गरिन्छ ।

## ५.३ नारी-पीडा (कविता सङ्ग्रह-२०५२) को विश्लेषण

### ५.३.१ शीर्षक

---

81 ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** (काण्माडौं न्यू हिरा बुक्स ईन्टरप्राइजेज- २०६०), पृ. १८ ।

82 प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४), (ललितपुर, साफा प्रकाशन दो. सं. २०५४), पृ. १५ ।

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटकसमेत हो ।[83] **"नारी-पीडा"** ध्रुवकिरण रेग्मीको प्रथम सवाई छन्द र गीति लयमा रचिएको कविताको सँगालो हो । यस कृतिको शीर्षक नारी-पीडा हो । नारी भनेको महिला वा स्त्री र पीडाको अर्थ अमानवीय र पाशविक व्यवहारले दिएको दुःख भन्ने बुझिन्छ । नारी-पीडाको अर्थ महिलाहरूले भोग्दै आएको दर्दनाक अवस्था हो । यस नारी-पीडा कृतिमा पुराण आदि धर्मग्रन्थमा वर्णित स्वर्गका देवऋषिहरूदेखि लिएर पृथ्वीका भोगी पुरूषहरूसम्मकाले अवला नारीहरूलाई विभिन्न बहानामा गरिने अमानवीय र पाशविक व्यवहार गरेका तथ्यलाई सजीव रूपमा चित्रण गरिएको छ । बेइमान पुरूष र वर्तमान सामाजिक संरचनाभित्र नारीलाई चिस्यानमा कक्रिएको बिरूवाको जस्तो अवस्थामा पुऱ्याइएको नारीहरूको सिङ्गो चित्र यस कृतिमा समेटिएकाले यस कृतिको शीर्षक "नारी-पीडा" अत्यन्त सार्थक र उपयुक्त छ ।

### ५.३.२ संरचना

कविता आफैमा सम्यक प्रकारले रचित संरचना भएको कविता कृति हो ।[84] कविले आफ्ना प्रगीत रचनाहरुको संरचना गर्दा वृत्तात्मक पद्धतिका अतिरिक्त चक्रात्मक पद्धतिको अनुशरण गर्दछन् । चक्रात्मक पद्धतिमा कवितामा प्रयुक्त भाषाका शब्ददेखि वाक्यात्मक तहसम्मका एकाइहरूकै पुनरावृत्ति नगरे पनि वा प्रारम्भ बिन्दुमा नजोडिए पनि त्यसैको निकटबाट अगाडि बढी मूलभाव वा विचारलाई विस्तारित गरिरहेको हुन्छ ।[85] रेग्मीले यस कृतिमा वृत्तात्मक वा चक्रात्मक पद्धतिको अनुशरण गरी एउटै केन्द्रीय भावलाई विस्तार गरेको पाइन्छ । यस कृतिमा देशका विभिन्न भागमा रहेका महिलाहरूको जटिल जीवनको सजीव चित्रणलाई ११ सर्गमा अभिव्यक्त गर्नु नै यस कविता सङ्ग्रहको बाह्य संरचना हो । यसमा स्थूल आख्यानको प्रयोग नभएकाले आख्यानको अन्वितिसूत्र भेटिदैन । यो चार पाउ भएका एकसय पच्चीस श्लोक वा पाँचसय पङ्क्तिसम्म तन्किएको कविताको सँगालो हो ।

---

[83] प्रा. डा. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपानेसमेत, **नेपाली कविता** (भाग ४, प्र.सं.), ललितपुर, साझा प्रकाशन, ०४६, पृ.१७ ।

[84] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. १९ ।

[85] मोहनराज शर्मा, **समकालीन समालोचना र प्रयोग**, (काठमाडौंः ने.रा.प्र.प्र., २०५५), पृ. ११७ ।

यस सँगालोका कविताहरूमा आत्माभिव्यक्ति गर्ने या एकालाप गर्ने व्यक्तिका अतिरिक्त 'तिमी' जस्ता द्वितीय पुरूषवाचक पात्रहरूको उपस्थिति पनि गराइएको छ । उनको यस कवितामा सङ्घर्षको विकासको अवस्थालाई अन्तिम सर्गमा देखाइएको छ । विशेषगरी एउटै भावनामा केन्द्रीय विचारलाई चक्रात्मक रूपमा यसलाई विस्तार गरिएको छ । "नारी-पीडा" कवितामा गीतितत्वको प्रबलता भेटिन्छ । बौद्धिकताभन्दा भावनात्मकतामा बढी जोड दिइएको यस सँगालोमा अनुप्रासीय र लयबद्ध भाषाको प्रयोग गरिएको छ । संरचनाका दृष्टिले लघु आकारको कवितासङ्ग्रह भए तापनि नारीहरूको जटिल जीवनको सजीव चित्रण गर्न यो कृति सफल भउको छ । सवाई छन्द र गीति लयमा संरचित यो कृति छत्तीस पृष्ठमा आबद्ध छ भने त्यसभन्दा अगाडि कुन्ता शर्माको नारी पीडाभित्र केहीबेर रूमल्लिंदा शीर्षकको समीक्षात्मक भूमिका छ । त्यसपछि "मन्तव्य" शीर्षकमा स्वयं ध्रुवकिरण रेग्मीले प्राक्कथन लेखेका छन् । सूक्ष्म आख्यानद्वारा यस कविताको आन्तरिक संरचना निर्मित भउको छ । अन्तरलयात्मकता भएकाले पनि यस कविता कृतिको आन्तरिक संरचना सबल र सफल भएको पाइन्छ ।

### ५.३.३ विषयवस्तु

काव्य रचनाका लागि छनौट गरिएको वस्तु चयनलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ ।[86] कविताका विषयवस्तु ब्रह्माण्डभित्रको यावत वस्तु, मानवीय स्वभाव प्रवृत्ति, ज्ञानविज्ञानका विषयवस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीति, प्रकृतिसहित जीवन भोगाइ र हेराइका अनेक पक्षसँग सम्बद्ध हुने गर्छ । ध्रुवकिरण रेग्मीले यस कविता कृतिमा नारीले भोग्नुपरेका पीडा, कुण्ठा र वेदनालाई विषयवस्तु बनाई निकै भावात्मक रूपमा प्रस्तुत गरेका छन् ।

वर्तमान अवस्थामा मात्र नभएर पौराणिक कालमासमेत नारी अस्मितामाथि भएका खेलवाडको चर्चा गर्दै कवि रेग्मीले महिलामाथि गरिने अन्याय, अत्याचार, शोषण र उनीहरूमाथि गरिने क्रुरतापूर्वक अमानवीय व्यवहारको सजीव चित्रण गर्नुको साथै नारी मुक्तिका पक्षमासमेत हुँकार गरिरहेको पाइन्छ । यस सँगालोमा महिलामाथि लादिएका शोषणका पहाडहरू ध्वस्त पार्न, आफूलाई जेल्ने सामन्ती बन्धनहरू चुँडाल्न, महिला

[86] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. १९ ।

स्वतन्त्रता र स्वाभिमानको नयाँ क्षितिज उघार्न चेतनशलि भई महिलालाई अगाडि बढ्नसमेत आग्रह गरेर विषयवस्तुको प्रस्तुतिलाई जीवन्त तुल्याइएको छ ।

### ५.३.४ लयविधान

कवितामा लयव्यवस्थाको निश्चित पद्धति भन्नु नै छन्दको स्थिति हो । परम्परागत छन्द अन्तर्गत नारी-पीडा सवाई छन्द र गीति लयमा लयबद्ध गरिएको कविताको सँगालो हो । गीतिलयमा लयबद्ध गरिएका भएपनि यी कविताहरु मूलतः चार पङ्क्तिकै नियमित लयव्यवस्थामा आधारित छन् । ध्रुवकिरण रेग्मीले आफ्ना कविताहरुमा नेपाली जनजिभ्रोमा भिजेको लोकछन्दलाई अभिव्यक्तिको सम्प्रेषणको माध्यमका रुपमा प्रयोग गरेका छन् । जनताका पीर, व्यथा, आचरण, सङ्घर्ष विद्रोहमा क्रान्तिकारी भावनालाई उनीहरुकै भाषा र लयमा बुझ्ने गरी प्रस्तुत गर्नु रेग्मीले आफ्नो काव्यधर्म मानेका छन् । उनको यस कविता सङ्ग्रहमा अन्यायका विरुद्ध वा पुराना समाजिक संरचनाका उत्पीडक शक्तिका विरुद्ध उभिन उत्साहित गरेका छन् । माया र ममताको पासोमा पारेर नारीलाई मानसिक तथा शारीरिक यन्त्रणाको शिकार बनाइएको यथार्थ चित्रण यसरी गरिएको छ :

रण्डीखाना कोठी-कोठी बेचिएका नारी,

रोइरहेछन् रगतको लगाएर सारी,

नेपालीको मधुरस कोठीभित्र गयो

मेरो चोखो जवानीको विल्लिबाठ भयो ।

उल्लेखित यस श्लोकमा सबै पाउमा चौधवटा अक्षर छन् । प्रत्येक पङ्क्तिमा चार, चार र ६ अक्षरमा यतिको व्यवस्था गरी निश्चित लय निर्धारण गरिएको छ । यस कविता सङ्ग्रहका पुरै ११ सर्ग लोकछन्दमा रचिएको छ ।

नेपाली समाजमा नारीहरुको स्थिति अति नै दयनीय अवस्थामा पुगेको छ । उनीहरुको मुक्तिका लागि पनि बाटो देखाईएको छ । नेपाली समाजको ढाँचा मूलतः सामन्ती प्रकृतिको नै भएकाले धार्मिक, साँस्कृतिक, सामाजिक मूल्य मान्यताले नै नारीलाई निष्कृष्ट बनाएकाले यसलाई तोड्न कवि यसरी हुँकार गर्दछन् :

नारी मुक्ति संघर्षको तयारीमा जाऊ,

पहाडीया नारीलाई उठाएर ल्याऊ,

विदुषीले बुद्धिज्ञान लगाएर हाँक,

तराईका नारीलाई ब्युँझाएर डाक ।

(सर्ग १०)

सामन्तवादी सामाजिक संरचना परिपाटीका विरुद्धको चेतना, सामाजिक मुक्तिका निम्ति गरिनुपर्ने सङ्घर्षलाई कवि रेग्मीले अन्तर्वस्तुका रुपमा प्रस्तुत गर्दै नियमित लयव्यवस्थामा सन्तुलन राखेर लोकछन्दमा रचना गरिएको यस कविता सङ्ग्रह नारी-पीडा आफ्नो उद्देश्यअनुरुप सफल नै मानिन्छ ।

## ५.३.५ भावविधान

भावविधान कविता-काव्यको प्रमुख तत्व हो । कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफेरो यही नै हो ।[87] शब्द राष्ट्रको लयात्मक गुम्फन संयोजनभित्रबाट प्रकाशित हुने भाव नै यथार्थतः कविताको भाव हो ।[88] ध्रुवकिरण रेग्मीद्वारा रचित यो 'नारी-पीडा' कवितामा कविले कलापूर्ण, सौन्दर्यमय, अनुभूतिपूर्ण भावका आधारमा एकातिर महिलाको कमजोर उत्पीडित र अँध्यारो पक्ष देखाउँछन् भने अर्कोतिर समाजका तमाम रीतिरिवाज र स्थापित मान्यताहरूलाई बदल्दै विगत तथा वर्तमानमा राष्ट्र, राष्ट्रियता मानव समाजका लागि अविस्मरणीय योगदान दिएर जाने महिला र तिनीहरूको साहसिक कार्यलाई यस सङ्ग्रहका मूल भावको रूपमा प्रकट गर्दछन् । सालना बेचिएर विदेश लगिने नेपाली चेलीहरूले आफ्नो माटोलाई सम्झदै भन्छन :

नेपालीको मधुरस कोठीभित्र गयो

मेरो चोखो जवानीको बिल्लीबाठ भया (सर्ग-१)

यस्तै राष्ट्रियताको संरक्षणमा नारीले दिएको योगदान कवि यसरी सम्झन्छन् :

देश रक्षा सुरक्षामा नारीले नारी अघि बढे

भोक तिर्खा खपी-खपी समरमा लडे (सर्ग-६)

---

87 प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४) पूर्ववत् पृ. २० ।

88 ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २० ।

यसरी प्रस्तुत कृतिमा कविले नेपाली महिलाले भोगेका दुःख, पीडा बेदना, समाजमा विद्यमान विकृतिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै नारीले पनि राष्ट्रियताका पक्षमा अदम्य शौर्य प्रदान गर्न सक्छन् भन्ने भाव व्यक्त गरेका छन् ।

### ५.३.६ बिम्बविधान

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो ।[89] जीवनजगतका विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ । यस 'नारी-पीडा' कविता सङ्ग्रहमा नारीमाथिको शोषण, विसङ्गति र इमान्दारी नीतिले उनीहरूमाथि भएको उत्पीडन र वर्वरपूर्ण नीति व्यवहारलाई मानवीय वा सामाजिक विद्रोहको बिम्ब यसरी प्रस्तुत गरेका छन् :

चन्द्रमाको किरणले फाट्यो अन्धकार

उठ नारी अब तिम्रो हुने छैन हार

(सर्ग-७)

विद्यमान समाजका शोषण र उत्पीडनका कारण उद्वेलित बन्न पुगेको कविको मानसिक स्थितिले सामाजिक विषमता र यसका कारकतत्वलाई समाप्त पार्न दृढ प्रतिज्ञा गरेको छ ।

यस्तै पौराणिक कालका देवऋषिहरू पनि नारीमाथि गिद्धेनजर लगाँउथे भन्दै उनीहरूको व्यभिचारी, स्वार्थी प्रवृत्तिको यथार्थ बिम्ब प्रस्तुत गरेका छन् :

खरानीको लेप घसी गर्थे तप ध्यान

हाय मेरी तिलोत्तमा भनी फाल्थे ज्यान

(सर्ग-८)

कवि रेग्मीले प्रकृतिका रूपहरूलाई विविध सन्दर्भमा भावानुमय गर्न उनीहरूका लागि बाह्य जगत्सँगै प्रत्यक्ष सम्बन्धको अनुभूति गराउँदै दृश्य बिम्बकोसमेत चित्रण गरेका

[89] प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४) पूर्ववत् पृ. २० ।

छन् । कवितामा साङ्गीतिक चेतनाका समायोजन गर्न रूचाउने रेग्मीले श्रव्यबिम्बको आयेजना गरेर कवितालाई विशेष भाव र गेयात्मकता दिने प्रयास गरेका छन् :

गरिबको झुपडीमा रूपवती छोरी,

थिइन् उनी मृदुभाषी अनि अति गोरी,

सामन्तका छोराहरू गिद्धे आँखा लाउँथे,

दुखियालाई धम्क्याएर झुपडीमा आउँथे ।

(सर्ग तीन)

रेग्मीले यस कविताकृतिमा उपमा अलङ्कारको राम्रोसँग उपयोग गरेका छन् । मानिस मानिसबीच वा मानिस र प्रकृतिबीच सम्बन्ध स्थापित गर्न वा प्रकृतिलाई मानवीय रूप दिएर उपमा अलङकारको प्रयोग गरेका छन् :

मधेशका गोरूसरि नेपालका नारी,

घाँस दाउरा बोक्नुपर्ने खोला वारिपारि ।

(सर्ग नौ)

नेपालका नारी मधेशका गोरूजस्तै जोतिनुपर्ने स्थीतिसँग हेरिएकाले उपमा अलङ्कार हुन गएको छ ।

रेग्मी विद्यामान राज्यनीतिबाट सताइएका नेपाली नारीको जलन र छटपटीको प्रस्तुत सन्दर्भ प्रक्षेपण गर्न सामन्तीहरूको व्यवहारलाई यसरी रूपक अलङ्कारको रूपमा प्रस्तुत गर्छन :

बरू होलान् बाघ भालु विवेकी र ज्ञानी,

अशक्तको दया गर्लान् भोकाए तापनि,

(सर्ग एघार)

रेग्मीले यस कृतिमा वर्णको अन्तयानुप्रास, सुमधुर शब्दहरूको आवृतिबाट अनुप्रासको विशिष्ट स्थिति देखाउन पनि सफल भएका छन् । यसरी उनले नेपाली समाजका नारीले भोग्नुपरेका पीडालाई विभिन्न बिम्ब, अलङ्कार आभूषणले सजाएर निकै मनोहर तुल्याएका छन् ।

### ५.३.७ भाषाशैली

भाव अनुभूतिको अभिव्यक्तिको साधन भाषा हो । भाव र अनुभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवं ढाँचा ढर्रा र विशेष किसिमको प्रक्रिया उपनाउने तत्व नै यसको शैली हो ।[90] प्रस्तुत कवितामा सरल, सहज नेपाली शब्दहरूको बाहुल्य छ । केही तत्सम शब्दको प्रयोग पनि गरिएको छ । आगन्तुक शब्दको प्रयोगले भाषाशैली उच्च बनेको छ । सवाई र गीतिलयमा लेखिएकोले लयात्मक तथा गेयात्मक रूपमा कविताको भाषाशैली  निकै प्रशंसनीय रहेको छ । सामान्य पाठकका लागि पनि बोधगम्य भएकाले यो कविताकृति आफ्नो सीमा र परिवेश सुहाउँदो भाषाशैली प्रयोग गरिएको उत्कृष्ट कृति हो । होटल, कँराटे, चेन, सिनेमा, रेडियम जस्ता आगन्तुक शब्द राँडी, अलछिनी, खोले, फाँडो जस्ता नेपाली ठेट शब्दको प्रयोगले काव्यकृति सुललित बन्न पुगेको छ । शब्दजाल नबिछ्याई सरल र सरस भाषामा साधारण पाठकले बुझ्ने गरी गम्भीर भाव र विचार प्रस्तुत गर्नु यस कविताको विशेषता हो ।

### ५.३.८ उद्देश्य

कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय अनुभूतिप्रधान कलात्मक व्यञ्जन, अभिव्यञ्जनात्मक प्रकटीकरण नै मूल रूपमा कविताको उद्देश्य हो ।[91] कविताले भन्न चाहेको मूल चुरोको अर्थ भेटाएर आनन्द लिन सक्नु कविताको मूल उद्देश्यको सन्निहित हुनु हो । रेग्मीद्वारा रचना गरिएको प्रस्तुत कृतिमा महिलाहरूको समस्या देखाएर मात्र होइन, सामन्ती बन्धन चुँडाल्न समेत आग्रह गरिएको छ ।

महिलाहरूलाई आफूमाथि लादिएका शोषणका पहाडहरू ध्वस्त पार्न, आफूलाई जेल्ने सामन्ती बन्धनहरू चुँडाल्न, महिला स्वतन्त्रता र स्वाभिमानको नयाँ क्षितिज उघार्न तथा

---

[90] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २३ ।

[91] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २४ ।

महिला मुक्तिले मात्र समाज सभ्य, सुसंस्कृत र उज्याले हुन कुराको काव्यात्मक प्रस्तुति नै यस कृतिको मूल उद्देश्य हो । वर्तमान परिवेशलाई नहेरी आजभन्दा धेरै वर्षअगाडिदेखि हजारौँ नारीहरूले भोग्दै आएका दर्दनाक जीवनगाथाको चित्र खिच्नु यस कृतिको प्रमुख उद्देश्य  रहेको छ । महिलाले गर्नुपर्ने कठोर श्रम, सुत्केरी र अशक्त अवस्थामा पनि उचित विश्राम नपाउने उद्देश्य यसरी व्यक्ति गरिएको छ :

पर्म तिर्न झर्‍यौ होला बेंसी मेलापात

खुन धारा बग्यो होला सृष्टि योनीबाट

यस्तै बलात्कृत र अपमानित महिलाहरूलाई विश्वासघाती र बलत्कारीहरूको विरूद्ध कडा संघर्ष गर्न कविले यसरी आह्वान गरेका छन् :

आँशु हैन रगतको खोलो बगाएर

आऊ नारी एकताको विगुल बजाएर

यसरी यस कृतिमा विद्यमान समाजको असमानता र अमानवीय व्यवहारको भर्त्सना गर्दै यसको विरूद्ध उठी नारी मुक्ति प्राप्त गर्नु यसको प्रमुख उद्देश्य हो ।

### ५.३.९ सारांश

नारी जातिलाई दास बनाउने राज्य-व्यवस्थाको मूल स्वरूप भएकाले यस भित्रका गलत संस्कार, अव्यवहारिक नियम कानुन र पारम्परिक चिन्तनको यस कृतिमा विरोध गरिएको छ भने अर्कोतर्फ सामाजिक, आर्थिक, बौद्धिक, राजनीतिक, पराक्रम, विज्ञान, साहित्य क्षेत्रमा संघर्षशील नारी व्यक्तित्वको सम्मान गर्दै नारी मुक्ति तथा स्वतन्त्रता र स्वाभिमानको नयाँ क्षितिज उघार्न समेत आह्वान गरिएको छ । एघार सर्गमा रचना गरिएको यो कृति आकारको दृष्टिले सानो भए पनि विषयगत उद्देश्यले उच्च छ । यस काव्यमा सामाजिक राजनीतिक स्थिति, व्यङ्ग्य, विद्रोह, सामाजिक यथार्थको चित्रण विसङ्गति र विकृतिप्रति विद्रोह देखाउनु र नारीप्रति सद्भाव प्रकट गर्नुजस्ता विविध विषयवस्तु रहेका छन् । यस काव्यमा लोक-संस्कृतिको सम्मान र लोकलयलाई निरन्तरता दिन गीतिलयलाई प्राथमिकता दिई व्यङ्ग्यात्मक शैली, सरल, सहज र

स्वाभाविक भाषाशैली, बिम्ब प्रतीकको प्रयोग गरेर काव्यलाई रोचक र मनोरञ्जक बनाइएको छ ।

## ५.४ **"दरिद्रताको परिवेश" (२०६२) कविता सङ्ग्रहको विश्लेषण**

नेपाली साहित्यको इतिहासमा विगत लगभग ४ दशकदेखि निरन्तर रूपमा साहित्य साधनामा लागिपरेका ध्रुवकिरण रेग्मी विशेषतः कविता विधामा कलम चलाउने कुशल कवि हुन् । **"दरिद्रताको परिवेश"** (२०६२) रेग्मीको पुस्तकाकार कृतिमध्ये दोस्रो कृति हो । उनको पहिलो कृति "नारी पीडा" २०५२ सालमा प्रकाशित भएको हो भने "दरिद्रताको परिवेश" २०६२ सालमा प्रकाशित उनको दोस्रो कृति हो । यस सङ्ग्रहका कविताहरूको विषय वस्तुमा विविधता छ । विचार-विविधता कम र एकरूपताको अधिकता भएको यस कविता सङ्ग्रहमा स्पष्ट धारण अभिव्यक्त भएको छ । यस 'दरिद्रताको परिवेश' कविता सङ्ग्रहलाई पनि 'नारी-पीडा' कविता सङ्ग्हमा गरिए झैं कविता तत्वअनुसार नै विश्लेषण गरिन्छ ।

### ५.४.१ शीर्षक

यस कविता सङ्ग्रहको नाम "दरिद्रताको परिवेश" हो । यस सङ्ग्रहमा विषयका दृष्टिले विविधता समेटिएका कविताहरू सँगालिएको छ । पञ्चायती व्यवस्था कालका ३ वटा र २१ वटा त्यसपछि बहुदलकालमा लेखिएका कवितामा विचारको एकरूपता पाइन्छ । यसमा नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको यावत् समस्यालई केलाउन कोसिस गरिएको छ । यस सङ्ग्रहमा सङ्कलित विभिन्न कविताले विशेष गरेर युगबोध, बहुदलको विकृति, क्रान्तिचेत, मूल्यबोध, राष्ट्रियता, जलस्रोत, सामाजिकता, विसङ्गति, असमानता, देशको सामाजिक राजनैतिक स्थिति र जिजीविषाजस्ता विषयमा प्रकाश पारेको छ । नेपालका हरेक क्षेत्रको परिवेश नै दरिद्र छ । यस कविता सङ्ग्रहमा देशको गरिवी एवं सामाजिक असमानताले व्याप्त नेपाली परिवेश साँच्चिकै हरेक मानिसको मानसपटलमा संवेदना पैदा गराउने खालका छन् । यस कविता सङ्ग्रहको शीर्षकले कुनै एक क्षेत्रलाई मात्र नसमेटी समग्र नेपाली परिवेश नै दरिद्र बनेको स्थितिलाई राम्ररी केलाएकाले यो कविता सङ्ग्रहको शीर्षक सार्थक देखिन्छ ।

### ५.४.२ संरचना

"दरिद्रताको परिवेश" कविता सङ्ग्रहको प्रकाशक साहित्य सङ्गम चितवन हो । यस कविता कृतिमा प्रकाशकीय, कवि रेग्मीलाई एक डोको शुभकामना मन्तव्य, कविताक्रमहरू पृष्ठ 'ङ' सम्ममा प्रस्तुत गरिएको छ । मुख्य कविता खण्ड ५२ पृष्ठमा संरचित गरिएका छन् । बहुदल अगाडिका ३ बटा र बहुदल पछि रचना गरिएका २१ वटा फुटकर कविता गरी जम्मा २४ कविता शीर्षक यस सङ्ग्रहमा समावेश भएका छन् । यस कविता सङ्ग्रहमा जम्माजम्मी ९४६ श्लोक रहेका छन् । सबैभन्दा कम १० श्लोकसम्मको र सबैभन्दा बढी २२७ श्लोकसम्मका कविता शीर्षक यस कविता सङ्ग्रहमा संरचित छन् ।

यस सङ्ग्रहमा सवाई छन्द, गीतिलयका साथै छन्दमुक्त तथा १ मात्र कविता छन्दोवद्ध रूपमा रचना गरिएका छन् । प्रायजसो कवित गद्यलयमा रचना गरिएकाले यसमा मात्रा र वर्णको समानुपातिक वितरण भएको पाइँदैन । छन्दमा जस्तो नियमित आवृत्ति नभए तापनि अनियमित अन्तर आवृत्तिहरू भने कवितामा देख्न सकिन्छ । कविताको बाह्य संरचना निर्माणमा तत्सम, आगन्तुक तथा ठेट नेपाली शब्दको प्रयोग भएको देखिन्छ ।

कविताका प्रत्येक कविता शीर्षकमा सूक्ष्म आख्यान र लययोजना तथा वास्तविकताको कुशल चित्रण र त्यसको कलात्मक प्रस्तुतिले कविताको आन्तरिक संरचना सबल भएको देखिन्छ । अन्तर्वस्तुका हिसाबले क्रान्तिचेत भएको, नयाँ विचारतर्फको सङकेत, देशको गरिबी एवं सामाजिक असमानताप्रतिको विद्रोहलाई सहज, सरल र आकर्षक ढङगले मनोरम ध्वनि तरङ्गको रूपमा पस्केका कारणले आन्तरिक संरचना सशक्त बनेको छ ।

## ५.४.३ विषयवस्तु

यस कविता सङग्रहको विषयवस्तु समाज र मानिसलाई नै बनाइएको छ । ध्रुवकिरण रेग्मीद्वारा रचना गएिको यस कविता सङ्ग्रहको विषयवस्तुको स्रोत वर्तमान समाजमा विद्यमान विकृति, विसङ्गति एवं सामाजिक, राजनैतिक परिवृत्तमा देखिएका हरेक प्रकारका मनोगतवादी एवं विसङ्गतिपूर्ण सामाजिक वातावरण नै हो । त्यस्ता प्रकृतिको अन्त्य गर्नु र समतामूलक समाजको स्थापनाका लागि अग्रसर हुनु यस कविता सङ्ग्रहको अभीष्ट हो । सामाजिक जीवनका वास्तविक घटना परिघटनाहरू या अग्रगामी घटनाहरूलाई विश्वसनीय रूपमा बिम्बीकृत गर्दै सामाजिक रूपान्तरणका लागि मार्ग निर्देश गरिएको छ । यस कविता सङ्ग्रहमा युगबोध, बहुदलको विकृति, क्रान्तिचेत,

मूल्यबोध, राष्ट्रियता, जलस्रोत, सामाजिकता, विसङ्गति, असमानता, देशको सामाजिक, राजनैतिक र जिवीविषाजस्ता विषयवस्तु समेटिएका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका यावत् समस्याहरूलाई केलाउने कोसिस गरिएको छ ।

नेपालमा बहुदल आएमा केके न हुन्छ, स्वर्गै प्राप्त हुन्छ भन्ने धारणा राखेका जनमानसले यसको वास्तविक रूप देखेपछि यसप्रति जनधारणाको आशा भाँचिएको तथ्यलाई कवितामा अगाडि सारिएको छ । मानवीय मूल्यलाई अधिक महत्व दिएको छ । समाजका आर्थिक अवस्था, सामाजिक ढाँचा, वर्गीय चिन्तन, शोषक र शोषितबीच हुने द्वन्द्वलाई देखाउँदै समतामूलक समाजको निर्माणमा जोड दिएको विषयवस्तु यस कविता सङ्ग्रहमा रहेको छ ।

### ५.४.४ लयविधान

ध्रुवकिरण रेग्मी लयात्मक भाषामा कविता लेख्ने कवि हुन् । हुन त लयात्मकताको कारण छन्दोबद्ध कविता हुनु हो तर उनका कवितामा छन्दमा जस्तो नियमित आवृत्ति नभएपनि मुक्तछन्दमा लेखिएका उनका कवितामा अन्तर आवृत्तिहरू छन् । यसले गर्दा उनका कवितामा लयबद्धता सिर्जना हुन्छन् । यस कविता सङ्ग्रहमा सवाई छन्द गीतिलय, मन्दक्रान्ता छन्द र मुक्तछन्द प्रयोग गरिएको छ । यस सङग्रहमा सङ्कलित कवितामध्ये "वियोग व्यथा नेपाल आमाको" एउटा मात्र छन्दोबद्ध कविता हो । यस सङ्ग्रहमा सङकलित कविताहरू लोकछन्द वा झ्याउरे छन्दमा पनि सम्प्रेषण गरिएको छ । जनताका पीर, व्यथा, व्यवहार, आचरण, सङघर्षजस्ता भावनाहरूलाई नेपाली जनजिब्रोमा भिजेको भाषा र लयमा टिपेर पनि सरल लयात्मक बनाएका छन् । उनका कवितामा साङ्गीतिक चेतना वा गीतिलय पद्धतिको प्रयोग बढी मात्रामा गरिएको छ । परम्परागत नियमित लयपद्धतिमा आधारित भाषिक संरचनाप्रतिको विद्रोह एकातिर छ भने अर्कोतर्फ व्यक्तिवादी चेतनामा विश्वास गर्ने स्वच्छन्दतावादी भाषाको प्रयोग गरिएको छ । यस सङग्रहका प्रायः जसो कविता मुक्तछन्दमा भए तापनि आन्तरिक अनुप्रास, मध्यानुप्स, अन्त्यानुप्रास आदिले लयगत विशिष्टता सृजना गरी अन्तरसाङ्गीतिक झङ्कार उत्पन्न गरेकाले सरल भाषाशैलीमा विशिष्ट अनुभूति दिन सफल यो कृति लयविधानका दृष्टिले स्तरीय छ ।

### ५.४.५ भावविधान

ध्रुवकिरण रेग्मीको "दरिद्रताको परिवेश" कविता सङग्रह विभिन्न भाव भएको कविताको सँगालो हो । यस कविता सङ्ग्रहमा जनताका आशा, युगबोध, राष्ट्रियता, क्रान्तिचेत, मानवीय मूल्य, सामाजिकता, विसङ्गति, असमानता, देशको सामाजिक, राजनैतिक स्थिति आदि विषयवस्तुलाई अवलम्बन गरी सच्चा सोझा मानिसको व्यथा, कथालाई हृदयस्पर्शी ढङ्गले वर्णन गर्नु नै यस काव्यकृतिको भाव रहेको छ । नेपाली भूमिमा व्याप्त दरिद्रताका कारण नेपाल पछि परेको वास्तविकताको कुशल चित्रण गर्नु नै यसको मुख्य भाव हो । कवि देशको गरिबी एवं सामाजिक असमानताप्रति यस्तो विचार व्यक्त गर्छन् :

> माग्दा-माग्दै सडकमा
>
> एउटा बुढी आमा मरिसकिन्
>
> पाँच पैसाको निम्ति
>
> हजारचोटि उनले नमस्कार गरिसकिन् (नमस्कार)

यस्तै राष्ट्रियताको भाव कवितामा यसरी झल्काएका छन् :

> "अमृतधारा बहने पानी धमिलो भइन् रे
>
> हिमालबाट झरेर उनी भारत गइन् रे" (गरीबको विलौना)

वास्तविक सोझा मजदुरको यथार्थ जीवनको चित्रण कविले यसरी गरेका छन् :

> "पहाड कपेर बाटो खन्यौं
>
> ढुङ्गा फुटायौं गिटी बनायौं
>
> रगत पोख्यौं, पनि चुहायौं
>
> अब चिन्दैन तिमीलाई त्यो सडकले" (कुल्ली)

यसरी यस "दरिद्रताको परिवेश" कविता सङ्ग्रहमा मुलुकमा व्याप्त विकृति र विसङ्गतिले छिन्नभिन्न भएको नेपाल र नेपाली जनताको जीवन कसरी सुरक्षित राख्ने भन्ने सन्देशमूलक, सकारात्मक सचेततामूलक गहिरो भाव व्यक्त गरिएको छ ।

### ५.४.६ बिम्ब-विधान

कवितामा आउने बिम्ब भनेको शब्दद्वारा वस्तुको चित्र र रूप उतार्नु हो र यो बिम्ब कवितामा भावनात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ र यसले मानिस र बाह्य यथार्थका बीचमा रागात्मक सम्बन्ध स्थापित गराउँदै पाठकका मनमा विशिष्ट भाव पैदा गराउँछ ।[92] अनुप्रास, उपमा, रूपक, दृष्टान्त, अर्थान्तरन्यास आदि अलङ्कार सबै कवितामा पाइन्छन् ।[93] ध्रुवकिरण रेग्मीले आफ्ना कवितामा उपयुर्क्त अलङ्कारको माध्यमबाट प्राकृतिक जीवनका बाह्य यथार्थसँगै तिनका माध्यमबाट मानवीय जीवनका संवेदनाहरूलाई बिम्बका आधारमा व्यक्त गर्दछन् । यस दरिद्रताको परिवेश कवितासङ्ग्रहमा अलङ्कार, बिम्ब प्रतीकको प्रशस्त प्रयोग भएको छ । ध्रुवकिरण रेग्मीको यस कविता सङ्ग्रहमा दृश्य बिम्ब, श्रवण, प्राकृतिक बिम्ब आदि बिम्बहरूको प्रयोग पाइन्छ । ध्रुवकिरण रेग्मीको यस सङ्ग्रहमा प्रयुक्त दृश्य-बिम्बको नमुना तल प्रस्तुत छ :

> त्यो डाँडामाथिग वरको रूख कति मिठो छायाँ
>
> बिर्सेर पनि बिर्सनै गाह्रो साथीभाइको माया (जन्मभूमिको सम्झनामा १)

"शान्तिरस" कवितामा रेग्मीले प्रकृति चित्रणको बिम्बात्मक आयोजनाको सफल चित्रण यसरी गरेका छन् :

> हिमचुलीको फेदमुनि हिमनदीको घर
>
> लालुपाते फूलको रङ्ग कहिले मेटिन्छ र
>
> गुँरास र बुकी फूल डाँडैभरि फुले
>
> मौरी आई पारिजातमा झुल्नसम्म झुले (शान्तिरस १)

---

[92] डा. पशुपति तिमल्सेना, **युद्धप्रसाद मिश्र र उनका कविता**, (काठमाडौंः एशिया पब्लिकेसन्स् प्रा.लि., २०६५), पृ. २५१ ।
[93] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, (पुल्चोकः साझा प्रकाशन, पाँचौ सं. २०४९), पृ. २५ ।

ध्रुवकिरण रेग्मीले नारीका कष्टप्रद अवस्थाको जीवनरूपलाई यथार्थ बिम्बका रूपमा यसरी प्रस्तुत गरेको पाइन्छ :

जमानादेखि ती पुरूषले थिच्दै र मिच्दै आए

नारी जातिले दुःख र पीडा पाउनसम्म पाए

(नारी यसरी दबिन्छन् १)

ध्रुवकिरण रेग्मीको यस कविता सङ्ग्रहमा सङ्कलित विभिन्न कवितामा विभिन्न अलङ्कार र प्रतीकको प्रयोग गरेको पाइन्छ । उनले कवितामा कवितालाई लयात्मक एवं गेयात्मक बनाउन अनुप्रासको विशिष्ट एवं कलात्मक प्रयोग गरेका छन्:

नारीको कथा नारीको बेथा कति होलान कति

न्यायको बत्ती बालेर ऊठ सारा नारी जति । (नारी यसरी दबिन्छन् ४)

नारी शब्दको आवृत्ति कति, जतिजस्ता शब्दको प्रयोगले पंक्तिमा अन्तर्लय र अन्तरानुप्रासको विशिष्ट अवस्था देखाएका छन् । यस्तै ध्रुवकिरण रेग्मीले रूपक अलङ्कारको प्रयोग पनि विभिन्न कवितामा विशिष्ट तरिकाले गरेको पाइन्छ :

उपियाँ र उडुसले चुस्न सम्म चुसे

स्याल, गिद्ध, कुकुरले लुछ्नसम्म लुछे । (रङ्गरेखा कोर १)

यहाँ शोषक सामन्तलाई विभिन्न उपियाँ, उडुस, स्याल, गीद्ध, कुकुरको रूपमा देखाएर उपमा अलङ्कार विधान गरिएको छ । रेग्मीले आफ्ना कवितामा रूपक अलङ्कारको पनि प्रयोग गरेका छन् :

तिमीभित्र आगो छ,

तिमी भित्र पानी पनि छ

आगाका फिलिङ्गाहरू छन्

यहाँ शोषित पीडित जनता आगो पानी बन्न सक्ने कुरालाई आरोप गरेर रूपक अलङ्कारको पनि आयोजना गरका छन् । यसरी ध्रुवकिरण रेग्मीले आफ्नो यस कृतिमा विभिन्न बिम्ब अलङ्कार प्रतीकको प्रयोग गरेर यसलाई मनोहर तुल्याएका छन् ।

### ५.४.७ भाषाशैली

विचार भनेको मानवीय अनुभवहरूको अस्तित्व हो र त्यो अस्तित्व भनेकै यथार्थ जिवनको क्रियाकलाप हो भन्ने मार्क्स-एङ्गेल्सहरु मानिसलाई नै केन्द्रबिन्दु मानेर आफ्ना विचारहरू प्रस्तुत गर्छन ।[94] रेग्मीले पनि यिनै विषयवस्तु वा विचारलाई जनाताले पचाउने शब्दावलीको प्रयोग गरेर आफ्ना कवितालाई सम्प्रेषणशील, प्रभावकारी र चेतनमय बनाएका छन् । शब्दजाल नबिछ्याई सरल र सरस भाषा शैली प्रयोग गर्नु नै उनको विशेषता हो । रेग्मीले आफ्ना कविताहरूमा प्रयोग गर्ने भाषाको रूप सरल र लयात्मक नै   छ । उनले कथ्य विषयलाई बढीभन्दा बढी सामान्य पाठकले बुझ्ने गरी सरल तर लयात्मक बनाउने चेष्टा यस कृतिमा गरको छन् । सामाजिक जीवनका यथार्थ कुराहरूलाई नै प्राथमिकता दिई सरलभन्दा सरल भाषाको प्रयोग गर्ने भए पनि कवितामा भावनापक्षभन्दा वैचारिक पक्षलाई महत्व दिइएको छ । कविताको माध्यमबाट जनतामा वैचारिक सन्देश सम्प्रेषित गरिएको छ । जनताले बुझ्केकै विषय वा घटनालाई उनीहरूले नै दैनिक जीवनमा प्रयोग गर्ने चलनचल्तीकै शब्दहरू प्रयोग गरिएको यस “दरिद्रताको परिवेश” कृतिमा अभिव्यक्ति अत्यन्त तीखो, चर्को र खरो किसिमको छ । शब्दजाल नफिंजाई सरल र सरस भाषामा साधारण पाठकले बुझ्ने गरी गम्भीर भाव र विचार प्रस्तुत गर्नु यस कृतिको मुख्य विशेषता हो ।

उनको यस कृतिमा क्रान्तिकारी विचारलाई बढी प्राथमिकता दिइएको छ । क्रान्तिकारी विचारलाई अभिव्यक्ति दिन ओजपूर्ण भाषाको प्रयोग गरिएको छ । नेपाली समाजमा बढी लोकप्रिय बनेका लोकलय तथा लोकभाषाको माध्यमद्वारा जनताले दैनिक व्यवहारमा प्रयोग गर्ने शब्दहरूलाई लयात्मक भाषामा ढालेर यस कृतिमा कविताहरू सङ्कलित गरिएको छ । जस्तोः

---

[94] मार्क्स-एङ्गेल्स, **साहित्य र कला**, अनु. राजेन्द्र मास्के र सूर्यप्रकश पौडेल, (मास्कोः प्रगति प्रकाशन, ई. १९८९), पृ. ४१ ।

तातो रातो रगत भलमा देश रोइरहेछ

काली, कोशी हिमशिखरले बास खोजिरहेछ

नेपालीको रगत पसिना सिर्जना भिजाऔँ

कुप्री रोगी प्रिय जननीको काखमा खेल्न पाऔँ

(वियोग व्यथा नेपाल आमाको ५)

उनका कविताहरूमा प्रयुक्त भाषा सामान्यभन्दा सामान्य छ तर भाव भने विशिष्ट र वैचारिक नै छ । प्रायजसो सबै कविताहरूमा लयात्मक वा अनुप्रासीय भाषाको प्रयोग गरिएको छ । यसरी यस कृतिको भाषा सरल, सहज, लयात्मक वा अनुप्रासीय भएकाले कवितालाई सम्प्रेषणीय एवं आस्वाद्य बनाइएको छ ।

### ५.४.८ उद्देश्य

'प्रवल मनोभावनाको स्वयं प्रवाह' भनी वर्ड स्वर्थले कविताको उद्देश्य बताएका छन् । कविले आफ्ना अनुभवलाई टुटफुट हुन नदिई पुरांश पाठकमा संचार गर्ने उद्देश्य राख्नुपर्छ ।[95] साहित्य जीवनको ऐना हो । साहित्यले जीवनका हरेक पक्षको उद्‌घाटन गर्दछ । ध्रुवकिरण रेग्मीले पनि यस दरिद्रताको परिवेश शीर्षकमा विविध शीर्षकमा युगबोध बहुदलको विकृति, क्रान्तिचेत मूल्यबोध, राष्ट्रियता, सामाजिकता, विसङ्गति, असमानता, देशको सामाजिक, राजनैतिक स्थिति र जिजीविषाजस्ता विषयहरूमाथि प्रकास पारेर जनचेतना जगाउने उद्देश्य राखेका छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको यावत् समस्यालाई केलाउनु उनको यस कृतिको प्रमुख उद्देश्य देखिन्छ । नेपालमा बहुदल आएपछि पनि जनताका समस्या ज्युँको त्युँ रहेपछि जनसाधारणको आशा भाँच्चिएको अवस्थाको चित्रण गर्नु पनि यस कविता सङ्ग्रहको उद्देश्य रहेको पाइन्छ ।

आकारका दृष्टिले सानो भए तापनि यस सङ्ग्रहका कविताहरूमा विषयगत विविधता र उच्चता पाइन्छ । जनताको चाहनाविपरीत देशमा व्याप्त भ्रष्टाचार, समाजमा व्याप्त विसङगति, प्रेमप्रणय आदि देखाउनु नै यस कृतिको जीवनदृष्टि रहेको छ । गरिबी,

---

[95] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, (पुल्चोक: साभा प्रकाशन, पाँचौं संस्करण २०४९), पृ. १७।

सामाजिक असमानता, राष्ट्रियता आदिका बारे सचेतता देखाउनु यस सङ्ग्रहको उद्देश्य देखिन्छ । कवि राष्ट्रियताका बारेमा यसरी गर्जन्छन् :

रगत पोखी वी पुर्खाले हाम्रो देश बचाए
दुश्मनसँग टेकेनन् घुँडा खुकुरी नचाए

(उठ अब हे वीर गोर्खाली)

वर्तमान राजनैतिक अवस्थालाई समेत व्यङ्ग्य गर्दै कवि यसरी कवितामा बहन्छन् :

बुद्धको भूमिमा रगतको खोलो बग्यो
जेलहरू भरिए, बन्दीहरूको घुइँचो लाग्यो

(बा अब त बीउ उम्र्यो)

यसरी समग्र रूपमा वर्तमान अवस्थाको विविध विषयलाई जनसमक्ष प्रस्तुत गर्नु नै यस कृतिको मुख्य उद्देश्य रहेको पाइन्छ ।

### ५.४.९ सारांश

विभिन्न विषयको विविधता बोकेका सानाठूला एवं छोटा लामा कविताहरू गरी जम्मा २४ वटा कविता रहेको यस सङ्ग्रहको मुख्य विशेषता भनेको अन्तर्वस्तु र रूपपक्षको सुसंयोजनको अथक प्रयास हो । गीति, झ्याउरे, मन्दाक्रान्ता र मुक्तछन्दमा रचित विभिन्न शीर्षकका कविताले मानजीवनका विविध पक्ष र देशको सामाजिक, राजनैतिक स्थितिलाई प्रष्ट पारेका छन् । नेपालआमाप्रति कर्तव्यबोधले ब्युँझिएको, वास्तविकताको कुशल चित्रण अभिव्यक्तिको सहज, सरल र आकर्षक प्रस्तुति गरिएको यस कविताकृतिमा विसङगति बेहोर्नुपर्दाको क्षणलाई बडो उत्कर्ष बिन्दुमा पुऱ्याइएको छ ।

“दरिद्रताको परिवेश” कृतिमा विकृति र विसङगति, पीडा र वेदनालाई विभिन्न बिम्ब अलङकारले सजाएर सामान्य पाठकलेसमेत सजिलै बुझ्न सक्ने गरी सरल, सहज भाषाशैलीमा रचना गरिएकोले योग कृति प्रशंसा गर्न योग्य छ ।

## ५.५ अशान्तिले जन्माएको सेतो चोली (गीतिसङ्ग्रह) को विश्लेषण

ध्रुवकिरण रेग्मीको यो "अशान्तिले जन्माएको सेतो चोली" गीतिसङ्ग्रह तेस्रो प्रकाशित कृति हो । रेग्मीले यस कृतिलाई गीतिसङ्ग्रहको रूपमा परिभाषित गरेका छन् । विशेषगरी यस गीतिसङ्ग्रहमा गीत र मुक्त छन्दका कविता समावेश गरिएका छन् । गीत र कविता अत्यन्त निकटतम भाषिक कलात्मक साङ्गीतिक अभिव्यक्ति भएकाले वास्तवमा गीत र कविता दुवै भाषिक माध्यम अँगाल्ने गेय-आत्मालापी र अप्रत्यक्ष श्रोताद्वारा सुनिने श्रव्य कला हुन् । सङ्गीत र साहित्यका सन्धिरेखामा नै गीत र कविता दुवैको विधागत आधारभूत अवस्थिति रहेका दृष्टिकोणले पनि यी दुवै सङ्गीत नभै नहुने विषय अन्तर्गत पर्दछन् । गीतका आँतमा कविता अपरिहार्य रूपमा रहने भएकाले यो कृतिलाई समग्रमा गीतिसङ्ग्रह मानिएको हो ।

वृन्दावनमा कृष्णले बजाएको त्यो सुमधर स्वरले गोपिनीहरूलाई लट्ठ्याएजस्तै आफ्नै मौलिक लय र मुरलीको मीठो धुनमा सबैलाई लट्ठ बनाउने कवि तथा गीतकार रेग्मी सहज, सरल र छरिता मुक्तछन्दका कविता तथा लोकजीवनमा भुक्त र अनुभूत सन्दर्भलाई छताछुल्ल हुने गरी आफ्ना कृतिमा पोख्दछन् ।

ध्रुवकिरण रेग्मीले आफ्नो साहित्यिक यात्राको पूर्वसन्ध्यादेखि रचना गरेका प्रकाशित तथा अप्रकाशित रचनालाई विभिन्न कृतिमा सङ्ग्रहीत गरी प्रकाशित गरेका छन् । विभिन्न ४ वटा प्रकाशित कृतिमध्ये यहाँ "अशान्तिले जन्माएको सेतो चोली" (२०६४, गीतिसङ्ग्रह) को विवेचना गरिएको छ ।

भाषाले, भावले, लयले आफ्ना अनेक रागात्मक र कलात्मक सौन्दर्य भाव-सम्भावनासहित परस्पर तादात्म्य प्राप्त गरेको स्थितिमा गीत आफ्नो सृजनात्मक शिखरमा चढ्छन ।[96] यस सङग्रहमा पनि यिनै भाव र लयलाई बडो गीतिगमलामा सजाइएका छन् ।[97] शृङगारिताको नाममा छाडा संस्कृति मौलाइरहेको परिवेशमा यो कृतिले नैतिक सीमाभित्र अनुबन्धित रचनालाई जन्माएको छ । भाषण, हुकुम, अठोट, दबाव, घुर्की, हप्की, फकावट र वकसिस आदिले भन्दा मानिसलाई गीतले बढी प्रभाव

[96] प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता,** भाग ४, (पुल्चोकः साझा प्रकाशन, द्वितीय संस्करण, २०५३) पृ. २३ ।
[97] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, शुभेच्छा शीर्षक, चेतकान्त चापागाई) पृ.३ ।

पार्छ र शिक्षा उत्पादन, निर्माण र जागरण आदि हरएक क्षेत्रमा बढीभन्दा बढी सक्रिय बनाइदिन्छ ।[98] गीतकार कालीभक्त पन्तका यी उद्‌गारजस्तै रेग्मीको यो कृतिमा समेत यो भावना प्रकट भएको पाइन्छ ।

रम्य-सुम्दर भाव वा अर्थको वाहक भाषालाई माध्यम तुल्याई गीतले सङ्गीतसँगको आफ्नो साइनोलाई सर्वाधिक महत्व दिई लय पक्षलाई अधिकाधिक गेय र श्रुतिसुखद तुल्याउनैपर्ने सन्दर्भमा नै गीतको निजत्व खुल्दछ र यसै बिन्दुमा नै गीतको गीतिपन स्थापित हुन आउँछ ।[99] यसरी गीतचाहिँ सङ्गीतपक्षसँग विशेष आबद्ध रहे पनि यस कृतिमा सा, रे, ग, म राखेर गाउन नमिल्ने छोटा (चार हरफ) र बढी लामा (६० हरफ) गीत भएकाले प्रायोगिक पक्ष केही कमजोर भएको कुरा समालोचक डी.आर. पोखरेल बताउँछन् । कुनै कुनै गीत यस्ता रहे पनि समग्रमा यस कृतिमा सङ्ग्रह गरिएका गीतमा श्रुतिबिम्बमार्फत नै मानवबिम्बको सञ्चार गरिएको छ । मानिसका मनका यावत् अनुभव-विचारहरू संवेगात्मक-रागात्मकरूपमा नै प्रस्तुत गरिएको छ ।

गीत र कविता दुवैका उपकरणहरू प्रायः समान नै छन् । यी दुवैमा भाषिक माध्यम र लयका साथै भावविधान र रूप-कलाको सम्मिलित अन्तर्धारा प्रवाहित भएको हुन्छ । मूलतः भाषा, भाव र लयको रूप-संरचनाको त्रिवेणीमा गीत-कविता दुवै व्यक्ति छन् ।[100] यही आधारमा कविता विधाका मानक स्वरूप नै गीतका संरचक घटक हुन सक्छन् । यसैले माथि उल्लिखित कविताका सङ्गठक तत्वहरूको आधारमा नै यस गीति सङ्ग्रहको पनि विश्लेषण गरिन्छ ।

### ५.५.१ शीर्षक

शीर्षक विशेषीकृत भएमा यसले कृतिको अन्तर्वाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ ।[101] ध्रुवकिरण रेग्मीको यस "अशान्तिले जन्माएको सेतो चोली" शीर्षक गीतिसङ्ग्रह नामबाट नै अशान्तिले आक्रान्त हाम्रो संस्कृति र समाज, व्यक्ति अनि परिवारभित्र जुन अभिशप्त चित्कार छ त्यसलाई प्रष्ट पार्न खोजिएको देखिन्छ । यस कृतिमा युगीन चुनौतिको यथार्थ चित्रित छ ।

[98] प्रा. डा. चुडामणी वन्धु, **नेपाली लोकसाहित्य**, (काठमाण्डौः एकता बुक्स, २०५८), पृ. १२७ ।
[99] प्रा.डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४), पूर्ववत पृ. २४ ।
[100] प्रा.डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४), पूर्ववत पृ. २३ ।
[101] प्रा.डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता** (भाग ४), पूर्ववत पृ. १७ ।

अशान्तिका कारण जीवनजगत्का भोगाइहरू कति संवेदनशील हुन्छन् भन्ने भाव समग्ररूपमा व्यक्त गरिएको छ । अशान्तिका कारण भोग्नुपरेका क्षति र पीडा, सामाजिक समस्या, राजनैतिक अस्तव्यस्तका कारण देशमा शान्ति हराएको कुरा उल्लेख गरिएको छ । देशमा लुटाहा, चुसाहा र निघृणीहरूले यो देशको शान्ति खलबलाएको यथार्थ यस कृतिमा चित्रण गरिएकोले यस कृतिको शीर्षक "अशान्तिले जन्माएको सेतो चोली" अत्यन्त सार्थक र उपयुक्त छ ।

### ५.५.२ विषयवस्तु

ध्रुवकिरण रेग्मीका प्रकाशित कृतिहरूमध्ये "अशान्तिले जन्माएको सेतो चोली" (२०६४) (गीति संग्रह) २८ वटा गीतहरू सङ्गृहीत भएको गीति सङग्रह हो । प्रकाशनका दृष्टिले रेग्मीको यो तेस्रो कृति हो । यस कृतिमा समावेश भएका कृतिको सफलतामा केही प्रश्न चिन्ह खडा गरिएतापनि यसमा लयात्मकता र गेयात्मकताको भरपुर प्रयोगबाट कृतिको सफल पाटो देख्न सकिन्छ । हार्दिकता, कोमलता र सरसता रेग्मीका विशेषता हुन् । यस्ता विशेषताका धनी रेग्मीका हरेक रचनामा काफी सुन्दरता छ । 'गीतिकाव्य मध्यस्तरीय'[102] कविताको रूप भएकाले यस गीतिसङ्ग्रहमा लोकजीवनको सामूहिक चेतना नेपाली सांस्कृतिक संवेदना, युगीन चेतनाका सूक्ष्म भावलाई रौ चिराजस्तै केलाइएको पाइन्छ ।

गीत मानवीय भावनाको दुःखःसुख पीडा, रोदन, भोगाइलाई अन्तहृदयदेखि नै प्रस्फुटित गर्ने स्वतः स्फुर्त ध्वनिहरूको झङ्कार हो । लोकलयमा संरचित भएका यस कृतिमा समाविष्ट हरेक रचनामा गीतितत्व भरपुर छ । विविध विषयमा लेखिएका गीतहरूको सङ्कलन यस कृतिमा साच्चिकै भोगाइलाई सुन्दररूपमा पस्किएको छ ।

आजको संवेदनहीन युगमा बाँचिरहेका आजका मान्छेको भोगाइ, राजनीतिक, सत्ताशक्ति, भोक अभावबीचको द्वन्द्व कतै शोकगीतमा कतै वर्तमानले अँठ्याएका (थिचेका), अतीतले च्यापेका लय र भाकामा गीतको शिल्प र सौन्दर्यसँगै मर्स्याङ्दीको कञ्चन पानीजस्तै भएर बगेका छन । यस कृतिमा समेटिएका प्रत्येक रचनालाई गीतकारले आफूले भोगेका भोगाइहरूमाथि विचारात्मक पक्षलाइ महत्व दिई प्रस्तुत गरेका छन् :

---

102 डा. ताराकान्त पाण्डेय, **गरिमा**, वर्ष-१८, अंक-३, (ललितपुरः साझा प्रकाशन, फाल्गुन २०५६) पृ. ५४ ।

धमिरोले आफ्नो गोलो आफै बनाउँछ

दमाईचरो आफ्नो गुँड आफै सजाउँछ

(मान्छे खोज्न आऊ)

कवि एवं गीतकार रेग्मीका यी शब्दावलीहरूमा शून्यतामा हराइरहेका आजका मान्छेलाई आफ्नो स्वरूप खोज्न आग्रह गरिएको छ । वर्तमानमा बाँचिरहेका मानिसले आफूलाई अल्छी बनाउँदै लगेकोले उपदेशात्मक रूपमा आफ्नो अस्तित्व बचाउन आग्रह गरिएको छ । लघुतम आयामिक संरचनाका यी हरफमा मान्छेको क्षयोन्मुखी प्रवृत्तिमाथि सङ्केत गरिएको छ :

शान्ति क्षेत्र नेपालको माटो

रगतले भिज्दैछ, भीर पाखो

(सत्ताको करामत)

कवि एवं गीतकार रेग्मीका यी शब्दले युगजन्य सङ्गतिहीनताप्रति व्यङ्ग्य गरेको पाइन्छ । प्रजातान्त्रिक संस्कारको अपहरण गरेर हाम्रो स्वाभिमान र मूल्यमाथि रगतको होली खेल्न पल्केका सत्ताधारीको दुश्चक्रमा नेपाल फस्नाले हाम्रो यो हाल भएको भाव यहाँ सङ्केतित छ । सहज, सरल-लोकलयमा गहन भाव व्यक्त गर्न सक्नु यी पंक्तिको वैशिष्टय् हो । मावन हृदयमा रहेका प्रेम, करूणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति गीतमा हुन्छ ।[103] यसै भावलाई कविले यसरी सङ्केत गर्छन् :

रातो सारी संभ्रेर रून्छु,

सेतो सारी हेरेर टोलाउँछु ।

(सेतो सारी)

यस गीतमा आख्यानतत्व पनि स्वतः मिसिएको छ । देशमा अशान्तिका कारण आफ्नो पति मारिएकी देवीको विरह वेदना समग्र नारी पीडाको अभिव्यक्ति भई उर्लिएको छ । एकल जीवन बाँच्न बाध्य भएकी नारीको सम्पूर्ण जीवन आँसुमय भएको जीवनको

103 डा. चूडामणी बन्धु, **नेपाली लोकसाहित्य,** (काठमाण्डौः एकता बुक्सः २०५८) पृ. ११५ ।

पीडाबोधलाई गीतमा व्यक्त गरिएको छ । व्यञ्जनार्थी शब्दहरूले संरचित यो गीतमा बेइमानी प्रवृतिले नेपाली देवीजस्ता नारीको त्यो फूलजस्तो जीवन ओइलिएर झरेको भाव व्यक्त गरिएको छ ।

> यो देशका भ्रष्टचारी तस्करी र बापती,
>
> कहाँ गए हाम्रा प्राचीन कला संस्कृति ।
>
> (नेताको पहिचान र देश)

हामीकहाँ व्याप्त विसङ्गति, वेथितिप्रति कवि एवं गीतकार निराश देखिएका छन् । राजनैतिक अस्तव्यस्तताले नेपाल कङ्गाल हुनु परेको, नेतृत्ववर्ग घीनलाग्दो कुर्सीमोह, भ्रष्टाचार विविध कुलतको दलदलमा फसेकाले हाम्रो प्राचीन कला संस्कृति हराउँदै गएको युगबोधको प्रकटीकरण गरिएको छ । आफ्नो समाज र जीवनसम्बन्धी दृष्टिकोणलाई अतीतको वर्णनबाट वर्तमानको रेखाङ्कन गर्ने प्रयास यसमा भएकाले ठाउँठाउँमा वर्तमानको यथार्थतालाई युगबोधको रूपमा प्रकट गरिएको छ । यहाँ बाँसुरीको मर्मभेदी रोदन भन्दा विद्रोहको तातो रापको अनुभूति हुन्छ ।[104] यसरी यस कृतिमा अशान्तिले आक्रान्त हाम्रो संस्कृति र समाज, व्यक्ति अनि परिवारभित्र जुन अभिशप्त चित्कार छ, त्यसलाई गीतकारले यहाँ विविध विषयवस्तु बनाएर व्यक्त गरेका छन् ।

### ५.५.३ संरचना

आन्तरिक तथा बाह्य संरचना मूलतः समग्र संरचनाभित्र अन्तर्लयलाई वृत्ताकार तथा चक्रत्मक तरिकाले पंक्तिपुञ्जको संयोजन निर्माण गर्नु नै गीतको संरचना हो ।[105] यस सङ्ग्रहमा उनका २८ वटा गीतहरू सङ्ग्रहीत छन् । सबैभन्दा सानो आयामको गीत चार हरफे छ भने लामो कलेवरको गीत ७० हरफसम्मको छ । ९ वटा गीतहरू चार हरफे छन् भने ६० हरफ भन्दा माथिका दुईवटा रहेका छन् । बाँकीचाँहि मध्यम खालका छन । संरचनाका दृष्टिले चारहरफे गीत बढी छोटा र चालीस हरफभन्दा माथिका

---

[104] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफानेर्नियाः शान्ता अधिकारी, ०६४, शुभकामना शीर्षक, प्रेम विनोद नन्दन) पृ.२ ।

[105] ईश्वरी प्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (कीर्तिपुरः न्युहिरा बुक्स इन्टरप्राइजेज, २०६०) पृ. १९ ।

गीतहरू लामो मानिने भएकाले प्रायोगिक वा व्यावहारिक पक्षमा केही फितलोपन देखिन्छ । गीतहरूमध्ये कुनै दुई पङ्क्तिका र कुनै चार पङक्तिका श्लोकहरू जस्ता देखिन्छन् । कुनै चार र कुनै दुई पङ्क्तिमै लेखिएका पनि छन् । बाँकी केही गीतहरू भने “अन्तरा” र “स्थायी” सहितका छन् । दृष्टान्तका निम्तिः

डाँडामाथि जुन यो करा सम्भे है, आमा देवी हुन्

दशधारा दुधका भारा

तिर बाबु आमालाई नमार

डाँडामाथि जुन यो कुरा सम्भे है, आमा देवी हुन्

(गर बाबु आमाको जतन)

लोकछन्दमा संरचित उनका यी गीतहरूमा सामाजिक यथार्थको चित्रण छ ।[106] गीतिलयमा संरचित भएकाले यो प्रचलित लोकभाकाकै परिधिभित्र पर्छ । कतिपय गीतहरूमा आख्यानीकरण सुन्दरताका साथ प्रयोग गरिएको छ । “सेतो सारी” शीर्षकको गीतले यसलाई प्रष्ट पार्दछ । यसरी संरचनागत दृष्टिबाट पूरै गीतितत्व अँगाल्न नसकेको भए तापनि समग्रमा यो सङग्रह सफल देखिन्छ । बाह्य संरचना हेर्दा आख्यानको प्रयोग भए तापनि आख्यानको अन्वितिसूत्र भेटिंदैन । आन्तरिक संरचनामा भने विभिन्न उपमा, प्रतीक, बिम्ब, अलङ्कारको रूपमा आएकाले यो कृति सफल देखिन्छ ।

उपियाँ र उडुसले चुस्नसम्म चुसे

लामखुट्टे र जुकाहरू भित्रभित्रै घुसे

(उठ लौ अब)

शोषक वर्गलाई उपियाँ, उडुस, लामखुट्टे र जुकाहरूको रूपमा आरोपित गर्दै रूपक अलङ्कार प्रयोग गरिएको छ ।

---

[106] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, मन्तव्य-डि.आर पोखरेल) पृ.६ ।

रातो सिउँदो पुछिदा खेरि

दोर्दी खोलो सुसायो बेसरी

(सेतो सारी)

यी हरफमा "रातो सिन्दुर" जस्ता विम्वात्मक शब्दहरू र "सिउँदो पुछिदा" जस्ता प्रतीकात्मक शब्दहरू लक्षार्थी बनेर गीतलाई सशक्त बनाएका छन् ।

गहुँ, कोदो धान मकै केही छैन घरमा

काट्छिन कठै, लामा रात पटुकीको भरमा ।

(उठ लौ अब)

यस गीतमा जुन भोकै सुत्नुको अर्थमा "पटुकीको भरमा" वाक्यांश प्रयोग गरिएको छ, यो आलङ्कारिक बनेको छ ।[107] ध्वनि लक्षणा र व्यञ्जना भन्दा सोझै संवाद शैलीमा गीतहरू रचना गरिएका छन् ।[108]

### ५.५.४ भाषाशैली

मानिसका मनका चेतना-वृतका यावत अनुभव विचारहरू संवेगात्मक, रागात्मक, परिणति साङ्गीतिक मागअनुरूप भावको वाहक बनी गीत सरल भाषाशैलीमा आउनुपर्ने हुन्छ । गीतका भाषाका अङ्ग प्रत्यङ्यगमा अत्याधिक श्रुतिसंवेद्यता चाहिने हुन्छ ।[109] रेग्मीको यो कृति पनि यिनै भाव बोकेर सहज लोकलय (सवाइ छन्द) मा बगेको पाइन्छ । हरेक हरफहरू गेयात्मक छन् ।

जस्तै :- रूँदा-रूँदा सकियो आँसु

यो जीवनमा कसरी म हाँसू

(सेतो सारी)

---

[107] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, मन्तव्य-डि.आर पोखरेल, पृ.११।

[108] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, मन्तव्य-डि.आर पोखरेल, पृ.११।

[109] प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता,** भाग ४, (पुल्चोकः साझा प्रकाशन, द्वितीय संस्करण, २०५३) पृ. २७ ।

रेग्मीको यस गीतिसङ्ग्रहमा सङ्कलित गीतहरू सबै गीतको भाषाशैलीले भाषिक सङ्गीतका सृजनामा विशेष ध्यान पुऱ्याउनु पर्ने अवस्थामा नदेखिए तापनि अनुप्रासीय अन्तर्प्रवाहको विशेष सञ्चार भने भएको देखिन्छ । मीठा एवंम् ललित शब्द र वाक्याशंहरूको प्रयोगले यो सङ्ग्रह सफल देखिन्छ । यिनी आफ्ना रचनामा विशेषतः तत्सम शब्द र झर्रा नेपाली शब्दको मिठासपूर्ण शब्द प्रयोग सहज रूपमा गर्छन् । विशेषतः भाव र भाषालाई मुछेर श्रुतिमय बनाउन सक्नु यिनको भाषिक प्रवृति हो । लय र छन्दमा विविधता भए पनि भाषाशैलीले एउटै अवधारणालाई तीव्र र आक्रामक भावमा परिलक्षित गरेका छन् ।[110] समसामयिक परिस्थितिलाई संवाद शैलीमा सामूहिक पीडा अभिव्यञ्जित भएको "बन्द र बन्दुक" शीर्षक गीतमा हामीलाई दुख्ने र बिझाउने गरी आएका विडम्बनापूर्ण स्थितिलाई सहज भाषाशैलीमा उतारेका छन् ।

### ५.५.५ लयात्मकता

लय वा भाका भनेको गीतको स्वरगठन हो ।[111] लोकजीवनमा गीत गाउने खास शैली नै भाका हो । गीतको आधारभूत तत्वमध्ये लयविधान पनि एक हो । लय गीतको प्राण नै हो । गीत भएकाले यसमा लयात्मकता, गेयात्मकता हुनु जरूरी हुन्छ । साङ्गीतिक पक्षमा यस कृतिको व्यवहारिक पक्ष फितलो देखिए तापनि यस सङ्ग्रहमा श्लोकका अनुप्रासहरू खुब खुलेका लयात्मक छन् । रम्य-सुन्दर भाव वा अर्थको वाहक भाषालाई माध्यम तुल्याई गीतले लय पक्षलाई अधिकाधिक गेय र श्रुतिसुख तुल्याउनै पर्ने सन्दर्भमा नै गीतको निजत्व खुल्दछ ।[112] गीतकार रेग्मीले यी रचनाभित्र विविध विषयवस्तुलाई लयात्मक रूपमा पस्किएको छन् :

शिरको सिउँदो गलाको पोते

किन्न पाइन्छ भनेर नसोचे

(सेतो सारी)

[110] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, शुभकामना शीर्षक-प्रेम विनोद नन्दन), पृ. २ ।

[111] प्रा.डा. चुडामणी बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौंः एकता बुक्स, ०५८), पृ. ११७ ।

[112] प्रा. डा. वासुदेव त्रिपाठीसमेत, **नेपाली कविता**, भाग ४, (पुल्चोकः साझा प्रकाशन, द्वितीय संस्करण, २०५३), पृ. २४ ।

यसमा रचना गरिएका गीत लोकलयमा लेखिएका छन् । लोकभाकाहरू पहाड बेंसी गर्दै देउराली भञ्ज्याङ्मा रेलिमाइ गाइरहेका छन्, कतै आँसुका मुलमा र कतै गुराँसका मञ्जुलमा ।[113]

कुमालकोटी कीरोसँग शिक्षा लिन जाऊ

अनि मात्र मान्छेभित्र मान्छे खोज्न आऊ ।

(मान्छे खोज्न आऊ)

रगत र आँसुको खोलो

जता हेऱ्यो त्यतै छ अँधेरो

(सत्ताको करामत)

यस सङ्ग्रहमा यस्ता बास्नादार शब्द-पुष्पहरूलाई जनजिब्रोका बोलीहरूमा टपक्क टिपेर लयात्मक भावमा सजाइएको छ । अशान्तिले आक्रन्त हाम्रो संस्कृति र समाजको चित्कारलाई गीतकार रेग्मीले गीतका लय छन्दहरूमा अभिव्यञ्जन दिने प्रयास गरेका छन् । यसरी लयात्मक दृष्टिकोणबाट हाम्रै गाँउ बेसीमा गुञ्जिन सक्ने लोकलयमा सरल र सहज अभिव्यक्ति, यथार्थवादी दृष्टि, मानवीय संवेदना, विद्रोहात्मकता, अन्तर्पीडा, सामाजिक जागरण, व्यङ्ग्यत्मकतालाई बढी लयात्मकतामा सपक्क मिलाउन सकेकाले यो कृति सबल देखिन्छ । 'मानिसको जीवनको गति आफैमा लयपूर्ण हुने गर्दछ'[114] भने जस्तै गीतकार रेग्मीको यस सङ्ग्रहभित्रका गीतले पनि यही भावलाई पक्रन सक्षम भएकाले यो कृति सफल बन्न सकेको पाइन्छ ।

### ५.५.६ भावविधान

लिखित गीतहरूको निश्चित भाव हुन्छ, शब्द प्रयोग, कथन अनुप्रास, विचार-प्रवाह सबै दृष्टिले लिखित गीतहरूले लेखकले राम्रो बनाउने चेष्टा गरेका हुन्छ ।[115] समसामयिक परिवेशमा जन्मिएका र हुर्किएका विविध परिस्थितिहरूले सिर्जेका अप्ठ्यारा परिस्थिति

[113] ध्रुवकिरण रेग्मी, **अशान्तिले जन्माएको सेतो चोली**, (क्यालिफोर्नियाः शान्ता अधिकारी, ०६४, शुभेच्छा शीर्षक-चेतकान्त चापागाई), पृ. ३ ।
[114] ईश्वरीप्रसाद गैर, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, ( कीर्तीपुरः न्यूहिरा बुक्स इन्टरप्राइजेज, २०६१), पृ. १५।
[115] प्रा. डा. चुडामणी बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौं: एकता बुक्स, ०५८), पृ. १२१ ।

एवम् राजनैतिक, सामाजिक आर्थिक आदि जटिलताहरूलाई विषयवस्तु बनाएर लेखिएका उनका गीतहरूलाई निम्न भावका आधारमा अध्ययन गरिन्छः

### ५.५.६.१ जीवनबोध सम्बन्धी गीत

यस सङ्ग्रहभित्र कतिपय गीतहरूमा निम्नवर्गीय जीवनका बाध्यता, विवशता, महङ्गीले थिचिएका नेपाली जीवनको पीडा, निम्न-मध्यमवर्गीय जीवनको दुर्दशा, जीवनका निराशा, कुण्ठालाई जीवनबोधी प्रसङ्गका रूपमा उल्लेख गरेका छन् ।

नेपाली समाजमा सर्वसाधारण दीन दुःखीहरूको दयनीय अवस्थभित्र गरिबी र दरिद्रताको स्वरूपलाई गीतकार यसरी पोख्छन् :

बूढीआमा झुपडीमा धुरूधुरू रून्छिन्

आँशुधारा सँगालेर मनको पीर धुन्छिन् ।

(उठलौ अब-१)

छोराछोरी भोक लाग्यो भन्छन्

'खान पाइन' भनेर रोइरहन्छन् ।

(जरो उखेलौ-३)

### ५.५.६.२ देशप्रेमसम्बन्धी गीत

यस गीतिसङ्ग्रभित्र देशप्रेमका स्वरहरू पनि उर्लिएका छन् । आफ्नो जन्मभूमिलाई भित्रैदेखि माया गर्नुपर्ने भाव गीतमा छताछुल्ल भएका छन् । लोकभाकाहरूको माध्यमद्वारा पहाड, बैंसी, देउराली, भञ्ज्याङमा रेलीमाइ गर्दै मेची महाकालीका तरङ्गहरूमा डुबुल्की मारेका छन् ध्रुवकिरण रेग्मी,

गर्छौ भने देशको माया भित्रैदेखि गर

होइन भने तिमी अर्कै देशमा सर

(देशको माया -१)

जन्म दिने आमाजस्तै नेपाल आमा ठूली हुन्
आफ्नै सन्तान मारामार कति रूँदी हुन् ।

(नेताको पहिचान र देश -४)

### ५.५.६.३ राजनीति चेतसम्बन्धी गीत

राजनैतिक विकृति, विसङ्गतिप्रति झटारो हानिएका गीतहरूमा सत्तालिप्सा तथा व्यक्तिगत स्वार्थमा लिप्त नेताहरूको मनोवृत्तिप्रति प्रहार गरिएको छ । कतै पौराणिक पात्रहरूलाई बिम्बको रूपमा कतै उपियाँ उडुस, स्याल, गिद्ध, कुकुरको रूपमा प्रस्तुत गरेर राजनीतिक विकृति, षडयन्त्र, घात-प्रतिघात जस्ता कुरालाई गीतमा प्रस्तुत गरिएको पाइन्छ :

वसन्तमा क्वैली मुख कौवा आइ टाल्यो
यो राज्यले शकुनि र कंश पाल्न थाल्यो ।

(शकुनि र कंश -१)

नेपाल आमा सुत्केरी भइछन्
स्याल, गिद्ध, कुकुर पो जन्मेछन् ।
न्याउली करायो, बुद्धको चौतारी कता हरायो ?

(सत्ताको करामत- १)

यसरी विविध सन्दर्भमा यस सङ्ग्रहमा समावेश गरेर लेखिएका गीतभित्र अशान्तिले आक्रान्त हाम्रो सस्कृति र समाज, व्यक्ति अनि परिवारभित्र जुन अभिशप्त चित्कार छ, त्यसलाई गीतका लय-छन्दमा अभिव्यञ्जना दिने प्रयास भएको छ ।

### ५.५.७ बिम्बविधान

कुनै कृतिमा मुख्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ विम्ब हो । जीवन-जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ र अर्थालङ्कारहरू विम्वविधानकै उपक्रम हुन । बिम्बालङ्कारहरूले विशेष चमत्कार

देखाई गीत/कवितालाई उजिल्याउने काम गर्दछन् । ध्रुवकिरण रेग्मीद्वारा प्रस्तुत यस गीति सङ्ग्रहमा पनि विभिन्न बिम्ब तथा अलङ्कारको सफल प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहीत रचनामा विभिन्न बिम्बहरूको प्रयोग गरेर गीतलाई सुन्दर र कलात्मक बनाइएको छ । उपमाको अर्थ हो- समता, तुलना वा दँजाई । यस अलङ्कारमा प्रस्तुत र अप्रस्तुत कुनै दुई भिन्न वस्तुको सादृश्य मिलाई तुलना गरिन्छ र समानता कायम राखिन्छ ।[116] कविले यहाँ विभिन्न बिम्बको प्रयोग यसरी गरेका छन् :

वसन्तमा क्वैली मुख कौवा आई टाल्यो

यो राज्यले शकुनि र कंश पाल्न थाल्यो ।

(शकुनि र कंश - १)

यहाँ शकुनि र कंश पौराणिक पात्र अहिलेको शोषक र सामन्तका रूपमा बिम्ब बनेर आएका छन् । शब्दका प्रतिच्छायाका रूपमा अर्थको प्रतीति गराउने अर्को अर्को सहवर्ती तत्व बिम्ब हो । सांसारिक वस्तु वा जीवनजगत्का व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू बिम्ब हुन्छन् । भाषामा प्रयुक्त अर्थालङ्कारहरू पनि बिम्ब विधानकै उपक्रम हुन् ।[117]

लेकबेसी तराईको माटो

स्याल, गिद्ध घुम्दैछन्, भीर पाखो

(सत्ताको करामत - ४)

यस श्लोकमा पनी यस देशका चुसाहाहरूलाई स्याल, गिद्धका रूपमा बिम्ब प्रतिक बनेर प्रयोग भएका छन् ।

यस्तै शोषक सामन्तलाई उपियाँ, उडुस, लामखुट्टे र जुकाहरूको रूपमा आक्षेपित गरिएको छ । यी शब्द बिम्बहरूले सम्पन्न वर्गलाई ज्यादै घृणित रूपमा प्रस्तुत गेका छन् । तलको गीतले उत्पीडनकारी या शोषणकारी संरचना ध्वस्त पार्न तयार भएको सामाजिक विद्रोहको बिम्ब प्रस्तुत गरेको छ :

---

116 कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, बीसौं संस्करण, (काठमाडौं: सहयोगी प्रेस, त्रिपुरेश्वर, ०५४), पृ. २७६ ।
117 कृष्ण विलास पौड्याल, **साहित्य सिद्धान्त**, (काठमाडौं: श्रीकृष्ण प्रकाशन, २०५९), पृ. १२ ।

साहुको जरो उखेल्न जाऊ

सामन्तीको कठालो समाऊ

(जरो उखेलौं - ९)

रेग्मीले क्रान्ति गर्नुपर्ने औचित्यको पुष्टिसहित शोषणको पराकाष्ठाको बिम्ब प्रस्तुत गरेका छन् । सधैं गधाजस्तो जोतिएर काम गर्दा पनि रोएर जीवन जिउनुपर्ने तथा दिदी बहिनी दास बनेर बस्नुपर्ने नेपाली समाजको यथार्थलाई यसरी प्रतिबिम्बित गर्दछन् :

गधाजस्तो जोतिएर सधैं रूनुपर्छ

दिदी बहिनी मालिकका दासी हुनुपर्छ ।

(उठ लौ अब - २)

यस्तै ध्रुवकिरण रेग्मीले यस कृतिमा विभिन्न अलङ्कारको प्रयोग गरेका छन् । उपमा, रूपक अलङ्कारको विशिष्ट प्रयोग गरिएको छ । अनुप्रास अलङ्कारको प्रयोग गरेर गीतलाई आस्वाद्य र पठनीय बनाइएको छ । यसरी विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरेर सामाजिक रूपान्तरणका लागि उनले बिम्बात्मक रूप पनि प्रस्तुत गरेका छन् ।

### ५.५.८ उद्देश्य

प्रत्येक साहित्यिक विधा सिर्जनामा उद्देश्य अनिवार्य हुन्छ । कुनै पनि कामका लागि एउटा निश्चित उद्देश्य राखिएकै हुन्छ । वास्तवमा लेखकका मनमा कुनै विषयमाथि उठेका भावना प्रस्तुति गर्नु नै उद्देश्य हो । उद्देश्य विनाको संरचनाको कुनै अर्थ रहदैंन । ध्रुवकिरण रेग्मीद्वारा रचना गरिएको यस कृतिमा पनि अशान्तिले आक्रान्त पारेको नेपाली समाजको कटु यथार्थलाई देखाउनु मुख्य उद्देश्य रहेको पाइन्छ । जीवन र जगत्का भोगाइलाई मर्मस्पर्शी गीतका रूपमा चित्रित गर्नु यसको प्रमुख उद्देश्य हो । देश-विदेशमा घटेका समसामयिक घटनाहरू, सामाजिक समस्याहरू, पति वियोग व्यहोर्न वाध्य नारीको अर्न्तपीडाको कारूणिक आवाज, राष्ट्रवादी स्वर, जनजागृतिको आह्वान, सामूहिक वा वैयक्तिक अर्न्तवेदनाको प्रकटीकरण, राजनैतिक नेतृत्वप्रति खबरदारी, विरहवेदनाको स्वर, उत्साह, उमङ्ग र प्रेरणाका जीवनदायी सन्देश विद्रोह एवम् वर्गीयता

र असन्तुष्टिका स्वरलाई विविध विषय बनाएर प्रकटीकरण गर्नु नै यस कृतिको मुख्य उद्देश्य रहेको पाइन्छ । विशेषगरी अशान्तिको कारणले नेपाली समाजलाई पारेको दुष्प्रभावलाई प्रष्ट पार्ने उद्देश्यलाई तलको उदाहरणले व्यक्त गर्दछ :

मान्छे खाने मान्छेहरू अझ खोलो तर्दैछन्

जन्ती, कुल्ली, मलामी त्यसै मर्दैछन् ।

(नेताको पहिचान र देश-२)

यसरी ध्रुवकिरण रेग्मीको यस सङ्ग्रहभित्रका गीतहरूको उद्देश्य जीवन-भोगाइका तीता-मीठा अनुभवलाई तथा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिलाई लोकभाकाको रूपमा प्रस्तुत गर्नु नै रहेको पाइन्छ ।

### ५.५.९ सारांश

ध्रुवकिरण रेग्मीको प्रस्तुत गीतिसङ्ग्रहमा लोकभाकाहरूको माध्यमद्वारा कतै आँसुका मूलमा र कतै गुराँसका मञ्जुलमा वैयक्तिक जीवनका निजी अनुभूतिहरू, सामाजिक भोगाइहरू, आर्थिक विषमताबाट उब्जिएका समस्याहरू, राजनैतिक विसङ्गति आदिलाई प्रस्तुत गरिएको छ । २८ वटा गीतहरू सङ्गृहीत यस कृतिमा विविध विषयद्वारा तत्कालीन समय परिवेशको यथार्थ परिदृश्य प्रस्तुत छ । शीर्षक चयन, विषयवस्तुको सान्दर्भिक प्रस्तुति र भावनात्मक विचारको प्रस्तुतिमा उनको यो कृति सफल देखिन्छ । यस सङ्ग्रहमा श्लोकका अनुप्रासहरू खुब खुलेका छन् । मीठा एवम् ललित शब्द र वाक्याशंको प्रयोग गरिएको छ । बिम्ब, प्रतीक र अलङ्कार समेतको यथोचित प्रयोग गरेर सरल, सहज अभिव्यक्ति, यथार्थवादी दृष्टिकोण, मानवीय संवेदना, विद्रोहात्मकता, अर्न्तपीडाहरूको प्रस्तुति, सामाजिक जागरणको उद्घोष, व्यङ्यात्मकता र वस्तुगत यथार्थतलाई टपक्क टिपेर लोकलयमा सपक्क मिलाउन सक्नुले नै यो अशान्तिले जन्माएको सेतो चोली कृति एक उत्कृष्ट गीतिसङ्ग्रहका रूपमा सफल भएको पाइन्छ ।

## ५.६ 'मेरो बिबु इन्जेक्सन र इमर्जेन्सी' (कविता सङ्ग्रह-२०६५) को विश्लेषण

ध्रुवकिरण रेग्मीका प्रकाशित पुस्तकाकार कृतिमध्ये प्रकाशनका दृष्टिले चौथो कृति 'मेरो विवु, इन्जेक्सन र इमर्जेन्सी' वि.सं. २०६५ सालमा सुमन अधिकारी को प्रकाशनमा प्रकाशित कृति हो् । रेग्मीको साहित्यिक यात्राका क्रममा महत्वपूर्ण स्थान राख्ने यो कविता सङ्ग्रह जम्मा ५० पृष्ठमा संरचित छ । चौधवटा शीर्षकमा रहेको यस सङ्ग्रहमा मुक्त छन्दका दस र गीतिछन्दका चार कविता रहेका छन् । यो सङ्ग्रह पनि कविता विधा नै भएकाले यहाँ उनका अन्य कृतिको विश्लेषण गरिएका घटकतत्वहरूकै आधारमा यस कृतिको पनि अध्ययन विश्लेषण गरिनेछ । उनले यस कृतिमा गरीवहरूको अभाव, दुर्दशा, विकृत राजधानी, राजनैतिक विकृति समाजसेवा आदि जस्ता विषयवस्तुलाई सटीक (सहज) रूपमा भाषाको रसदार कलाले चिटिक्क पारेर सिँगारेका छन् ।

### ५.६.१ शीर्षक

शीर्षक कविताकृतिको नामाकरण हो । यसले कृतिको सारभूत भाव वा विचारलाई सङ्केत गर्दछ । कृतिमा अन्तर्वाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तु र केन्द्रीय भावलाई जोड्ने गर्दछ । यस कृतिमा थुप्रै फुटकर कविता भएकाले विविध विषयवस्तु समेटिएका छन् । विविध विषय हुनाले समग्रमा कृतिको शीर्षकसँग पूर्ण रूपले तालमेल खाएको पाइँदैन । कुनै पनि कृतिमा कविको निजत्व पनि हुने भएकाले यस कविताकृतिको शीर्षक विशेषगरी आफ्नो जीवनमा परेको घटनाबाट प्रभावित भएको पाइन्छ । मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी गरी ३ शब्दबाट यो कविता सङ्ग्रहको नामकरण भएको छ । 'मेरो बिबू' भन्नाले कविले आफ्नो छोरालाई इन्जेक्सन र इमर्जेन्सी शब्दले आपतकालीन अवस्थामा सुईद्वारा बचाइएको अवस्थाको चित्रण गरेका छन् । आफ्नो बालक छोरा सिकिस्त विरामी भएर बचाइएको अवस्थाको अनुभूतिलाई नै कविता सङ्ग्रहको शीर्षकका रूपमा चयन गरिएको छ । सङ्ग्रहमा विविध खाले विषयवस्तु भएकाले एउटै शीर्षकले समग्र कृतिको सारभूत भावलाई समेट्न सकेको छैन तर कविको आफ्नो जीवनको विशेष घटनाबाट प्रभावित भएर लेखिएको 'मेरो बिबू इन्जेक्सन र इमर्जेन्सी' कविता सङ्ग्रह सफल कृति मानिन्छ । यही आधारमा यस कृतिको शीर्षक पनि सार्थक नै देखिन्छ ।

### ५.६.२ संरचना

यस कृतिमा संरचित कविताहरू सूक्ष्म आख्यानात्मक तथा फूटकर संरचनामा आधारित छन् । १६ पंक्ति संख्याका श्लोक संरचनादेखि १३७ श्लोक संरचनासम्म विस्तार भएका कविताहरू यस कृतिमा आबद्ध छन् । रेग्मीले यस कृतिमा रहेका कविताहरूलाई प्रगतिवादी मान्यताअनुरूप नै लेखेका छन् । प्रगतिवादी मान्यताअनुरूपका आफ्ना कवितामा यथार्थवादी जीवन दृष्टिकोणलई मुक्तछन्द वा लोकलयको गीतिछन्द संरचनामा लयबद्ध गरी सामाजिक रूपान्तरणको लागि जनतालाई उत्प्रेरित गर्ने काम पनि यस कविता कृतिले गरेको छ । सबैभन्दा कम सोह्र पङक्ति र सबैभन्दा बढी एकसय सैंतीस पङक्तिसम्मका संरचनामा कविताहरू संरचित भएका छन् । जम्माजम्मी एकहजार एकसय उनान्सत्तरी पङक्तिमा यो कविता सङ्ग्रह विस्तार भएको छ । मुक्त छन्दका दस र गीतिछन्दका चार कवितार तथा गीति सँगालोको यो कवितासङ्ग्रह लोकप्रिय गीतले गर्दा गीति सङ्ग्रह नै हो कि भन्ने भान पर्छ । संरचनाका दृष्टिले लघु आकारको कविता सङ्ग्रह भए तापनि यस कृतिमा विविध विषयवस्तु भएको तथा एउटा पवित्र र सुन्दर गन्तव्य विकृत राजधानी, आस्था र भरोसाका धरोहर बालक, एउटा समाजसेवीको संस्मरण, गरिवहरूको अभाव र दुर्दशा पूर्ण जीवन आदि विषयलाई सजीव चित्रण गर्न यो कृति सफल भएको छ । यस कृतिमा सुरूमा साहित्यकार रविकिरण निर्जीवको मन्तव्य, त्यसपपछि कविकै आत्मकथन, शीर्षक विषयसूची र कविता शीर्षकको विषय पचास पृष्ठसम्म फैलिएको छ । उनले आफ्ना कविताहरूमा पङक्तिहरू कतिपय पद तथा पदावलीको पुनरावृत्ति गरी एउटै कथ्यको केन्द्रीय भावमा रहेर अभिव्यक्ति दिएका छन् ।

उनको यस कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा लयात्मकता तथा अनुप्रासीय भाषाको प्रयोग गरेर गीतितत्वको समायोजन गराइएको छ । प्रगीतात्मक संरचना भएका कविताहरूमा आत्माभिव्यक्तिको तीव्रता हुने अथवा कविका सुखदुःखमय निजात्मक अभिव्यक्तिको उच्चचाप हुने हुनाले यसमा काव्यगत पात्रको रूपमा प्रायः उत्तम पुरूषको प्रयोग गरिएको हुन्छ र त्यस्ता संरचनाका कविताहरू विशेष गरी एकालापाको स्थितिबाट अगाडि बढेका हुन्छन् ।[118] रेग्मीको यस कृतिमा कविका निजी विचार वा

[118] मोहनराज शर्मा, **शैली विज्ञान**, (काठमाडौंः ने.रा.प्र.प्र., २०४८), पृ. ३९ ।

अनुभूतिले प्राथमिकता पाएका छन् । कविको स्वकीय अनुभूतिको अभिव्यञ्जनलाई रेग्मीले 'म' पात्रको  उपस्थिति गराएर आफ्ना अनुभूतिहरू प्रक्षेपित गरेका छन् र प्रथम पुरूष 'म' पात्रको उपस्थिति नभएको अवस्थामा पनि कवि पात्रलाई उभ्याएर उनले आफ्ना अन्तरात्मका अनुभूतिहरूलाई एकालापीय ढाँचामा अगाडि बढाएका छन् । आफ्ना विचारलाई लयबद्ध गरी अभिव्यञ्जित गर्ने क्रममा कविले प्रायः उत्तम शैलीको प्रयोग गरेका छन् । प्रायः सबै कविता कविको एकालापीय कथनमै रहेका छन् । उनका केही कवितामा द्वितीय पुरूषको 'तिमी' र तृतीय पुरूषको 'उनी' पात्रको प्रयोग गरी संस्मरणात्मक भावका कविता रचित छन् भने कतिपय कवितामा सामन्ती सामाजिक संरचनाको शोषण उत्पीडनका विरूद्ध विद्रोह गर्ने भावाभिव्यञ्जना पाइन्छ । कविताको शीर्षक संरचनाका आधारमा नै आगन्तुक शब्द, तत्सम् शब्द र नेपाली ठेट शब्दको प्रयोगबाट कविताको बाह्य संरचना निर्माण भएको देखिन्छ भने आन्तरिक संरचना अर्न्तगत भाव, कला तथा शिल्पको सशक्त सुन्दर र लयपूर्ण संयोजनले यस कृतिको आन्तरिक संरचना पनि सबल देखिन्छ ।

### ५.६.३ विषयवस्तु

विषयवस्तु कविताको एक महत्वपूर्ण र अनिवार्य तत्व हो । कुनै पनि कविता रचना गर्नको लागि जीवनजगत्भित्रको कुनै एक पक्ष वा मानव मनका विविध भावनाहरूलाई समेट्नुपर्दछ । शून्यमा कुनै पनि रचना रचिन सक्दैन । ध्रुवकिरण रेग्मीको यस सङ्ग्रहभित्रका कविताहरूको विषयवस्तुले पनि जीवनजगत्का तथा मानव मनमा पारेको विविध प्रभाव, आरोह-अवरोह, भाव, विचार आदिलाई समेटेको छ । प्रस्तुत कविताको मुख्य विषयवस्तु भनेको कविका मनमा विद्यमान सामाजिक विभेदबाट उब्जिएका यथार्थ छन् । कतिपय कवितामा समसामयिक यथार्थलाई तिखो व्यङ्ग्य गर्दै विषयवस्तुलाई झन सशक्त बनाइएको छ ।

प्रस्तुत कविताको पहिलो कविता "सालघारीको कथा" मा एउटा पवित्र र सुन्दर गन्तव्यको विषयवस्तु समेटिएको छ । मानिसलाई आफ्नो लक्ष्यमा पुग्न साधनाको शिखरमा चढ्न अनि आफ्नै पसिनाको पौरखमा रमाउन प्रेरित गरिएको छ । पवित्र गोरेटोमा चित्तशुद्धि पारेर अगाडि बढेमा सुन्दर गन्तव्य (भविष्य) मा पुग्न सकिने भावलाई विषयवस्तु बनाइएको छ ।

प्रस्तुत कविताको दोस्रो कविता "बालुवामा मखमली फूल सऱ्यो" मा एउटा समाजसेवीको संस्मरणलाई निकै आकर्षक ढङ्गमा विषयवस्तु बनाएर निकै आकर्षक ढङ्गले व्यक्त गरिएको छ । आफ्नो बिबू (छोरा) लाई  बचाउन सक्ने एक समाजसेवीको सम्झनामा मानिस कर्तव्य र कीर्तिले ठूलो हुन्छ भन्ने कुरालाई यहाँ समेटिएको छ ।

प्रस्तुत कविता सङ्ग्रहको तेस्रो कविता 'नेता, जनता र एकता' कवितामा कविले सामाजिक यर्थाथलाई विषयवस्तु बनाएर नेताप्रति तिखो व्यङ्ग्य गर्दै जनताको वास्तविक यथार्थ जीवनको कारूणिक स्थितिको चित्र उतारिएको छ । यसमा पहाडी र मधिसे मूल नभनी एकताको पाठ कसैले नभुल्न सबैलाई आग्रह गरिएको छ । यस्तै "सइन खटिराहरू" शीर्षक कवितामा जनताका अजात शत्रुलाई व्यङ्ग्य प्रहार गरिएको छ । "बेंसी पनि झर्ने गर" यस सङ्ग्रहको पाँचौ कवितामा नर्सिङ होम खोलेर मालामाल भएका व्यक्तिलाई व्यङ्ग्य गर्दै गिरि मात्र चढ्ने होइन बेंसी पनि झर्न सक्नु पर्छ भन्ने मानवतावादी विषयवस्तुलाई समावेश गराएका छन् । "हामी पाले उभिइरह्यौं" छैटौं शीर्षकको कवितामा आफ्नो बिबू (छोरा) लाई उपचार गराउँदा पाएको पीडा र बाहिर इन्जेक्सनलाई पनि सङकटकाल लागेको अवस्था छ भन्दै नेपालको वास्तविक यथार्थ परिदृश्य प्रस्तुत गरिएको छ ।

सातौं कविताको रूपमा रहेको 'सेवा र पसिना' कविता शीर्षकमा दया करूणा र सेवाकी प्रतिमूर्ति फ्लोरेन्सले गरेको सेवा र बगाएको पसिनाको प्रशंसा गरिएको छ । कविता सङ्ग्रहको आठौँ शीर्षकमा रहेको "नेपाले र स्वयम्भु" कवितामा एकजना समाजसेवीको विषयवस्तु समेटिएको छ । "आफ्नो माटो" कवितामा देश प्रेमको मोह देखाउँदै राष्ट्रविरोधी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस्तै दशौं कविता शीर्षकमा रहेको "तिम्रो सौन्दर्यको पदोन्नति भयो" कवितामा विकृत राजधानीको यथार्थ परिस्थितिको विषय निकै आकर्षक ढङ्गमा प्रस्तुत गरिएको छ । यसरी नै एघारौं शीर्षकमा राखिएको 'मेरो इन्द्र, मेरो पालक' शीर्षक कवितामा आस्था र भरोसाको धरोहर बालकको विषयवस्तु समेटिएको छ । बाह्रौ शीर्षक 'मेरो कोपिला झर्नेवाला थिएन' मा दुष्ट प्रवृति भएका व्यक्तिको बिगबिगी भए तापनि संघर्ष गर्न नडराउने मेरो कोपिला झर्नेवाला थिएन भनी कविले विषयवस्तुलाई अगाडि बढाएर यसो भनेका छन् :

मुटु कलेजो लुछ्नेहरू थिए

मनमगज चुस्नेहरू पनि थिए

भाला सोभ्याउनेहरू पनि थिए

तर पनि मेरो ओत,

मेरो उद्यान

कसैसँग झुक्नेवाला थिएन ।

(मेरो कोपिला झर्नेवाला थिएन)

प्रस्तुत सङ्ग्रहको तेह्रौं रचना "हृदयमा बत्ती झलल" रहेको छ । यस गीतमा विदेशिएको आफ्नो छोराको वियोगमा तडपिएका आमाबाबुको स्थितिलाई विषयवस्तु बनाइएको छ । यसैगरी प्रस्तुत कविता सङ्ग्रहको चौधौँ वा अन्तिम कविता "चामल छिर्ने कमण्डलु" मा हाम्रो देशको आर्थिक अवस्थाको चित्रण गरिएको छ । कमण्डलुलाई प्रतीकको रूपमा कविले प्रस्तुत गरेर प्वालै प्वाल भएको छिद्र कमण्डलु जस्तै देश सधैँ रित्तो मात्र छ भनी भनिएको छ ।

यस कविता सङ्ग्रहभित्रका विषयवस्तु कविकै निजी जीवनका वैयक्तिक अनुभूतिहरू हुन् । यसमा कतै यथार्थ, कतै कल्पना वा भावनाका गीतहरू उदात्त रूपमा प्रकट भएका छन् । आफू बाँचेको युगको पीडा र व्यथालाई आफ्नै निजी विचार र भावका माध्यमबाट विषयवस्तुको रूप दिएर प्रस्तुत गर्नाले यो कविता कृति सफल भएको देखिन्छ ।

### ५.६.४ लयविधान

कविता लयात्मक भाषिक अभिव्यक्ति हो र यही लयात्मक विशिष्टताले कवितालाई साहित्यका अन्य विधाहरूबाट छुट्याएको हो । कविताको सार्वभौम प्रवृत्ति नै लयात्मक हुनु हो ।[119] भाषिक एकाइका स्वर-व्यञ्जन वर्णहरूको समविषम वितरण भएका वाक्य, चरण, पङक्ति वा हरफका गति-यति क्रम विधानबाट कवितामा लय निर्धारण हुन्छ ।

[119] डा. पशुपति तिमिल्सेना, **युद्धप्रसाद मिश्र र उनका कविता**, (काठमाण्डौः एशिया पब्लिकेसन्स् प्रा.लि.,२०६५), पृ. ।

ध्रुवकिरण रेग्मीका यस सङ्ग्रहमा विशेषगरी गीतिलय र मुक्तछन्दको प्रयोग गरिएको छ । रेग्मीको यस सङ्ग्रहमा रहेका 'बालुवामा मखमली फूल सऱ्यो', 'नेता, जनता र एकता', 'आफ्नो माटो' र 'हृदयमा बत्ती झलल' यी ४ कविता गीतिलयमा आधारित छन भने अन्य दस कविता मुक्तछन्दमा रचना गरिएका छन् । गीतहरूलाई प्रायः द्विपदी ढाँचामा रचना गरिएको छ भने मुक्त छन्दका कविताको पङक्ति-पुञ्ज भने असमान ढाँचामा रहेका छन् । गीतिलयका गीतको नमुनाको रूपमा कवि यसरी प्रस्तुत गर्छन :

चिसो हावा आउन त आउँछ

पेटमा सधैं झ्याउँकीरी कराउँछ

(नेता, जनता र एकता)

लोकभाकामा रेग्मीले ओजपूर्ण विचार प्रस्तुत गरेका छन् । सामन्ती अवशेषले ठगिएका गरिब जनताको पीडादायी अवस्था चित्रित यस गीतमा अन्त्यानुप्रास मिलाएर बडो आकर्षक र सरल रूपमा भाव प्रस्तुत गरिएको छ । उनका गद्य कवितामा असमान यात्राहरूको आयोजना गरिएको भए तापनि गति, यति, अनुप्रासीयताको आयोजनाले गर्दा तिनीहरू पनि लयबद्ध हुन पुगेका छन् । यसरी हरेक विषयवस्तुलाई शिल्पको सशक्त, सुन्दर र लयपूर्ण ढङ्गले संयोजन गर्न सकेकाले लय व्यवस्थाका आधारमा यो कृति स्तरीय देखिन्छ ।

### ५.६.५ भावविधान

ध्रुवकिरण रेग्मीले यस कविता-सङ्ग्रहमा विभिन्न भाव विचारलाई विभिन्न विषयवस्तुका माध्यमद्वारा प्रस्तुत गरेका छन् । समसामयिक परिवेशमा जन्मिएका विविध परिस्थितिहरूले सिर्जेका अप्ठ्यारा परिस्थिति, राजनैतिक, सामाजिक, आर्थिक जटिलताहरूलाई विषयवस्तुका रूपमा अबलम्बन गरी प्रस्तुत गर्नु नै यस कृतिको मुख्य भाव हो । सामाजिक यथार्थ तथा अन्य विविध कथ्यविषयलाई कवितामा समावेश गराएकाले यिनै अन्तर्वस्तुकै आधारमा उनका कविताको विश्लेषण गरिएको छ :

### ५.६.५.१ रेग्मीका कवितामा सामाजिक यथार्थ

सामाजिक यथार्थलाई आत्मसात् गरेर आफ्नै भावनाभूतिलाई प्रस्तुत गर्नु ध्रुवकिरण रेग्मीका कविता यात्राको प्रमुख विशेषता हो । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा युगीन सामाजिक पीडा र विसङ्गतिपूर्ण सामाजिक-राजनैतिक वातावरण तथा त्यसप्रकारका वातावरणमा निसास्सिएका जनताको व्यथालाई नियाल्ने प्रयास उनले गरेका छन् । एउटा उदाहरण हेरौं,

देशको माटो के-कस्तो हुनी हो

गरीब जनता कहाँ बसी रूनी हो ।

(नेता, जनता र एकता)

नेपाली जनताले जुन उद्देश्य राखेर आन्दोलन गरेर शासन सत्ता प्राप्त गरेका थिए त्यसअनुरूप हुन नसकेको विद्यमान सामाजिक यथार्थलाई नै आफ्ना कवितामा प्रतिबिम्बन गरेका छन् । आज पनि गरिब जनताको हालत नसुध्रिएको अवस्थालाई यहाँ सजीव ढङ्गले चित्रण गरिएको छ । नेपाली समाजको राजनैतिक, आर्थिक तथा समाजिक जनजीवनमा व्याप्त जटिलता र अन्यायपूर्ण शासन व्यवस्थाका दुष्परिणामप्रति असन्तुष्टि प्रकट गरिएको छ ।

### ५.६.५.२ देशप्रेमसम्बन्धी कविता

रेग्मीको यस कविता-सङ्ग्रहका केही कविताहरूमा देशप्रेमको भावना उर्लिएको छ । आज नेपालीहरू आफ्नो मातृभूमिप्रति बेखबर बनिरहेका छन् । कालापानी, सुस्ता रोइरहेको छ तर सरकार कुम्भकर्ण झैं सुतिरहेको छ भन्दै कविले आफ्नो देशको महिमा र गरिमालाई बिर्सेकोमा तथा पुर्खाको नासो नेपालको सीमाना घट्दै गएकोमा चिन्ता व्यक्त गर्दै यसलाई जोगाउनपट्टि लाग्नुपर्ने सन्देश समेत दिएका छन् :

आफ्नो माटो जोगाउन उठ
कुम्भकर्ण सुतेझैं नसुत ।
सीमारक्षा आफैंले गर
सरकारको भर कहिल्यै नपर ॥ (आफ्नो माटो)

यसरी नेपालीले आफ्नो कर्तव्यलाई सम्झेर आफ्नो माटो आफैं जोगाउनु पर्छ भन्ने देशभक्तिपूर्ण भाव यहाँ व्यक्त गरिएको छ ।

### ५.६.५.३ समाजसेवीप्रति श्रद्धा व्यक्त गरिएका कविता

रेग्मीका यस कविता-सङ्ग्रहका कविताहरूमा समाजसेवीहरूको उच्च मूल्याङ्कन गरिएको पाइन्छ । इतिहासमा टेकेर नै वर्तमान अगाडि बढेको हुन्छ र यसले भविष्यका अनन्त सम्भावनाहरू जन्माएको हुन्छ । यसै सन्दर्भमा समाजसेवाप्रति समर्पित व्यक्तित्वको मार्ग निर्देशनले नै यो समाज क्षयोन्मुखी नभई अग्रगामी दिशातिर लम्केको हुन्छ भन्दै कवि यस्ता व्यक्तिप्रति श्रद्धा यसरी व्यक्त गर्दछन् :

दया, करूणा र सेवा

निस्वार्थ त्याग

लेडी विथ द ल्याम्प

मानव संहार-मानव उद्धार

कति अन्तर, कति अन्तर

मृत्यु जीवन

(सेवा र पसिना)

मनका धनी हँसिला थियौ

समाज र रोगीलाई ज्यान दियौ ।

(बालुवामा मखमली फूल सऱ्यो)

मान्छेभित्रको मान्छे पढ

देवकोटाको सातु पनि पढ

मण्डेलाको दृढता र आत्मविश्वास पनि पढ

(मेरो इन्द्र, मेरो पालक)

### ५.६.५.४ रेग्मीका क्रान्तिचेत सम्बन्धी कविता

अहिलेको समाज वर्गीय छ । जबसम्म उत्पीडक र उत्पीडितको अवस्था हुन्छ तबसम्म उनीहरूबीच द्वन्द्वको अवस्था रहिरहन्छ । यही वर्गबीच सङ्घर्ष चल्दै आएको पनि छ । सङ्घर्षले जब कुनै एक निश्चित क्रान्तिकारी रूप प्राप्त गर्दछ त्यस अवस्थामा मात्र सामाजिक संरचना परिवर्तन हुन्छ ।[120] कवि-कलाकार क्रान्तिसम्पन्न गर्ने निर्णायक शक्ति नभए तापनि आ-आफ्नो वर्गको स्वार्थ रक्षा गर्ने वैचारिक सङ्घर्ष रूपी हतियार भने हुन् । कवि रेग्मीका कवितामा क्रान्तिचेतना सशक्त रूपमा उठेको छ । उनले देखेको विद्यमान नेपालको सामाजिक संरचना मूलतः सामन्ती सामाजिक संरचनामा आधारित छ । देशलाई कमजोर, खोक्रो र जटिल अवस्थामा पुऱ्याउनेहरूप्रति तीव्र आक्रोश यसरी व्यक्त गरिएको छ :

विभिन्न मठमन्दिरमा बसेर

शिवजीको आशीवार्द थाप्ने

तपस्यारत गँजडीहरू र

धर्मका नाइकेहरूले

भक्तिनीहरूको पाठेघरमा

बस्ती बसाउने प्रयास नगर

(सइन खटिराहरू)

सत्ताभित्र हुँदैछ जाल

राजनीतिले पार्दैछ बेहाल

(नेता, जनता र एकता)

यसरी विद्यमान सामाजिक, राजनैतिक अस्तव्यस्तता, सामाजिक उत्पीडन, वर्गीय चेत, समाज सेवाप्रति सद्भाव आदि विषयवस्तुलाई भावका रूपमा प्रस्तुत गरेका छन् ।

---

[120] मार्क्स-एङ्गेल्स, **कम्युनिष्ट पार्टीको घोषणापत्र**, अनु. कृष्णप्रकाश श्रेष्ठ, (मास्कोः प्रगति प्रकाशन, ई. १९८२), पृ. ३० ।

### ५.६.६ बिम्बविद्यान

बिम्बअलङ्कार भनेको काव्याको सौन्दर्य-सिर्जनाको मूल कारक तत्व हो ।[121] ध्रुवकिरण रेग्मीले आफ्ना कविताहरूमा बिम्ब निर्माणका स्रोतका रूपमा सामाजिक जीवनका यथार्थसँग जोडिएका जनताका आकाङक्षा घटना र आवश्यकताहरूलाई नै विषयवस्तुका रूपमा चयन गरेका छन् । प्रकृति र काल्पनिक वस्तु मात्र उनका बिम्ब निर्माणका स्रोत नभएर सामाजिक परिवर्तन र त्यसका निमित्त गरिने सङ्घर्ष पनि बिम्बका सामग्री बनेका छन् । जीवन-जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्दछ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । बिम्बालङ्कारहरू विशेष चमत्कारी ठहर्दछन् । यिनका यस कविता सङ्ग्रहमा विभिन्न बिम्ब तथा अलङ्कारको सफल प्रयोग पाइन्छ ।

ध्रुवकिरण रेग्मीले विभिन्न ऐतिहासिक एवम् पौराणिक पात्रहरूलाई बिम्बको रूपमा प्रस्तुत गरेर राजनीतिक, सामाजिक विकृतिप्रति व्यङ्ग्य गरेको प्रसङ्ग यसरी प्रस्तुत भएको छः

किनकि तिमीहरू बदरीनाथको  हीरालाल,

पौराणिक कालको धुन्धुकारी,

सुँघ्न नहुने विष फूलहरू र

हेर्न नहुने सूर्य ग्रहण हौ ।

(सइन खटिराहरू)

ध्रुवकिरण रेग्मीका कविताहरूमा दृश्य-बिम्बको प्रयोग भएको पाइन्छ । कवितामा बिम्बको आयोजनाले वस्तु, भाव वा विचारलाई सम्प्रेषित गर्ने, वस्तु वा घटनाको प्रत्यक्षीकृत गर्ने तथा वस्तुको रूप गुण वा सौन्दर्यलाई हृदयग्राही गराउने गरी कविले यसरी दृश्य बिम्बको प्रयोग गरेका छन् :

[121] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुखवाद र प्रणाली**, द्वितीय संस्करण, (ललितपुर : साझा प्रकाशन, ०५४) पृ. ११३ ।

कान्तीपुरी नगरी

तिमी राम्री छ्यौ

हिस्सी परेकी मोनालिसाजस्ती

सपनाकी सुन्दरीजस्ती

(तिम्रो सौन्दर्यको पदोन्नति भयो)

रेग्मीका कवितामा दृश्यात्मक बिम्बजस्तै श्रव्य-बिम्बको पनि प्रयोग निकै भएको पाइन्छ । कवितामा साङ्गीतिक चेतनाको समायोजन गर्न रूचाउने रेग्मीले श्रव्यबिम्बको आयोजना गरेर कवितालाई विशेष भाव र गेयात्मकता दिने प्रयास गरेका छन् :

देशको व्यथा अहिले नि उस्तै छ

विदेशीले दिनदिनै चुस्तै छ

(बालुवामा मखमली फूल सऱ्यो)

उपमेयमा उपमानको अभेद सम्बन्ध देखाउँदा वा दुइका बीच एक्यारोप गर्दा उत्पन्न हुने अर्थालङ्कारलाई रूपक अलङ्कार भनिन्छ । यस्तो अलङ्कारमा फलानो नै फलानो हो भनेर सोझै तोकेर देखाइन्छ ।[122] रेग्मीले यस कविता सङ्ग्रहमा रूपक अलङ्कारको प्रयोग पनि अत्यधिक रूपमा गरका छन् । विभिन्न उपमा दिएर मानिसले मानिसलाई चुसेका यथार्थ खडागरी रेग्मीले नेपाली मानिसले मानिसलाई चुसेको यथार्थ खडा गरी रेग्मीले नेपाली विकट ठाउँका जनताको कारूणिक पीडामा बाँचेको जीवनलाई यसरी प्रस्तुत गरेका छन् :

अहिले पनि कर्णाली उस्तै छ

उपियाँ र जुकाले चुस्तै छ

[122] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना प्रमुखवाद र प्रणाली**, द्वितीय संस्करण, (ललितपुरः साझा प्रकाशन, ०५४) पृ. १२१ ।

(नेता, जनता र एकता)

यसरी विभिन्न रूपक, बिम्ब, अलङ्काकारको प्रयोगले उनका कविताहरू अभिव्यक्तिका दृष्टिले कलात्मक, सुन्दर देखिन्छन् ।

### ५.६.७ भाषाशैली

रेग्मीको यस कविता सङ्ग्रहमा प्रयुक्त भाषा सरल र सुबोध्य छ । सरल भाषामा सुमधुर अभिव्यक्ति दिनु रेग्मीको विशेषता हो । कविताको भाषिक प्रकृति लयात्मक हुने भएकाले उनले लयात्मक भाषिक प्रयोगमा विशेष जोड दिएका छन् । साङ्गीतिक चेतना र लयात्मकताका कारण यिनका कविताहरूको भाषा निजी र मौलिक बन्न पुगेको छ । उनका धेरैजसो कविता गीतिलयमा आधारित भएकाले सामान्य भाषाभन्दा उच्च किसिमको रागात्मक चेतनाले उठेको भाषाको प्रयोग छ । उनका कवितामा लाक्षणिक भाषाको प्रयोग पनि गरिएको पाइन्छ । कुनै जटिल अर्थ प्रस्तुत गर्नु नै रेग्मीको कविताको विशेषता हो । उनका कवितामा सरल, सरस र सुमधुर भाषाको प्रयोग भएको पाइन्छ । रेग्मीका कवितामा बिम्बमयी भाषाको पनि प्रयोग गरिएको छ । रेग्मीले सरर, तरर, बरर जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले कविताको भाषा मौलिक र विशिष्ट बनेको छ । नेपाली शब्दहरूको बाहुल्य तथा तत्सम र आगन्तुक शब्दको प्रयोगले कवितको भाषाशैली प्रशंसनीय रहेको छ ।

### ५.६.८ उद्देश्य

कुनै पनि कृति रचनाका आफ्नै उद्देश्य हुन्छन् । विषय वा घटनाका आधारमा जीवनका हरेक पक्षलाई छर्लङ्ग पार्नु साहित्यिक कृतिको उद्देश्य रहन्छ । विभिन्न समयमा रचना गरिएका विविध विषय-प्रसङ्गका कविता भएकाले यस कृतिको मुख्य उद्देश्य एउटै नभए तापनि सामाजिक सेवा, सामाजिक विसङ्गगति, राजनैतिक विकृति, जीवनको मूल्यबोध जनजीविकाको यावत् समस्यालाई केलाउनु यस "मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी" कृतिको मुख्य उद्देश्य हो ।

विषयगत विविधता भएको यस कृतिको मुख्य जीवन दृष्टि गरिबहरूको अभाव र दुर्दशादेखि द्रवीभूत र संवेदित भएर तिनलाई मुक्त र उत्थान गर्न आवाज उठाइएका तथा सामन्तवादमाथि निर्मम प्रहार गर्दै त्यसलाई धराशायी बनाउन लागेको

समसामयिक परिस्थितिलाई पनि देखाउनु हो । आकारका दृष्टिले सानो भए तापनि यसको उद्देश्य निकै चोटिलो छ । धर्मका नाममा शोषण गर्नेहरूप्रति गरिएको तिखो व्यङ्ग्यले उक्त कुराको पुष्टि गर्दछ :

धर्मका नाइकेहरूले

भक्तिनीहरूको पाठेघरमा बस्ती बसाउने प्रयास नगर

(सइन खटिराहरू)

एउटा समाजसेवीप्रति आभार प्रकट गर्दै समाजसेवालाई सबभन्दा ठूलो धर्म मान्ने व्यक्तिप्रति उनको संस्मरण यसरी कवितामा व्यक्त भएको छ :

कर्तव्य र कीर्ति हो ठूलो

परिवारले बुझिदेऊ यो कुरो ।

(बालुवामा मखमली फूल सऱ्यो)

वर्तमान राजनैतिक परिवेशबाट एउटै देशका नागरिक पनि कतै पुल्पुलिएका र कतै रोग, भोक, शोकमा तड्पिरहेको परिदृश्य देखाउँदै यथार्थ वस्तुस्थितिको चित्रण गर्नु पनि यिनका कविताको उद्देश्य रहेको छ :

कर्णालीका ती सोझा मान्छे

पखालाले पार्दै छ आक्रान्त

(नेता, जनता र एकता)

देशलाई आज यो स्थितिमा ल्याइपुऱ्याउने जटाधारी जोगीको भेषमा माग्दै हिंडेका हाम्रा नेताहरूले कसरी देशलाई खोक्रो बनाए भन्ने सन्दर्भमा रेग्मीले आफ्नो कवितामा यसरी चुहिने कमण्डलु लिएर हिंडेका नेताप्रति व्यङ्ग्य गरेका छन् :

कमण्डलुभित्र हेर्ने काम नगर

हेऱ्यौ भने खतरा छ

............... त्यहाँ त चामल छैन

स-सना प्वालहरू थिए ।

(चामल छिर्ने कमण्डलु)

यसरी कविले समग्र रूपमा वर्तमान अवस्थाको यथार्थ चित्रण गर्दै विविध विषय तथा समाजसेवाप्रति उत्प्रेरित हुन सबैलाई आग्रह गर्नु नै यस कृतिको मुख्य उद्देश्य बनाएका छन् ।

### ५.६.९ सारांश

मान्छेका जीवनका हरेक पाटाहरू उल्लास र वेदनालाई विषयबद्ध गरी राजनीतिक, सामाजिक, प्रशासनिक क्षेत्रमा देखिएका विकृति तथा मानजीवनमा आएका आरोह, अवरोहलाई विषयवस्तु बनाएर लेखिएका उनका यस कविता सङ्ग्रहमा १४ वटा कविता रहेका छन् । यस कविता कृतिमा भाव वा विचार अनि कला तथा शिल्पको अति सशक्त, सुन्दर र लयपूर्ण संयोजन या अभिव्यक्ति दिने मुक्तछन्दका दस र गीतिछन्दका चार गीतले मानवजीवनका विविध पक्ष र देशको सामाजिक, राजनैतिक पक्षलाई प्रष्ट पारेका छन् ।

जीवनका जटिलता, बाँच्नुको बाध्यता, जीवनको यथार्थता, सामाजिक सेवा, मातृभूमिप्रतिको कर्तव्य बोध, सामाजिक विकृति, धरोहर बालक, गरिबहरूको अभाव र दुर्दशा आदि उनका यस कविता सङ्ग्रहभित्रका विषयगत परिधि हुन् । आफूले देखे भोगेका अनुभवका अनुभूतिहरूलाई भाषानुकूल शब्द टिपेर पौराणिक बिम्ब तथा विविध अलङ्कारहरूका माध्यमबाट सामान्य पाठकलेसमेत सजिलै बुझ्न सक्ने गरी सरल, सहज भाषाशैलीमा रचना गरिएकोले ध्रुवकिरण रेग्मीको यो 'मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी' कृति प्रभावकारी एवम् प्रशंसा गर्न योग्य देखिन्छ ।

# अध्याय छ

# मूल्याङ्कन तथा उपसंहार

## ६.१ परिचय

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन विश्लेषणको परिच्छेदगत सारांश, उनका प्रवृत्तिगत विशेषताद्वारा समग्र निष्कर्ष दिई मूल्याङ्कनसमेत गरिएको छ ।

## ६.२ परिच्छेद : एकको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको 'जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षक शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ भने शोधका समस्या उद्देश्य र शोधविधि एवं शोध सीमाकोसमेत उल्लेख भएको छ ।

## ६.३ परिच्छेद : दुईको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको जीवनी परिचयअन्तर्गत वंश परम्परा, जन्मस्थान, बाल्यकाल शिक्षादीक्षा, नोकरीमा प्रवेश, दाम्पत्य जीवन र सन्तान, आर्थिक अवस्था, दिनचर्या, संघसंस्थासँगको आबद्धता, रूचि तथा स्वभाव, आदिको उल्लेख भएको छ ।

## ६.४ परिच्छेद : तीनको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको व्यक्तित्व परिचयअन्तर्गत उनको निजी व्यक्तित्वका साथ साथै सार्वजनिक व्यक्तित्वभित्र साहित्यिक व्यक्तित्व, समाजसेवी, राजनीतिक तथा शिक्षक व्यक्तित्व उल्लेख भएको छ ।

## ६.५ परिच्छेद : चारको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको साहित्यिक यात्रा र चरण विभाजनको अध्ययन गरिएको छ ।

## ६.६ परिच्छेद : पाँचको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार ध्रुवकिरण रेग्मीको कृतित्वको अध्ययनअन्तर्गत उनका कृतिहरूको अध्ययन विश्लेषण समालोचकीय पद्धतिअनुसार गरिएको छ । कविताको सैद्धान्तिक मान्यताअनुरूप तत्वगत आधारमा समेत अध्ययन विश्लेषण गरिएको छ ।

## ६.७ समग्रमा कवि ध्रुवकिरण रेग्मीका प्रवृतिगत विशेषताहरू

बालककालदेखि नै साहित्यप्रति अभिरूचि राख्ने साहित्यकार रेग्मी विद्यालयीय जीवनकालदेखि नै साहित्य-रचनामा लागेको पाइन्छ । विशेषगरी वि.सं. २०३९ सालमा "मातृभूमि" साप्ताहिकमा छापिएको उनको 'नमस्कार' कविता छपाइका दृष्टिले पहिलो कविता मानिन्छ । प्रकाशनका दृष्टिकोणले भने "नारी पीडा" पहिलो कृति हो । उनको आजसम्मको सम्पूर्ण काव्यात्रालाई हेर्दा पूर्वार्धचरण (वि.सं. २०५२ पूर्व) र उत्तरार्ध चरण ०६५ सम्म गरी प्रमुख दुई चरणहरूमा विभाजन गर्न सकिन्छ ।

मूलतः प्रगतिवादी जीवनदृष्टिका कवि रेग्मीको सम्पूर्ण काव्य यात्रालाई पुस्तकाकार कविताकृति प्रकाशनका आधारमा दुई चरणमा विभाजन गरिए पनि उनका सम्पूर्ण कविताहरूमा देखिएका मूल प्रवृतिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ६.७.१ क्रान्तिकारी चेतना

समकालीन यथास्थितिवादी सामाजिक तथा राजनीतिक संरचनामा परिवर्तन हुनुपर्दछ भन्ने आशयले कवि रेग्मीले आफ्ना कविताहरूमा क्रान्तिकारी भाव व्यक्त गरेका छन् । उनले आफ्ना यस्ता क्रान्तिकारी भावहरू प्रतीकात्मक र अभिधात्मक दुवै अर्थमा प्रकट गरेको देखिन्छ । विशेषगरी 'नारी-पीडा' (२०५२), 'दरिद्रताको परिवेश' (२०६२), 'अशान्तिले जन्माएको सेतो चोली' (२०६४) कविता-सङ्ग्रहभित्रका विभिन्न कवितामा उनको क्रान्तिकारी भाव अभिव्यक्त भएको पाइन्छ ।

### ६.७.२ व्यङ्ग्य-विद्रोहात्मकता

प्रगतिवादी कवि जहिले पनि आफ्नो समय र समाजका अनेक रूढिवादी विचारहरू, कुरीति, कुपरम्परा आदिको खुलेर विरोध गर्दछन् । उनी यस्ता प्रवृत्तिहरूप्रति तीखो व्यङ्ग्य प्रहार गर्न पनि पछि पर्दैनन् । ध्रुवकिरण रेग्मीले आफ्ना कविताका माध्यमबाट

समाजमा व्याप्त अन्याय, अत्याचार, हत्या, हिंसा, राजनैतिक, सामाजिक बेथिति आदिका विरूद्ध व्यङ्ग्य प्रहार गर्दै विद्रोहको भाव प्रकटसमेत गरेका छन् । 'नारी पीडा' मा नारीहरूमाथि भएका अत्याचार र शोषणको विरूद्ध कलम चलाएका छन् । यस्तै उनका विभिन्न कविता-सङ्ग्रहमा सङ्कलित 'जरो उखेलौं', 'सेतो सारी', 'उठ लौ अब' आदि कवितामा कविले व्यङ्ग्य र विद्रोहले भरिएका भावहरू व्यक्त गरेका छन् ।

### ६.७.३ कारुणिकता

कवि ध्रुवकिरण रेग्मी आफ्ना कविताहरूमा दुःखित पीडित जनताका पक्षमा आफ्ना कविता पस्कने गर्दछन् । गरिबीको रापमा पिल्सिएका दुःख र पीडामा छट्पटिएका व्यक्तिप्रति उनको अपार श्रद्धा छ । 'दरिद्रताका परिवेश', 'नारी पीडा' भित्रका विभिन्न कवितामा करूण भाव छताछुल्ल देखिन्छ ।

### ६.७.४ विषयगत विविधता

आफ्ना कविताहरूमा विषयगत विविधतालाई प्रस्तुत गर्नु कवि ध्रुवकिरण रेग्मीको विषयगत प्रवृति देखिएको छ । समसामयिक विषयवस्तुलाई विभिन्न अभिधात्मक तथा प्रतीकात्मक रूपमा प्रस्तुत गर्नु यिनको प्रवृत्तिगत विशेषता नै देखिएको छ ।

### ६.७.५ मुक्त छन्द कविताका सर्जक

नेपाली कविताविधामा प्रयोग गरिने विविध छन्दहरूमध्ये कवि ध्रुवकिरण रेग्मीले मुक्तछन्दको मात्र प्रयोग गरेका छन् । मुक्त छन्दमा पाइने अन्तरलयात्मकता उनका कवितामा प्रशस्त मात्रामा पाइन्छ ।

### ६.७.६ फुटकर कविता सिर्जना/रचना

कविता विधाका विभिन्न चार स्वरूपमध्ये उनको लेखनी विशेषगरी फुटकर कविताहरूको रचना गर्नुमा तिखारिदै आएको पाइन्छ ।

### निष्कर्ष

समग्रमा प्रगतिवादी देखिने कवि ध्रुवकिरण रेग्मीका कविताहरूमा भाबगत तथा विषयगत विविधता पाइन्छ । विभिन्न स्रोतका शब्दहरूको प्रयोग गर्ने कविले मूलतः

संस्कृत शब्दहरूका साथै आगन्तुक शब्दहरूमा अंग्रेजी, फारसी भाषाका शब्दहरू प्रयोग गरेर कविता रचना गर्ने भए तापनि ठेट नेपाली शब्दहरूको प्रयोगले अझ उनका काव्यकृति रोचक बनेका छन् । भाषिक प्रयोगका दृष्टिले, शैली प्रयोगका दृष्टिले, आयामका दृष्टिले कविमा अनेक प्रवृत्ति देखिए तापनि समग्रमा रेग्मी प्रगतिवादी कविका रूपमा उभिएका छन् ।

## ६.८ समग्र निष्कर्ष एवम् उपसंहार

लमजुङ जिल्लाको अलैंचेमा वि.सं. २०११ सालमा जन्मिएका ध्रुवकिरण रेग्मी नेपाली साहित्यको कविता-विधामा लामो समयसम्म क्रियाशील हुने कवि हुन् । १३-१४ वर्षको उमेरदेखि नै कविता लेख्ने अभ्यास गरे पनि उनको २०३८ सालमा 'मातृभूमि' साप्ताहिकमा छापिएको 'नमस्कार' कविता प्रकाशनको दृष्टिले पहिलो कविता हो । आफ्नो सामाजिक परिवेशमा देखिएका अन्याय, अत्याचार तथा सामन्त पूँजीवादी सामाजिक संरचनाको उत्पीडन र शोषण प्रक्रियाले गाँजेको नेपाली जनताको अवस्था देखाउन प्रगतिवादी काव्य यात्रामा उनी लागेका हुन् ।

शैक्षिक प्रमाण-पत्रका हैसियतले स्नातक तहसम्म तथा अनौपचारिक रूपमा स्नातकोत्तर तहसम्म अध्ययन गरेका ध्रुवकिरण रेग्मी विभिन्न समयमा विभिन्न पेसामा रहे पनि अहिले उनी शिक्षण पेसामै कार्यरत छन् । आफ्नो जीवनकालमा अनेक प्रकारका समस्याहरूसँग सङ्घर्ष गर्दै अध्ययनलाई अगाडि बढाएका रेग्मी २०३२ सालमा एस.एल.सी. गरेपछि नै जागिर खान गुल्मी तम्घास पुगेका थिए । आइ.ए. पढ्ने क्रममा नै विवाह बन्धनमा बाँधिएका यी दुई दम्पत्तीबीच समग्रमा राम्रो सम्बन्ध नै रहेको छ । यिनमा देखिएको उच्च नैतिकताबोधी भावना, विद्रोही स्वभाव, क्रान्तिकारी चेतनाका कारणले उनले आफ्नो शिर झुकाएर कुनै मालिकबाट आशीर्वाद लिने कार्य कहिल्यै गरेनन् ।

ध्रुवकिरण रेग्मीको व्यक्तिगत जीवन विभिन्न किसिमका आन्तरिक एवं बाह्य सङ्घर्षबाटै अगाडि बढेको छ । दाजुको साहित्यिक परिवेशमा हुर्किएका ध्रुवकिरण रेग्मीको व्यक्तित्वको अध्ययन गर्दा यिनमा राजनीतिक, समाजसेवी, शिक्षक आदि आयामहरू समेटिएका छन् तापनि सृजनशील साहित्यिक व्यक्तित्व नै रेग्मीको सार्वधिक चर्चित र महत्वपूर्ण व्यक्तित्व रहेको छ । कविता विधामा कलम चलाएका रेग्मीको कवि व्यक्तित्व

नै परिचयको दरिलो माध्यम बनेको छ । उनको 'नारी-पीडा' (२०५२) पहिलो प्रकाशित काव्यकृति हो । त्यसपछि क्रमशः 'दरिद्रताका परिवेश' (०६२), 'अशान्तिले जन्माएको सेतो चोली' (०६४), 'मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी' (०६५) कविता सङ्ग्रह प्रकाशित छन् । उनको 'राप्तीको सेरोफेरो', काँसघारीदेखि पिडेनी सम्मका म र गौरी (सस्मरण) प्रकाशोन्मुख अवस्थामा छन् ।

कवि रेग्मीका सबै काव्यकृतिमा सङ्कलित गरिएका ७७ वटा फुटकर कवितामा नवीन मूल्य मान्यता र प्रवृत्ति भने पाइँदैन । समग्रमा प्रचलित समसामयिक धारामै रहेर विशेषतः मुक्त छन्दमा कविता लेख्ने कविका रूपमा उनी परिचित छन् । मुख्य रूपमा अभिधात्मक अर्थलाई लिएर कविताहरूको शीर्षक राखे तापनि कविले केही कविताहरूको शीर्षक प्रतीकात्मक पनि राखेका छन् ।

आयामका दृष्टिले रेग्मीले फुटकर कविता लेख्ने कविका रूपमा आफूलाई स्थापित गराएका छन् । उनका चार हरफे छोटा कविता देखि ११७ हरफे लामा कविता पनि प्रकाशित भएको देखिन्छ । आफ्ना कविताहरूमा विषयगत विविधता समेट्न सक्ने कवि ध्रुवकिरण रेग्मीका एउटै कवितामा पनि कतिपय ठाउँमा विभिन्न विषयवस्तुहरू विशृङ्खलित रूपमा आएका देखिन्छन् ।

उनले आफ्ना कविताहरूमा खासगरी समसामयिक विषयवस्तुका विविध रूपलाई प्रस्तुत गरेका छन् । विविध विषयवस्तुसँग सम्वन्धित विविध भावहरू; विद्रोहीभाव, करूणभाव, उल्लासमयभाव आदि समावेश गर्नु पनि यिनको स्वभावगत विशेषता हो । ध्रुवकिरण रेग्मीको जीवनी, व्यक्तित्व एवं कवितासम्बन्धी मान्यता, कविताहरूको विश्लेषणका आधारमा रेग्मीका बारेमा निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छः

- ध्रुवकिरण रेग्मी मूलतः प्रगतिवादी धारामा कविता लेख्ने कवि हुन् ।
- सामन्त-पूँजीवादले साधारण जनमानसमा पारेको मानवीय पीडा, वेदनालाई रेग्मीले यथार्थवादी जीवनदृष्टिबाट हेरेको पाइन्छ ।
- वास्तविक संसारका जिउँदाजाग्दा मानिसहरूका पीडा, दुःख आदि भावनासँग हातेमालो गर्दै मानवतावादी चेतनालाई अभिव्यञ्जित गर्न सफल यिनी मानवतावादी कविका रूपमा समेत चिनिएका छन् ।

- स्वच्छन्दतावादी कविले झैं उनले पनि प्रकृतिलाई मूलकेन्द्र बनाएर त्यसकै वृतमा कवितासमेत लेखेका छन् । उनका कतिपय कविता यथार्थजीवन पद्धतिमा आधारित नभएर प्रकृतिलाई मानवीकरण गर्ने सन्दर्भमा अभिव्यञ्जित भएका छन् ।
- रेग्मी युगीन चेतनाको अभिव्यक्ति दिने कवि हुन् । आफू बाँचेको युगका छटपटीलाई उनले आफ्ना कवितामा समेटेका छन् ।
- नेपाली समाजको संरचनाभित्र समाजमा शोषित र पीडित बनेका तथा महत्व नदिइएका नारीहरूमा क्रान्तिचेत भरेर उनीहरूलाई उच्च सम्मानका साथ बाँच्न सिकाउने कविका रूपमा उनी सफल देखिन्छन् ।
- उत्साह, उमङ्ग र प्रेरणाका जीवनदायी सन्देशले राष्ट्रवादी स्वर उर्लिएको छ, जनजागृतिको आह्वान गरिएका, सामूहिक वा वैयक्तिक अर्न्तवेदनाहरूको प्रकटीकरण गरिएका उनका कवितामा सामाजिक समस्या र त्यसबाट मुक्तिका लागि सङ्घर्ष गर्ने भावना जगाइएको छ ।
- रेग्मी स्वतन्त्रता, शान्ति र मुक्तिका गायक पनि हुन्. । उनका सवै कृतिमा यी सबै पक्षको खोजी गरिएको छ ।
- यिनका कवितामा सरल भाषा, सुललित पदचयन, विम्ब, प्रतीक र रूपक अलङ्कारको कुशल प्रयोग भएको पाइन्छ । अनुप्रासहरू खुब खुलेका सरल र सहज अभिव्यक्ति, यथार्थवादी सामाजिक दृष्टि, मानवीय संवेदना विद्रोहात्मकता आदि वैचारिक प्रतिबद्धतालाई पस्कन सक्नु उनका मौलिक गुण हुन् ।

समग्रमा यी बुँदाहरूलाई नियाल्दा ध्रुवकिरण रेग्मी प्रगतिवादी धारामा कलम चलाउने नाम हो । सामाजिक विषयवस्तुलाई कविले विविध रूपमा शीर्षक चयन गरी सामन्ती उत्पीडन र युगीन जीवनका विसङ्गति विरूद्ध तीखो व्यङ्ग्य गर्ने कविका रूपमा आफूलाई चिनाएका छन् । देशप्रेम, प्रकृतिप्रेमलाई पनि कविले आफ्ना कवितामा समावेश गराएका छन् । भौतिकवादी दृष्टिकोण भए तापनि गैरमार्क्सवादी विषयवस्तु पनि उनका कविताका कथ्य बनेका छन् । नयाँनयाँ मूल्यहरूको खोजी गर्दै मानवीय भावनाको कदर र सम्मान गर्ने कविका काव्यकृतिमा सामाजिक विकासको अग्रगामी चिन्तन देखिन्छ । देश र जनतालाई नाङ्गो रूपमा लुट्न पल्केकाप्रति असहमति जनाउँदै नयाँ समाजको स्थापना गर्नुपर्छ भन्ने मान्यता राख्ने कविले विभिन्न परिवेशका माध्यमबाट समाजको यथार्थ रूप प्रस्तुत गरेका छन् । गरिब तथा निमुखा एवम्

## सङ्क्षेपीकृत शब्दहरु

प्रस्तुत शोध-पत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरु यस प्रकार छन् :

| | | |
|---|---|---|
| आई. ए.: | | इन्टर अफ आर्टस |
| आ.मा.वि. | : | आवाशीय माध्यमिक विद्यालय |
| ई. | : | ईस्वी |
| एम. ए. | : | मास्टर अफ आर्टस |
| एस.एल.सी. | : | स्कूल लिभिङ सर्टिफिकेट |
| ऐ.ऐ. | : | ऐजन ऐजन |
| गा.पं. | : | गाउँ पञ्चायत |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रे.सो. | : | नेपाल रेडक्रस सोसाइटी |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| पाँ.सं. | : | पाँचौ संस्करण |
| प्रा. | : | प्रध्यापक |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |

| | | |
|---|---|---|
| पृ. | : | पृष्ठ |
| वि.एड. | : | व्याचलर अफ एजुकेशन |
| वि.वि.एस. | : | व्याचलर अफ विजनेश स्टडिज |
| वि.सं. | : | विक्रम सम्वत् |
| भ.न.पा.: | | भरतपुर नगरपालिका |
| भू. | : | भूमिका |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| यु.एस.ए. | : | युनाइटेड स्टेट अफ अमेरिका |
| रा.प्रा.वि. | : | राष्ट्रिय प्राथमिक विद्यालय |
| स.प्र. | : | सह प्रध्यापक |
| सम्पा. | : | सम्पादक |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |

# सन्दर्भग्रन्थ सूची


उपाध्याय केशवप्रसाद, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, ते.सं., ललितपुर, साझा प्रकाशन-०४९ ।

खनाल यदुनाथ, समालोचनाको सिद्धान्त, पुल्चोक, साझा प्रकाशन पाँचौ सं. २०४९ ।

गैरे ईश्वरीप्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, (काठमाडौं, न्यू हिरा बुक्स इन्टरप्राइजेज -२०६० ।)

गौतम लक्ष्मणप्रसाद, चितवनको साहित्य सर्वेक्षण र विश्लेषण, (चितवन वाङ्मय प्रतिष्ठान, नेपाल, ०५२ ।)

चापागाई निनु, यथार्थवादी रचना, दृष्टिकोण र विवेचना, (काठमाडौं, दिल वरदान, महिम चापागाईं, ०५१ ।)

जोशी रत्नध्वज, आधुनिक नेपाली साहित्यको एक झलक, ते.सं. (काठमाडौं, साझा प्रकाशन, २०३९ ।)

त्रिपाठी वासुदेव (सम्पा), नेपाली साहित्यकोश, (ललितपुर, साझा प्रकाशन, २०५५ ।)

त्रिपाठी प्रा. डा. वासुदेव, दैवज्ञराज न्यौपाने, केशव सुवेदी, नेपाली कविता भाग-४, प्रथम सं., ( ललितपुर, साझा प्रकाशन, २०४६ ।)

त्रिपाठी प्रा. डा. वासुदेवसमेत नेपाली कविता भाग-४, (ललितपुर, साझा प्रकाशन, दो.सं., २०५३ ।)

तिमल्सेना डा. पशुपति, युद्धप्रसाद मिश्र र उनका कविता, (काठमाडौं, एशिया पब्लिकेसन्स प्रा.लि. २०६५ ।)

थापा धर्मराज, चितवन दर्पण, (कमलादी, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०५० ।)

थापा हिंमाशु, साहियत्य परिचय, (ललितपुर, साझा प्रकाशन, चौधौं संस्करण, २०५० ।)

पराजुली कृष्णप्रसाद, राम्रो रचना मिठो नेपाली, बीसौं संस्करण, (काठमाडौं, सहयोगी प्रेस, त्रिपुरेश्वर, २०५४ ।)

पाण्डेय डा. ताराकान्त, गरिमा, वर्ष १८, अंक ३, (ललितपुर साझा प्रकाशन, फाल्गुण, २०५६ ।)

पाण्डेय डा. तारकान्त, प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ, (त्रि.वि. काठमाडौं, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध-०५५ ।)

पोखरेल बालकृष्ण, नेपाली बृहत शब्दकोश, (काठमाडौं, ने.रा.प्र.प्र. पाँचौ संस्करण, ०५८ ।)

पौड्याल कृष्णबिलास, साहित्य सिद्धान्त, (काठमाडौं, श्रीकृष्ण प्रकाशन, २०५९ ।)

प्रधान कृष्णचन्द्र सिंह (सम्पा), साझा समालोचना, (ललितपुर, साझा प्रकाशन, ०५२ ।)

मार्क्स-एङ्गेल्स, कम्युनिष्ट पार्टीको घोषणापत्र, अनु. कृष्णप्रकाश श्रेष्ठ, (मास्को, प्रगति प्रकाशन, ई. १९८२ ।)

मार्क्स-एङ्गेल्स, साहित्य र कला, अनु. राजेन्द्र मास्के र सुर्यप्रकाश पौडेल, (मास्को, प्रगति प्रकाशन, ई. १९८९ ।)

रेग्मी ध्रुवकिरण, अशान्तिले जन्माएको सेतो चोली, (क्यालिफोर्निया, शान्ता अधिकारी, ०६४ ।)

रेग्मी ध्रुवकिरण, दरिद्रताको परिवेश, (चितवन साहित्य संगम )

रेग्मी ध्रुवकिरण, नारी पिडा, (चितवन, श्रीमती चीजा रेग्मी-०५२ ।)

रेग्मी ध्रुवकिरण, मेरो बिबू, इन्जेक्सन र इमर्जेन्सी, (चितवन, सुमन अधिकारी, ०६५ ।)

बन्धु चुडामणी, नेपाली लोक साहित्य, (काठमाडौं, एकता बुक्स, ०५८ ।)

शर्मा बालचन्द्र (सम्पा), नेपाली शब्दकोश, (काठमाडौं, सृष्टि प्रकाशन, ०५७ ।)

शर्मा मोहनराज, समकालिन समालोचना र प्रयोग, (काठमाडौं, ने.रा.प्र.प्र. ०५५ ।)

शर्मा मोहनराज, शैली विज्ञान, (काठमाडौं, ने.रा.प्र.प्र. ०४८ ।)

श्रेष्ठ इश्वरकुमार, पूर्वीय एवं पाश्चात्य साहित्य-समालोचना प्रमुख वाद र प्रणाली, द्वितीय संस्करण, ( ललितपुर, साझा प्रकाशन, ०५४ ।)

श्रेष्ठ डा. दयाराम, प्रा. मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, (ललितपुर, साझा प्रकाशन, पाँचौ संस्करण, ०५६ ।)

श्रेष्ठ डा. दयाराम, प्रा. मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, (ललितपुर, साझा प्रकाशन, चौथो संस्करण, ०५६ ।)

सिंह शिवकिरण, स्वच्छन्दवाद एवं छायावादको तुलनात्मक अध्ययन, (वारायणसी, नारायण प्रकाशन, ई. १९६५ ।)